साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३२ ✪ अङ्क ५३ ✪ ६ माघ २०८२, मङ्गलबार ✪ 20 January 2026, Tuesday ✪ मूल्य रू. १०।-

## देश विदेशको अनुभव र अनुसन्धानले अपार जनधनको क्षतिमा कम हुने




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भएको दुईदिने भूकम्प विज्ञान र विपद्पछिको पुन: निर्माणबारे चौथो अन्तर्राष्ट्रिय सम्मेलनको सोमबार शुभारम्भ भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले कलेज तथा विश्वविद्यालयहरूको आयोजनामा हुने शोध, अनुसन्धान, सम्मेलनहरू विश्वविद्यालयको नियमित गतिविधिहरू भइरहनुपर्ने उल्लेख गर्दै देश र विदेशका सम्बन्धित विशेषज्ञहरूको अनुभव र अनुसन्धानबारे छलफल, विचार विमर्शले नयाँ नयाँ समस्याहरूको समाधानको बाटो खुल्दै जाने बताउनुभयो ।

बाँकी पृष्ठ ११ मा

## भेनेजुयलामाथिको पछिल्लो हमलाले अमेरिकाको बर्बरता उदाङ्गियो



भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिको आयोजनामा बुधबार जिल्लास्तरीय कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अमेरिकी पुँजीपतिवर्गको स्वार्थमा त्यहाँका राष्ट्रपति ट्रम्पले संसारमा अशान्ति मच्चाइरहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले प्रस्ट भाषामा भन्नुभयो, “ट्रम्प अमेरिकी पुँजीपतिवर्गको बुँख्याचा हो ।”

दक्षिण अमेरिकालाई सदा दबाब र प्रभावमा राख्ने संरा अमेरिकी साम्राज्यवादको पुरानै घोषित नीति हो भन्दै अध्यक्ष रोहितले साम्राज्यवादविरुद्ध ल्याटिन अमेरिकाबाट नै चे ग्वे भाराजस्ता योद्धाहरूको जन्म भएको र क्युवाली क्रान्तिले साम्राज्यवादविरोधी आन्दोलनमा उत्साह थपिदिएको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “भेनेजुयलामाथिको पछिल्लो हमलाले अमेरिकाको बर्बरता उदाङ्गो पारेको छ ।”

अध्यक्ष रोहितले नेमकिपा निरन्तर साम्राज्यवादी युद्धको विरुद्ध उभिँदै आएका दृष्टान्तहरू प्रस्तुत गर्दै भन्नुभयो, “आज छिमेकीलाई पर्दा, मित्रलाई पर्दा बोलेनौँ भने हामीलाई पर्दा पनि कसैले बोल्नेछैन । अन्याय गरेको देख्दा समेत नबोल्नु भनेको अन्यायीलाई साथ दिनु हो । साना तथा कमजोर देशहरूमाथि शक्तिशाली तथा ठुलो देशबाट अत्याचार भइरहेको छ । त्यसको विरोध नेमकिपा गर्छ । यसकारण, हामी भेनेजुयलाको सम्प्रभुत्ता रक्षा र त्यहाँका जनताको स्वतन्त्रताको पक्षमा बोल्छौँ । अत्याचार सहेर बस्नु र अन्याय हुँदा चुप लाग्नु कायरता हो । नेमकिपा आफ्नो अन्तर्राष्ट्रिय कर्तव्य पूरा गर्छ ।”

अध्यक्ष रोहितले पुँजीवादी निर्वाचनबाट समाजवादमा पुग्न नसक्ने पुन: स्पष्ट पार्दै जनतालाई राजनीतिक शिक्षा प्रदान गर्न र जनताको सङ्घर्ष माथि उठाउन निर्वाचनलाई नेमकिपाले उपयोग गर्दै आएको हो भन्नुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले राजनीतिक कार्यकर्तामा स्पष्ट विचार तथा अडान हुनुपर्ने बताउनुभयो ।

उहाँले निर्वाचन घोषणापत्रको लडाइँ भएको विचार व्यक्त गर्दै शासकवर्गका झूटा आश्वासन, प्रलोभन तथा धम्कीको अगाडि झुक्न नहुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, “शासकवर्गका जनविरोधी, देशघाती तथा अपराधहरू उदाङ्गो पारी जनतालाई सचेत बनाउने अवसरको रूपमा निर्वाचनलाई उपयोग गर्न जरूरी छ ।”

निर्वाचन आचारसंहिताबारे राम्रो जानकारी राख्नुपर्ने आवश्यकतामाथि

बाँकी पृष्ठ १२ मा

## सरकारी संस्था तथा उद्योगहरू निजीकरण गरेर देशको अर्थतन्त्र सुदृढ नहुने




भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घको पेसागत सङ्गठन भक्तपुर सिकर्मी सङ्घको १३ औँ वार्षिक बृहत् सिकर्मी भेला तथा प्रशिक्षणात्मक कार्यक्रम पुस २९ गते एक समारोहबिच सम्पन्न भयो ।

उक्त कार्यक्रमको समुद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “सरकारले सिकर्मीहरूलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरी नेपालमा नै फर्निचर उत्पादनमा जोड दिनु जरुरी छ । यसको लागि फर्निचर आयात र काठ निर्यातमा नियन्त्रण गर्नु आवश्यक छ ।”

उहाँले सरकारले युवालाई वैदेशिक रोजगारीमा पठाउने होइन देशभित्र रोजगारीको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउँदै उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी व्यवस्थामा करमुक्त हुने उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपाले देश र जनताको नि:स्वार्थ सेवा गर्ने राजनीतिलाई जोड दिँदै आएको बताउनुभयो । “पैतीस वर्षयता सरकारमा गएका तथा प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूको आर्थिक र विदेश मामिला उही रह्यो, फरक भए पनि सरकारहरूले सार्वजनिक संस्थान निजीकरण गरे भने देश र जनतालाई २८ खर्ब रुपैयाँ ऋण बोकाए । ऋण तिर्न ऋण ल्याउने सरकारहरूबाट देश र जनतालाई भड्खालोमा हाल्ने काम भइरहेको छ,” सचिव सुवालले भन्नुभयो ।

उहाँले भक्तपुर किसान आन्दोलन, सफाइ आन्दोलन र विदेशी हस्तक्षेपविरुद्धको आन्दोलनको थलो हो भन्नुभयो । नेमकिपाका अग्रजहरूले अघि बढाउनुभएको किसान आन्दोलनको कारण भक्तपुरका किसानहरूको जीवनमा परिवर्तन आएको हो । यो यथार्थबारे नयाँ पुस्तालाई शिक्षित गर्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

सरकारमा गएका प्रधानमन्त्री र मन्त्रीहरूले देश र जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित विध्वंसबारे पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको सडक प्रदर्शनमा घुसपैठ र आगजनी भएकोमा चिन्ता व्यक्त गर्दै उहाँले विध्वंसमा अमेरिकी ज्यावलहरू एनईडी र आईआरआईको संलग्नता रहेको पनि सार्वजनिक भएको उल्लेख गर्नुभयो ।

जनता स्वदेशमै बसेर आफ्नो जीवन निर्वाह गर्न तयार भए पनि बिचौलियाहरूको कमिसनको चक्करमा शासकहरू फसेको कारण युवाहरू बाध्य भएर विदेश पलायन भइरहेको उल्लेख गर्दै सचिव सुवालले भन्नुभयो, “देशका सरकारी संस्था तथा उद्योगहरू निजीकरण

बाँकी पृष्ठ १२ मा

## कमैया मुक्ति कि मोहियानी हकबाट बञ्चित गर्ने षड्यन्त्र !

**विवेक**

नेपालमा कमैयामुक्ति घोषणा गरेको २५ वर्ष पूरा भयो तर कमैयाहरूको जीवनमा आर्थिक, सांस्कृतिक र राजनैतिक रूपमा कुनै परिवर्तन आएको छैन । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले संसद्बाट कमैया मुक्तिको घोषणा गरेको थियो । त्यतिबेला कतिले खुशी व्यक्त गरेका थिए तर नेपाल मजदुर किसान पार्टीले कमैया मुक्तिको त्यो घोषणालाई लिएर ‘कमैयामुक्ति ठूलो षड्यन्त्र’ भएको बताएको थियो । कति आफूलाई सचेत नागरिक दाबी गर्नेहरूले नेपाल मजदुर किसान पार्टीको त्यो विचारलाई लिएर अनेकौँ नकारात्मक टिका टिप्पणी नगरेका होइनन् ।

२५ वर्षको अवधिको मूल्याङ्कन गर्ने हो भने कमैया मुक्ति साँच्चै एक षड्यन्त्र साबित भएको छ । कमैया परिवार जमिनदारहरूको घरमा बसेर खेतीको काम गर्थे । उनीहरू सबै जोताहा थिए । जोताहाहरू मोही हुन् । तत्कालीन भूमिसम्बन्धी ऐनमा जग्गा धनीको जग्गा एक वर्षसम्म मुख्य बाली कमाएको खण्डमा त्यो मोही हुने व्यवस्था थियो । बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङलगायतमा बसोबास गर्ने ती हजारौँ कमैयाहरू जोताहा थिए । उनीहरू मोही हक पाउने हकदार थिए । राजनैतिक रूपमा उनीहरू सचेत भएको भए मोहियानी हकको माग गर्ने थिए र जग्गाधनीहरू मोहियानी हक दिन बाध्य हुन्थे ।

नेका, एमाले, राप्रपाका नेताहरू अधिकांश जमिनदारहरू वर्गकै थिए । उनीहरू जोताहा किसानलाई मोहियानी हक दिन चाहँदैनथे । मोहियानी हक पाउनुको अर्थ कानुनबमोजिम बाली बुझाए पुग्ने र जग्गामा २५ प्रतिशत स्वामित्व कायम हुने हो । पछि किसान आन्दोलन अगाडि बढेपछि मोही र जग्गाधनीलाई आधा आधा स्वामित्व हुने कानुनी बन्दोबस्त गरियो र पछिलो संशोधनले द्वैधस्वामित्व अन्त्यको नाउँमा जतिसुकै वर्ष जग्गा कमाइए पनि मोहियानी हक कायम हुन नसक्ने व्यवस्था गरियो । अहिलेको भूमिसम्बन्धी ऐनमा मोहियानी हक कायम हुने व्यवस्था हटाइएको छ ।

२०२१ सालमा भूमिसुधार लागू भएपछि नेपालमा सबभन्दा राम्रो भूमिसुधार लागू भएका जिल्लामा भक्तपुर र दाङ हो । सोझा सिधा किसानहरू जमिनदार वा जग्गा धनीदेखि डराउँथे । किसानहरू आफैले मोहीमा नाम लेखाउन सम्भव थिएन । त्यतिबेला नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले खेत खेतमा गएर किसानहरूको नाम मोही महलमा लेख्न मद्दत गरे । भक्तपुरका अधिकांश किसानहरूको मोहियानी हक सुरक्षित भएको छ । भक्तपुरका किसानहरूको जीवनस्तर परिवर्तन हुनुमा मोहियानी हक सुरक्षित

बाँकी पृष्ठ ११ मा

## शिक्षालाई उत्पादन प्रणालीसँग नजोडेसम्म उच्च शिक्षाको समस्या समाधान नहुने

काठमाडौँ । सरकारी विशेषज्ञ समूह मानिएको नीति अनुसन्धान प्रतिष्ठानले आइतबार नेपालमा विश्वविद्यालयहरूका शासकीय प्रणालीमा सुधारका उपाय विषयमा सार्वजनिक नीति संवाद सम्पन्न गरेको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीको तर्फबाट पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले शिक्षालाई उत्पादन प्रणालीसँग नजोडेसम्म उच्च शिक्षाको समस्या समाधान नहुने धारणा राख्नुभयो ।

उहाँले उच्च शिक्षाको जिम्मेवारी राज्यले लिनुपर्ने भन्दै शिक्षामा भइरहेको व्यापारीकरणको अन्त्य हुनुपर्ने विचार राख्नुभयो । उहाँले त्रिविले ५ लाख विद्यार्थी धान्नु परेको कारण व्यवस्थापन गर्न नसकेको भन्ने सरकारले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने भन्दै अगाडि सारिएको ख्वप विश्वविद्यालयको विधेयक १५ वर्षदेखि थन्क्याइएको उल्लेख गर्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले विश्व बैङ्क तथा एडीबीको निर्देशनमा बनेका उच्च शिक्षाका शासकीय स्वरूप असफल भइसकेको भन्दै शासक दलहरूको राजनीतिक हस्तक्षेप, भागबन्डाकै कारण उच्च शिक्षा कमजोर भएको तर्क गर्नुभयो । उहाँले प्रधानमन्त्री विश्वविद्यालयहरूका कुलपति हुने परिपाटी बन्द हुनुपर्ने भन्दै कुलपति, शिक्षाध्यक्षलगायतका पदमा प्रतिस्पर्धा वा निर्वाचन गरेर चयन गर्नुपर्ने विचार राख्नुभयो ।

बाँकी पृष्ठ १२ मा



माओ त्सेतुङ

कम्युनिस्टहरू सबैभन्दा दूरदर्शी, सबैभन्दा आत्मत्यागी, सबैभन्दा दृढ र परिस्थितिलाई अनुकूल आकार दिनमा सबैभन्दा कम पूर्वाग्रही हुनुपर्छ र बहुसङ्ख्यक जनतामा भर पर्नुपर्छ र उनीहरूको समर्थन जित्नुपर्छ ।

## सम्पादकीय

# देशको भविष्य कता जाँदै छ, मुख्य विषय यही हो !

हरेक घटनाका राम्रा र नराम्रा परिणामहरू हुन्छन् । 'नयाँ पुस्ताको उपद्रव' मा 'घुसपैठियाहरूले गरेको' भनिए तापनि, नेपथ्यबाट विभिन्न देशको 'नयाँ पुस्ता' वा 'रङ्गीन' र 'सुन्तला' को नाम दिए पनि अहिले इरानको राजनैतिक उपद्रवमा संरा अमेरिकी प्रशासनका नेता ट्रम्पको हात रहेको प्रस्ट हुँदै छ । संरा अमेरिकी प्रशासनले विभिन्न देशको आन्तरिक मामलामा हस्तक्षेप' मात्रै होइन हाकाहाकी सरकार फेर्न पनि अऱ्हाउन थाल्यो । राष्ट्रपति ट्रम्प ग्रीनल्यान्डलाई सिधै कब्जा गर्ने भन्दै छन् भने अमेरिकी कम्पनीहरूलाई तेल बेच्न भेनेजुयाली उपराष्ट्रपतिलाई बाध्य पार्दै छन् ।

विस्तारवादी र साम्राज्यवादी इतिहासको पाङ्ग्रा १५-१६ औँ र १८-१९ औँ शताब्दीतिर मोडिँदै छ । यसो गर्ने साहस अमेरिकी प्रशासनलाई कहाँबाट आयो !? सोभियत सङ्घमा समाजवादको राप र ताप भएसम्म साम्राज्यवादी शक्ति आ-आफ्नो घरमा सीमित भइसकेको थियो । स्तालिनलाई साम्राज्यवादीहरूको हतियारले जित्न नसकिने भएपछि स्तालिनलाई उनकै गृहमन्त्री र विदेशी गुप्तचरहरूले 'विष' प्रयोग गरी हत्या गरे त्यसपछिका नयाँ पुस्ताका किरोभ भन्ने मजदुर नेता नेतृत्वमा आउने सम्भावना भएपछि त्रोत्स्कीहरूले किरोभका हत्या गरेका थिए । यसको स्वीकारोक्ति पक्राउ परेका त्रोत्स्की गुटका कामेनेभ, जिनोभियम, बुखारिन आदिले त्यसबेलाको अदालतमा गरेका थिए । त्यस कारबाहीको बेला तत्कालीन अमेरिकी राष्ट्रपति रूज्वेल्टका राजदूत पनि अदालतमा थिए । (गुप्त दस्ताबेजहरू, सोभियत कम्युनिस्ट पार्टीको अभिलेखालयका दस्ताबेजहरू अमेरिकाले अन्वेषकहरूको निम्ति खुला गरेपछि थाहा भएको थियो ।)

त्यस्तै स्तालिनका अङ्गरक्षकको पुस्तक प्रकाशन भएपछि सोभियत सङ्घलाई विश्वासघात गर्ने ख्रुश्चेभ गुटका कम्युनिस्टहरूबारे धेरै कुरा बाहिर आएको थियो ।

विभिन्न उद्देश्यहरूको निम्ति हुने त्यस्ता हत्याकाण्ड र आपसमा भिडाउने षड्यन्त्रहरू संसारका हरेक दरबार र राजनैतिक दलहरूमा भइआएका घटनाहरू भारतलगायत अन्य देशमा पनि छन् । चाणक्यका आचार्य विष्णुगुप्तबारे दक्षिण भारतीय देशहरूलाई थाहा नभएको विषय होइन ।

राजतन्त्रात्मकबाट पुँजीवादी देश भएजस्तै समाजवादी देशहरूलाई पुँजीवादी गुटहरूबाट एकपछि अर्को गर्दै पुँजीवादमा पतन गराएरै छोडे । हुँदा हुँदा सोभियत सङ्घ र रूसी समाजवादलाई पनि 'मुखले कम्युनिस्ट जप्ने, काम भने पुँजीवादको सेवा गर्नेहरू' ले तत्कालीन समाजवादी शिविरलाई आपसमा जुधाएर ध्वस्त पारे ।

त्यसबेला भनिन्थ्यो, "सोभियत कम्युनिस्ट पार्टीको नेतृत्व आन्तरिक रूपमा पुँजीवादी थियो र बाहिरी रूपले 'आणविक युद्ध' बाट तर्सेर पुँजीवादको अगाडि आत्मसर्मपण गरिएको थियो । सोभियत नेतृत्वलाई धुजाधुजा पारेपछि अमेरिकी साम्राज्यवाद र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) अर्थात् युरोपेली साम्राज्यवादी देशहरूले अमेरिकाको नेतृत्वमा सोभियत सङ्घका पश्चिमी समाजवादी देशहरू अर्थात् पूर्वी जर्मनी, पोल्यान्ड, हङ्गेरी, चेकोस्लाभाकिया, युगोस्लाभिया, रोमानिया, बुल्गेरिया र अल्बानियालाई गृहयुद्धहरूमार्फत पुँजीवादी देशमा पतन गराए ।

तीनै शक्तिहरूले सोभियत सङ्घकै पश्चिमका आफ्ना गणतन्त्रहरू इस्तोनियादेखि युक्रेनसम्म र त्यसपछि एक एक पाइला गरेर दक्षिणका गणतन्त्रहरू दक्षिण पूर्वका उज्वेकिस्तान, कजाकिस्तान, अजरवैजान र तुर्कमेनिस्तानलाई पनि स्वतन्त्रताको नाउँमा पुँजीवादको पुनः स्थापना गराए ।

आज पुनः संरा अमेरिका र नाटो देशहरू युक्रेनको काँधमा बन्दुक बिसाएर रूसलाई पनि टुक्रा टुक्रा गरेर आफूहरूमा मिलाउन चाहन्छन् । समय र परिस्थितिले बुझेर वा नबुझेर पुँजीवादी योजना वा षड्यन्त्र सफल भएमा संसार आजभन्दा धेरै अन्धकार हुने निश्चित छ ।

'नयाँ पुस्ता' ले सम्भवतः जानीबुझी यी सबै विषयमा छलफलमा अगाडि ल्याएको छैन । अब संरा अमेरिकालाई हिजो जस्तो 'प्रजातन्त्र' को नाममा अरूमाथि आक्रमण गर्नुपर्ने छैन, जसरी क्यानडा र ग्रीनल्यान्डलाई आफूमा मिलाउन फकाउँदै छन् । संसारलाई भेनेजुयलाको उदाहरण दिएर तर्साउँदै छ-ट्रम्प प्रशासन ।

नेपाली काङ्ग्रेस टुक्र्यो वा टुक्रेनभन्दा पनि अबको नेकाको नेतृत्व ट्रम्पको शिविरमा जाने हो वा स्वतन्त्र नेपालको पक्षमा जाने त्यो हेर्नुपर्नेछ । यसैमा 'घण्टी' र अन्य नयाँ दलहरूलाई हेर्न आवश्यक छ ।

# निर्वाचन 'भष्मासुर' लाई वरदान होइन

✍ प्रज्ज्वल

राजनीति सबै नीतिको मुख्य नीति हो । राजनीतिक पार्टीहरूको आर्थिक र विदेश मामिला स्पष्ट हुनु आवश्यक छ । पैतीस वर्षयता नेपालको सरकारमा गएका पार्टीहरूको नाम र नेता फरक भए पनि तिनीहरूको आर्थिक र वैदेशिक मामिला फरक भएन । वि.स. २०७९ को प्रतिनिधिसभाको निर्वाचनलगत्तै एमाले, माओवादी, रास्वपा, राप्रपा र केही मधेसवादी दलको समर्थनमा पुष्पकमल दाहाल प्रधानमन्त्री भए । यो सरकारमा नयाँ भनिएका रास्वपाका रवि लामिछाने र राप्रपाका राजेन्द्र लिङ्देन उपप्रधानमन्त्री भए । महिना दिनपछि दाहाल नेकाको समर्थनमा प्रधानमन्त्री भए । सरकारी पदहरू भागबन्डा गर्न अभ्यस्त शासक दलहरू अन्ततः संसद्मा बढी सदस्य सङ्ख्या भएको पहिलो दल नेकाको समर्थनमा दोस्रो दल एमालेका ओली प्रधानमन्त्री बने ।

परिणाम भदौ २३ गते नयाँ पुस्ताको नाममा सडक प्रदर्शन भयो र दोहोरो भिडन्त हुँदा काठमाडौँ बानेश्वरमा १७ जना र सुनसरी,

शासक दलहरूको सिद्धान्तहीन मोर्चा र सत्ता गठबन्धनको कारण देशमा आजको राजनीतिक र आर्थिक अन्योल उत्पन्न भएको हो । तत्काललाई राजनीतिक निकास फागुन २१ गतेको निर्वाचन नै हो । भदौ २३ र २४ गतेको विध्वंसपछि एमालेको १४ औँ महाधिवेशन मङ्सिर २७ गते सुरु गरी सम्पन्न गरियो । नेतृत्व चयनमा एमालेका ईश्वर पोखरेललगायत कृष्णगोपाल श्रेष्ठ, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, कर्ण थापासमेत ओलीको विकल्पमा उभिए । तर, नेतृत्वमा ओली नै आए । परिणाम प्रत्यक्ष उम्मेदवारीमा ओलीको विपक्षमा उभिएकालाई छायाँमा पारेको सार्वजनिक भयो । पूर्वराष्ट्रपति विद्या भण्डारी पनि ओलीको विकल्पमा आउन खोजेकी थिइन् तर भण्डारीको पार्टी सदस्यता नवीकरण नै अमान्य बनाइयो ।

इटहरीमा १ जनाको ज्यान गयो । भदौ २४ गते देशभरि आगजनी भयो । एमालेका प्रधानमन्त्री केपी ओली राजीनामा दिएर सैनिक हेलिकप्टरमा बसेर 'बेपत्ता' भए । भदौ २४ गते रातिबाट 'नयाँ पुस्ता' का प्रतिनिधि र नेपाली सेनाबिच वार्ता भयो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की चुनावी सरकारको प्रधानमन्त्री हुने सार्वजनिक भयो । नेपाली सेनाबाट राष्ट्रपति रामचन्द्र पौडेलको पनि राजीनामा मागिएको सार्वजनिक भयो । भदौ २६ गते कर्फ्युकै बेला सुशीला कार्की, ओम अर्याल, अभिषेक प्रताप सिंहको टोलीलाई राति ११:३० बजे काठमाडौँ मल्ल होटल अगाडि सडकमा भेट गरेपछि कार्की अन्तरिम सरकारको प्रधानमन्त्री 'पक्का' भयो । भदौ २७ गते बेलुका राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई निर्वाचन सरकारको प्रधानमन्त्रीमा नियुक्ति गरे । प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन र फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुने मिति तय गरे । तर, भदौ २६ गते राति ११:३० बजे कार्की, अर्याल र सिंहले काठमाडौँ मल्ल होटल अगाडि सडकमा भेटेका मानिसको पहिचान अझै खुलेन ।

निर्वाचन कार्यतालिकाअनुसार भदौ १३ गतेबाट समानुपातिक सदस्यको उम्मेदवारी दर्ता सुरु भयो । नेपाली काङ्ग्रेसका दुईतिहाइ महाधिवेशन सदस्यहरूको आह्वानअनुसार विशेष महाधिवेशन पुस २७ देखि ३० सम्म काठमाडौँमा सम्पन्न गरियो । सो महाधिवेशनबाट नेकाका गगन थापा सभापतिमा छानिए । यसलाई निर्वाचन आयोगले मान्यता दियो । तर, नेकाको सभापति शेरबहादुर देउवा पक्षले स्वीकार गरेन र गगन थापा, विश्वप्रकाश शर्मा, फर्मुला मंसुरलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गऱ्यो । कोइराला पक्षको नेतृत्व गरेका शेखर कोइराला विशेष महाधिवेशनमा उपस्थित नभए पनि अन्ततः गगन पक्षमा पुगे ।

निर्वाचन कार्यतालिकाअनुसार माघ ६ गते देशभरि १६५ क्षेत्रमा प्रत्यक्ष उम्मेदवारी दर्ता हुँदै छ । देउवा पक्षले माघ ४ गते गगन सभापतिमा चयन भएको महाधिवेशनलाई खारेज गर्नुपर्ने माग राखी सर्वोच्च अदालतमा निवेदन दर्ता गरायो । सर्वोच्चले यसबारे माघ ६ गते पेशी दियो । देउवा पक्षले माघ ५ गते निर्वाचन आयोगमा निवेदन दिँदै फागुन २१ गते हुने निर्वाचनको सम्पूर्ण प्रक्रिया स्थगन गर्न माग गऱ्यो । सर्वोच्च अदालतले माघ ६ गते कुनै आदेश भएमा बाहेक निर्वाचन प्रक्रिया स्थगन हुने सम्भावना छैन । नेकाभित्र पहिलेदेखिको देउवा, शेखरसँगै नयाँ सभापति गगनबिच प्रत्यक्ष उम्मेदवारी भागबन्डाबारे सहमति गरिएको पनि सार्वजनिक भयो । यसकारण, निर्वाचन स्थगन हुने अवस्था छैन ।

शासक दलहरूको सिद्धान्तहीन मोर्चा र सत्ता गठबन्धनको कारण देशमा आजको राजनीतिक र आर्थिक अन्योल उत्पन्न भएको हो । तत्काललाई राजनीतिक निकास फागुन २१ गतेको निर्वाचन नै हो । भदौ २३ र २४ गतेको विध्वंसपछि एमालेको १४ औँ महाधिवेशन मङ्सिर २७ गते सुरु गरी सम्पन्न गरियो । नेतृत्व चयनमा एमालेका ईश्वर पोखरेललगायत कृष्णगोपाल श्रेष्ठ, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, कर्ण थापासमेत ओलीको विकल्पमा उभिए । तर, नेतृत्वमा ओली नै आए । परिणाम प्रत्यक्ष उम्मेदवारीमा ओलीको विपक्षमा उभिएकालाई छायाँमा पारेको सार्वजनिक भयो । पूर्वराष्ट्रपति विद्या भण्डारी पनि ओलीको विकल्पमा आउन खोजेकी थिइन् तर भण्डारीको पार्टी सदस्यता नवीकरण नै अमान्य बनाइयो ।


निर्वाचन क्षेत्रमा उम्मेदवारी छनोट गर्ने जिम्मेवारी ओलीलाई नै दिइएको सार्वजनिक भयो । यसको अर्थ ईश्वर पोखरेल, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, कृष्णगोपाल श्रेष्ठलाई ओलीसामु घुँडा टेकाएर उम्मेदवार बनाइने पनि सार्वजनिक भयो ।

दाहालको नेतृत्वमा माओवादीले विसं २०५२ देखि २०६३ सम्म सशस्त्र द्वन्द्व गरेको बेला १७ हजार नेपालीको ज्यान गएको थियो । यही द्वन्द्वको फाइदा उठाउँदै दाहाल २०६५ सालयता तीनपटक प्रधानमन्त्री भए । दाहालका सहयोद्धा बाबुराम भट्टराई पनि एक पटक प्रधानमन्त्री भए । कार्कीलाई चुनाव सरकारको प्रम बनाउन दाहाल र भट्टराई दुबै लागेका थिए । भदौ २७ गते बेलुका निर्वाचन सरकारका प्रम कार्कीको शपथग्रहण कार्यक्रममा भट्टराई राष्ट्रपति निवासमा समेत पुगेका थिए ।

विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा भट्टराईले गोरखा २ मा दाहाललाई साथ दिएका थिए । २०६३ सालमा नेपालको संविधान पारित भएयता दाहाल र भट्टराईबिच नजिक र दूरी कायम भइरहेको छ । यसपटक दाहालले गोरखा २ मा भट्टराईलाई साथ दिने सङ्केत छ ।

यसपालि पनि शासक दलहरूबिच कतिपय निर्वाचन क्षेत्रमा सिद्धान्तहीन चुनावी मोर्चा हुने सार्वजनिक भइरहेको छ । पैतीस वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएर देशलाई रसातलमा पुऱ्याएका नयाँ र पुरानो पकडी लगाएका शासक दलहरू र तिनका उम्मेदवारहरूलाई नेपाली जनताले अब मत दिनु 'भष्मासुर' लाई वरदानजस्तै हुनेछ । जनता सचेत हुनु जरुरी छ ।

# प्राकृतिक प्रकोप, खडेरी, युद्ध, द्वन्द्वलगायतका कारण मानिसहरू बसाइँ सर्न बाध्य




शुक्र

खाद्यान्नबिना मानिस बाँच्न कठिन छ । विश्वमा अहिले आठ अर्ब मानिस छन् । सन् २०५० सम्म १० अर्ब पुग्ने अनुमान गरिएको छ । अहिले करिब ६७ करोड ३० लाख मानिस हरेक रात भोकै सुत्नुपर्ने एक तथ्याङ्कले देखायो ।

प्राकृतिक प्रकोप, खडेरी, युद्ध, द्वन्द्वलगायतका कारण मानिसहरू बसाइँ सर्न बाध्य छन् । विश्वका २० देशका विभिन्न भूभागमा द्वन्द्व र असुरक्षाका कारण भोकमरी बढिरहेको छ । जसले करिब १४ करोड मानिस तीव्र खाद्य असुरक्षामा धकेलिरहेका छन् । पछिल्लो ३३ वर्षमा अनेकन प्राकृतिक विपत्तिले विश्वभरमा कृषि क्षेत्र अनुमानित ३.२६ ट्रिलियन अमेरिकी डलर बराबरको क्षति पुऱ्यायो ।

अमेरिकी साम्राज्यवादको आक्रमणले गाजा र सुडानका लाखौँ नागरिक मृत्यु र बसाइँ सर्न बाध्य भए । विश्वलाई नै तहसनहस गर्ने यस्ता युद्धले खाद्य असुरक्षा बढाइरहेको छ ।

खाद्यान्नको बढ्दो माग धान्न बढी उत्पादन दिने बाली विकास गर्नु जरुरी छ । धेरै मल, धेरै विषादी र धेरै पानीको प्रयोगले अनावश्यक फोहोर उत्पादन, नदी प्रदूषण, माटो क्षय र हरितगृह ग्यासको बढ्दो उत्सर्जन निम्त्याएको छ । उत्पादनलाई विविधीकरण गर्न आवश्यक ज्ञान र उपकरणहरूको विकास भए पनि सर्वसाधारण जनताको पहुँच बाहिर रहँदा खाद्यान्न उत्पादन बढाउन सकेको छैन ।


सन् १९९० देखि २०२० को अवधिमा मलको प्रयोग ४६ प्रतिशतले बढ्यो र विषादी दोब्बर भयो तर बालीले मलका पोषक तत्त्वमध्ये ३०-६० प्रतिशत र विषादीको २०-७० प्रतिशत मात्र प्रभावकारी रूपमा सोच्न सक्यो, बाँकी नदीमा बग्यो, माटो बिगाऱ्यो अथवा हरितगृह ग्यास उत्सर्जन भयो ।

कम हुँदै गइहरेको कृषि क्षेत्रको कम स्रोतबाट बढी उत्पादन गर्नुपर्छ । हरेक थोपा पानीबाट बढी बाली, हरेक किलोग्राम मलबाट बढी क्यालोरी र हरेक हेक्टर जमिनबाट बढी पोषण प्राप्त हुने बालीको विकासमा वैज्ञानिकहरू लाग्नु जरुरी छ ।

यो हरेक मौसम, हरेक स्थानमा लागु हुने किसिमले माटो, पानी, बालीको विकासमा नेपाली कृषि वैज्ञानिकको ध्यान गएको छैन । शासक दलहरूको अकर्मण्यताले पञ्चायतमा खाद्यान्न निर्यात गर्ने देश बहुदलको ३५ वर्षमा परनिर्भरमा पुऱ्यायो । कृषिप्रधान देशमा भारतबाट आयात गरिएको विषादी भएको खाद्यान्न खान बाध्य हुनु दुःखद हो ।

छिमेकी देश चीनले बढी उत्पादन हुने बालीको विकास गरेका समाचार आइरहेका छन् । नेपाल सरकारले कृषि अनुसन्धान परिषद् ( नास्ट) का वैज्ञानिकहरूलाई काममा लगाउने योजना नबनाएकै कारण देश कृषिमा परनिर्भर भइरहेको हो ।

# भक्तपुर नगरपालिकाको शैक्षिक स्थिति




चार करोड रुपैयाँभन्दा बढीको छात्रवृत्ति वितरण गर्दै आएको पालिकाको शैक्षिक मोडेल !

यो मोडललाई संघीय नीतिले कसरी गर्न सक्छ संस्थागत ?

सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरी दियो भने उत्पादनमूलक र सीपमूलक जनशक्ति उत्पादनमा केन्द्रित हुनेछ । गुणस्तरीय शिक्षामा सबैको पहुँच पुग्ने मुलुकलाई आत्मनिर्भर बनाउने शिक्षा हुनेछ र ख्वप विश्वविद्यालय अध्ययनसँगै नयाँ नयाँ अनुसन्धानमा केन्द्रित विश्वविद्यालय हुनेछ ।

अन्तर्वार्ता

*(भक्तपुर टाइम्स, चाँगुपत्र साप्ताहिक र एडु खबर डटकमका लागि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले दिनुभएको अन्तर्वार्ता समय सान्दर्भिक भएकोले प्रकाशित गरिएको हो ।)*

लामो समयदेखि भक्तपुर नगरपालिकामा नेमकिपाको जित भइरहेको छ । राजनीतिक नेतृत्व स्थायित्व छ । यसले नगरपालिकाको शिक्षा नीतिमा कस्तो दीर्घकालीन प्रभाव परिरहेको छ ?

सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने, एक्काइसौँ शताब्दीका लागि योग्य, सक्षम र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने र भावी समाज सभ्य र सुसंस्कृत बनाउने नगरपालिकाको दीर्घकालीन उद्देश्य हो । त्यही उद्देश्य पूरा गर्न भक्तपुर नगरपालिकाले विभिन्न विषयका शैक्षिक संस्थाहरू सञ्चालन गरी शैक्षिक विकासको काम गरिरहेको छ ।

**भक्तपुर नगरपालिकाको शिक्षाको खास दर्शन के हो ?**

काम गरी खाने वर्गका सन्तानलाई पनि उच्च शिक्षामा सहज पहुँच पुऱ्याउने हाम्रो उद्देश्य हो । नगरका हरेक घरमा स्नातक वा सोसरहको योग्यता भएका नागरिक तयार गर्ने हाम्रो लक्ष्य हो । त्यो करिब पूरा भएको छ ।

'नगरपालिकाले सस्तोमा गुणस्तरीय शिक्षा' भन्ने अवधारणा बनाएको देखिन्छ । यसको मापन कसरी गरिन्छ ?

भक्तपुर नगरभित्र सरकारी र संस्थागत गरी ९२ वटा विद्यालयहरू सञ्चालनमा छन् । एसईईसम्म पढाइ हुने ६० वटा विद्यालयहरू छन् । २०८१ सालको एसईईको परिणाम हेर्ने हो भने १०० प्रतिशत आउने १९ वटा, ९०–९९ सम्म उत्तीर्ण हुने २१ वटा, ८०–९० प्रतिशत आउने ८ वटा र ६०-८० प्रतिशत आउने ५ वटा र ६० प्रतिशतभन्दा कम उत्तीर्ण हुने विद्यालय जम्मा ६ वटा मात्र छन् । कुल २ हजार ४१० ले एसईई दिएकोमा २ हजार १६९ जनाले पहिलो चरणमै उत्तीर्ण गरेका थिए । यो परीक्षा दिनेहरूमध्ये ८९.८८ प्रतिशत उत्तीर्ण हो ।

नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ गरी २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । ख्वप इ. कलेज पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित ११७ कलेजमध्ये सर्वोत्कृष्ट कलेज हो भने ख्वप कलेज अफ इन्जिनियरिङ त्रिविविअन्तर्गत सञ्चालित इन्जिनियरिङ कलेजहरूमध्ये दोस्रोमा पर्छ । यो वर्ष ख्वप कलेज अफ इन्जिनियरिङ सिभिल विभागका विद्यार्थी गौरव भुषाल सिभिल विभागको विश्वविद्यालय प्रथम हुन सफल भएको छ । ख्वप बहुप्राविधिक अध्ययन संस्थानले हरेक वर्ष उत्कृष्ट नतिजा ल्याइरहेको छ । यस वर्ष ३९ जनाले परीक्षा दिएकोमध्ये ३७ जना विशिष्ट श्रेणीमा र २ जना प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् । ख्वप कलेज अफ लको उत्तीर्ण प्रतिशत पनि तुलनात्मक रूपमा राम्रो छ । यस वर्षको हालै सार्वजनिक भएको परीक्षाफलअनुसार ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने ख्वप कलेजको १२ कक्षाको उत्तीर्ण प्रतिशत पनि हरेक वर्ष नेपालको उत्कृष्ट २० मध्येमा पर्छ । ख्वप कलेज पनि देशको राम्रा कलेजहरूमध्येमा पर्छ ।

**नगरपालिकाले सञ्चालन गरिरहेको शिक्षा मोडल अन्य स्थानीय तहका लागि नक्कलयोग्य छ ?**

शिक्षामा सबैले आआफ्नो तरिकाले विकास गर्नु आवश्यक छ । कसैको नक्कल गरेर होइन, मौलिक शैलीमा विकास गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।

**शिक्षामा लगानी गर्दा नाफाभन्दा सामाजिक प्रतिफललाई कसरी प्राथमिकता दिइने अभ्यास छ ?**

'शिक्षा व्यापार होइन, सेवा हो' भन्ने भावनाले हामी काम गर्दै छौँ । शिक्षाको प्रतिफल आजको भोलि नै देखिने होइन । ८।१० वर्षपछि मात्र उपलब्धि प्राप्त हुने क्षेत्र हो शिक्षा । भनपाले २०५६ सालमै शैक्षिक क्षेत्रमा हात हालेको थियो । अहिले भक्तपुरका जनतालाई मात्र होइन, देशभरका जनताका छोराछोरीहरूलाई कम शुल्कमा उच्च शिक्षा प्रदान गर्न सफल भएको छ । जनताको सेवालाई प्राथमिकतामा राखेर नै भनपाले शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आइरहेको छ ।

**सात हजारभन्दा बढी विद्यार्थी ख्वप सर्कलमा अध्ययनरत रहँदा भक्तपुरका र बाहिरी जिल्लाको अनुपात कति छन् ?**

भक्तपुर नगरपालिकाले २०५८ सालमा ख्वप कलेज, सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट स्वीकृति प्राप्त ख्वप इ. कलेज स्थापना गर्‍यो । २०६० सालमा नर्स र ओभरसिएरका लागि सीटीईभीटीबाट स्वीकृति लिएर ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, २०६७ सालतिर शारदा मावि/कलेज र २०७९ सालमा ख्वप कलेज अफ ल सञ्चालन गरी हाल नपाको पूर्ण स्वामित्वमा ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् । ७७ जिल्लाका ७ हजार ५०० भन्दा बढी विद्यार्थीहरू ती शैक्षिक संस्थाहरूमा अध्ययनरत छन् ।

भनपाले शिक्षालाई प्राथमिकतामा राखेर कलेजहरू सञ्चालन गरेपछि कलेज पढ्ने विद्यार्थीहरूमा छात्राहरूको सङ्ख्या उल्लेख वृद्धि भएको छ । नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल र ख्वप बहुप्राविधिक अध्ययन संस्थान तथा वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट गरी आठ वटा शैक्षिक संस्थाहरूमा जम्मा ४ हजार १८८ छात्र र ४ हजार ३५ जना छात्रा रहेका छन् अर्थात् छात्र ५०.९३ र छात्रा ४९.०७ प्रतिशत रहेका छन् ।

त्यस्तै कलेज पढ्ने विद्यार्थीहरूमध्ये भक्तपुर नगरभित्रका २० प्रतिशत र नगरभन्दा बाहिरका ८० प्रतिशत रहेको अनुमान गर्न सकिन्छ ।

**छात्रवृत्ति पाउने विद्यार्थी छनोटमा पारदर्शिता कसरी सुनिश्चित गरिएको छ ?**

गरिब तथा जेहनदार विद्यार्थीहरूलाई निश्चित प्रतिशत छात्रवृत्तिको व्यवस्था छ । हरेक सेमेस्टरको परीक्षामा प्रथम, दोस्रो र तेस्रो हुनेहरूको लागि स्वतः छात्रवृत्तिको व्यवस्था छ भने गरिब विद्यार्थीहरूको लागि छात्रवृत्ति छनोट समितिले प्रक्रिया पुऱ्याएर छात्रवृत्ति वितरण गर्छ । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा हामीले वर्षको ४ करोड रुपैयाँभन्दा बढीको छात्रवृत्ति वितरण गर्दै आएका छौँ ।

**समग्र नगरमा विद्याथी ड्रप आउट दर कति छ र त्यसलाई कसरी न्यूनीकरण गरिंदै छ ?**

विद्यालय छाड्ने विद्यार्थीको अनुपात बढ्दो छ । यो भक्तपुरको मात्र होइन, देशभरिकै समस्या हो । कलेज पढ्ने विद्यार्थीहरूमा भर्ना भएर बिचमा कक्षा छोड्ने विद्यार्थीहरूमा इन्जिनियरिङतर्फ २ देखि ५ प्रतिशत र अन्य विषयमा २५ देखि ३० प्रतिशत हुने अनुमान छ । त्यसरी कक्षा छोड्नेहरूमा छात्राहरूको तुलनामा छात्रहरूको सङ्ख्या बढी छ ।

**रू. ५ लाखसम्मको शैक्षिक ऋण कति विद्याथीले पाए ? कतिले उपयोग गरे ? अनि ती विद्यार्थीले नगरसँग कस्तो सामाजिक दायित्व बहन गर्छन् ?**

कुनै पनि विद्यार्थी गरिबीको कारण उच्च शिक्षाबाट बञ्चित हुन नपरोस् भनी भनपाले रु. ५ लाखसम्म शैक्षिक ऋणको व्यवस्था गर्दै आएको हो । २०७४ सालदेखि हालसम्म ८५० जना विद्यार्थीहरूलाई शैक्षिक ऋण स्वीकृति गरिसकेकोमा रु. १७ करोडभन्दा बढी ऋण प्रवाह भइसकेको छ भने ८५ जनाले साँवा ब्याज फिर्ता बुझाई पनि सकेका छन् ।

**इतिहास, भूगोल, नेपालभाषा विषयलाई किन विशेष प्राथमिकता ? यी विषय पढेका विद्यार्थीको रोजगार सम्भावनालाई विस्तार गर्ने योजना के बनाउनुभएको छ ?**

इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, नेपालभाषालगायत विषयलाई राज्यले प्राथमिकतामा नराखेको कारण ती विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या न्यून हुँदै गयो । भक्तपुर नगरपालिकाले देशको भविष्यको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने महत्त्वपूर्ण उद्देश्यले ती विषयहरू पढ्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्म पूर्णछात्रवृत्तिको व्यवस्था गरी उत्साहित गर्दै आएको हो । अहिले ती विषय अध्ययन गरेका विद्यार्थीहरूले राम्रै रोजगारी पाएको अनुभव गर्दै छौँ ।

**नगरपालिकाले प्रारम्भिक बालविकास शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्म सञ्चालन गर्दाका संरचनागत चुनौती के छन् ?**

चुनौतीबिनाको कुनै काम हुँदैन । भनपाले शिशुस्याहारदेखि स्नातकोत्तर कक्षाहरूसम्म सञ्चालन गर्दा थुप्रै चुनौतीहरूको सामना गर्नुपर्‍यो । कलेज सञ्चालन स्वीकृति लिने बेलामा होस् वा नयाँ नयाँ विषय स्वीकृति पाउने समयमा, सरकारले अनेकौँ बाधा व्यवधानहरू खडा गर्‍यो । १०० शैय्याको आफ्नै अस्पताल नभएको भनी शिक्षा मन्त्रालयले १ वर्ष नर्सिङ कलेजको भर्ना रोकिदियो । त्यसले नपाको करोडौँ रुपैयाँ बढी खर्च भयो । ख्वप कलेज अफ इन्जिनियरिङमा त्रिभुवन विश्व विद्यालयबाट स्वीकृति लिएर कम्प्युटरको कक्षा सञ्चालन गरेको वर्षौंपछि मात्र मन्त्रिपरिषद्ले स्विकृत गर्‍यो । यस्ता थुप्रै समस्याहरू भोग्दै नगरपालिका अगाडि बढिरहेको छ ।

**अभिभावक र विद्यार्थीको सन्तुष्टि दर कस्तो छ ?**

हाम्रा अनुभवमा अधिकांश अभिभावक र विद्यार्थी सन्तुष्ट छन् । हामी शत प्रतिशत सन्तोष पार्ने कोसिसमा छौँ ।

**ख्वप विश्वविद्यालयको शैक्षिक मोडेल कस्तो हुने अवधारणा छ ?**

सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरी दियो भने उत्पादनमूलक र सीपमूलक जनशक्ति उत्पादनमा केन्द्रित हुनेछ । गुणस्तरीय शिक्षामा सबैको पहुँच पुग्ने मुलुकलाई आत्मनिर्भर बनाउने शिक्षा हुनेछ र ख्वप विश्वविद्यालय अध्ययनसँगै नयाँ नयाँ अनुसन्धानमा केन्द्रित विश्वविद्यालय हुनेछ ।

**सङ्घीय सरकारले ख्वप विश्वविद्यालय विधेयक पास नगर्दा नगरपालिकालाई परेको अप्ठ्यारो के हो ?**

विद्यार्थीहरूको चाहनाअनुसार नयाँ नयाँ विषयहरू पढाउन सकिरहेका छैनौँ । कम शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने हाम्रो उद्देश्य पूरा हुन सकेको छैन । विद्यार्थीहरूलाई स्नातकोत्तरभन्दा माथि विद्यावारिधिसम्मको अध्ययनको अवसर प्रदान गर्न सकेनौँ ।

**ख्वप विश्वविद्यालय स्थापना भए राष्ट्रिय शिक्षा प्रणालीमा यसको भूमिका के हुन्छ ?**

ख्वप विश्वविद्यालय स्थापना भए देशमा एउटा विश्वविद्यालय थपिने मात्र होइन, छुट्टै विशेषतासहितको एक नमुना विश्वविद्यालय स्थापना हुनेछ ।

**भक्तपुर नगरलाई आगामी ५–१० वर्षमा शैक्षिक नगर बनाउने योजना के छ ?**


भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले २ दशकअघि नै घोषणा गर्नुभएको थियो । अहिले भक्तपुर नगरभित्रका १० वटा वडामध्ये प्रत्येक वडामा २०० भन्दा बढी इन्जिनियरहरू भइसकेको अवस्था छ अर्थात् नगरभित्र २ हजारभन्दा बढी इन्जिनियरहरू छन् । अन्य विषयका जनशक्ति पनि त्यही अनुपातमा बढ्दै छन् ।


**भक्तपुरको शैक्षिक मोडललाई सङ्घीय नीतिले कसरी संस्थागत गर्न सक्छ ?**


निजी क्षेत्रलाई विद्यालय, कलेज सञ्चालनको अनुमति दिनुभन्दा भनपाले सञ्चालन गरेजस्तै अन्य पालिकाहरूले पनि शैक्षिक संस्थाहरू सञ्चालन गरेको खण्डमा जनताका छोराछोरीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिन्छ ।

# नेमकिपा स्थापनाका आधार पुस्तकहरूबारे सङ्क्षिप्त चर्चा

✍ **समा**




नेपाल मजदुर किसान पार्टीले सङ्घर्षका गौरवपूर्ण ५१ वर्ष पार गऱ्यो । यही माघ १० को दिन ५२ औँ स्थापना दिवस मनाउँदै छ । नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारविरुद्धको सङ्घर्षले नेपालको राजनीतिक डबलीमा नेमकिपाको जन्म गरायो । ५ दशक कम्युनिस्ट आन्दोलनको एउटा प्रकाशस्तम्भ बनेर उभियो । कम्युनिस्ट सिद्धान्त, इमान, निष्ठा र सेवाको राजनीति हुर्कायो । सदैव कामगरीखाने वर्गको आवाज बन्यो नेमकिपा । किसान सङ्घर्ष, सरसफाई आन्दोलन, शैक्षिक र सांस्कृतिक आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनलगायतका सङ्घर्षहरू नेमकिपाको इतिहासका केही अध्याय हुन् । साम्राज्यवाद र विस्तारवादविरुद्ध नेमकिपाको सङ्घर्ष स्थापनाकालदेखि उत्तिकै सशक्त जारी छ ।

नेमकिपाले मार्क्सवादी साहित्य प्रकाशन र प्रचारमा जोड दियो । पार्टी स्थापनाको दशकदेखि मार्क्सवादी साहित्यको प्रचारप्रासार अघि बढायो । नेपालको तात्कालीन समाजमा यो अगुवाई नवीन र कठीन कार्य थियो । नेपाल विभिन्न जातजाति, भाषाभाषी, संस्कृतिको साझा देश । मार्क्सवाद जस्तो अत्यन्त बौद्धिक विषय बुझाउन गाह्रो हुनु स्वाभाविक हो । नेपाली भाषामा समेत मार्क्सवादी साहित्य निकै कम मात्र भेटिने समयमा सर्वसाधारण जनताले बुझ्ने भाषामा अर्थात् सरलीकृत रूपमा मार्क्सवादी विचार प्रचार नेमकिपाले गऱ्यो । पार्टी एउटा चिन्तनको चौतारी बनेर अघि बढ्यो । नेपालका विश्वविद्यालयमा पढाइ नहुने विश्व इतिहास, राजनीति, सभ्यता, अर्थशास्त्र, भूगोल, कूटनीतिका कक्षा पार्टीले सञ्चालन गऱ्यो । नेपालमा सबैभन्दा बढी पुस्तक, बुलेटिन, पत्रपत्रिका प्रकाशन गर्ने र अन्तर्राष्ट्रिय विषयमा जनतालाई सुसूचित गर्ने दलको रूपमा नेमकिपा परिचित छ । त्यतिमात्र होइन नेमकिपाले गरिबहरू बिचमा, पहुँच नभएको ठाउँसमेतमा पत्रपत्रिका पुऱ्यायो । पार्टी कार्यकर्ताबाटै जनताको घरदैलोसम्म ‘श्रमिक’ र ‘मजदुर’ पुऱ्याउने पार्टी संस्कृति हुर्कायो । अन्तरक्रिया, छलफल र अध्ययनको संस्कृति बसाल्यो । नयाँ पुस्तालाई सैद्धान्तिक रूपले तयार गऱ्यो । अरू दल र नेमकिपाबिचको ठूलो भिन्नता यही त होला । नेपालको राजनीति भ्रष्टीकरणतिर जानुको कारण शासक दलहरू विचार, सिद्धान्तमा चिप्लिनु नै त हो ।

वैचारिक सङ्घर्षको पृष्ठभूमिमै नेमकिपाको जन्म भएको हो । पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले गर्नुभएको सैद्धान्तिक सङ्घर्षका दस्तावेजहरूमा नेमकिपा स्थापनाका आधार भेटिन्छन् । नेपाल कम्युनिस्ट पार्टीमा बुझाइएका ती दस्तावेजहरू पछि पुस्तक आकारमा प्रकाशित गरिए । यी पुस्तकले नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासलाई हेर्ने मार्क्सवादी दृष्टिकोण प्रदान गर्दछ ।

पुस्तक “नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन” एउटा महत्त्वपूर्ण राजनीतिक दस्ताबेज हो । यो पुस्तक आजभन्दा ४९ वर्ष अघि वि.सं २०३३ सालमा पहिलो पटक पुस्तकाकारमा प्रकाशित भयो । पुस्तक त्यो समयको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूमाथि सैद्धान्तिक सङ्घर्षको निचोड थियो । यस पुस्तकले नेपालको कम्युनिस्ट आन्दोलनमा व्यापक चर्चा पायो । राजनीतिक विश्लेषकहरू भन्छन् -“नेपालको कम्युनिस्ट आन्दोलनको विकासक्रम बुझ्न आवश्यक सामग्रीमध्ये एक हो यो पुस्तक ।” तत्कालीन समयमा कम्युनिस्ट आन्दोलन कुन दिशातर्फ लाने भन्ने अलमल थियो । कम्युनिस्ट पार्टीभित्र देखापरेका वामपन्थी र दक्षिणपन्थी अवसरवाद, संशोधनवादले कम्युनिस्ट आन्दोलन सङ्कटमा पर्ने देखिएपछि का.रोहितले “बाटो देखाउने बत्ती” को भूमिका निर्वाह गर्नुभयो । कम्युनिस्ट आन्दोलनका खोटा विचारहरू पन्छाएर आन्दोलनलाई गतिशील र व्यापक बनाउने व्यावहारिक प्रयासको राजनीतिक प्रमाण हो यो पुस्तक । त्यसकारण पार्टी स्थापना र सङ्घर्षका पृष्ठहरू पल्टाउँदा फेरि पनि यो पुस्तकको चर्चा जरुरी लाग्छ, सामयिक लाग्छ ।

तत्कालीन राजनीतिक वृत्तमा नेपाली जनताका शत्रु को हुन् ? र मित्र को हुन् ? भन्ने प्रश्न उठ्यो । कम्युनिस्ट पार्टीले कुन शत्रुविरुद्ध सङ्घर्षलाई केन्द्रित गर्ने भन्ने प्रश्न क्रान्तिको निम्ति अत्यन्त महत्त्वपूर्ण प्रश्न थियो । शत्रु र मित्र चिन्न नसकेपछि सङ्घर्ष विफल बन्छ, क्रान्ति सम्भव हुँदैन । वास्तविक शत्रुमित्र चिन्ने आधार वर्ग, व्यवस्था र उत्पादन सम्बन्ध हो भन्ने बुझ्न नेपाली राजनीतिमा पनि धेरै वर्ष लागेन । कम्युनिस्ट पार्टीभित्रै कसैले मुख्य दुश्मन ‘राजा’ हो भने, कसैले काङ्ग्रेसलाई मुख्य दुश्मन माने । काङ्ग्रेसलाई भारतीय उपनिवेशवाद र विस्तारवादको दलाल मानेर मुख्य दुश्मन घोषणा गरे । पुस्तकमा लेखिएको छ -“राजा महेन्द्र मुख्य दुस्मन भन्ने ठम्याइ राजनैतिकरूपले सही भएको भए राजा महेन्द्र मरेपछि सामन्तवाद खत्तम भइसक्नुपर्ने थियो । त्यसकारण, मुख्य दुश्मन राजा हो भन्नु भावुक र असैद्धान्तिक वाक्यांशमात्रै हो ।” त्यसरी नै काङ्ग्रेस मात्रलाई मुख्य दुश्मन मान्दा ८० प्रतिशत जनतालाई चुसिरहने सामन्त र जमिनदार छुट्छन्, बेलायती र अमेरिकी साम्राज्यवादका दलालहरू छुट्छन् । नेता बिजुक्छेँले भन्नुभएको थियो– कम्युनिस्ट आन्दोलनले भित्री र बाहिरी शत्रुलाई चिन्न सक्नुपर्छ । तत्कालीन समयमा राजा, कङ्ग्रेस, भारतीय विस्तारवाद र एकाधिकार पुँजी तीन वटा टाउको भएको घाँटी जोडिएको सर्प हो । त्यो सर्प नै जनताको शत्रु हो । भित्री रूपले सामन्तवादी समाजमा राजतन्त्र र सिङ्गो सामन्तवादी उत्पादन सम्बन्ध जनताको शत्रु थियो भने बाहिरबाट देशको राजनीति अस्थिर बनाउन उक्साइएको तत्त्वसँगै भारतीय विस्तारवाद र एकाधिकार पुँजी, अमेरिकी र बेलायती साम्राज्यवाद जनताका मुख्य शत्रु हुन् भन्ने स्पष्ट विचार राखिएको थियो ।

पुष्पलाल नेतृत्वको कम्युनिस्ट पार्टीभित्र विचारको स्खलन देखापरेपछि नेता बिजुक्छेँले कम्युनिस्ट विचारको पक्षमा अटल रहने अडान लिनु राजनीतिक इतिहासमा महत्त्वपूर्ण कदम या निर्णय साबित भयो । नेमकिपाले कम्युनिस्ट आन्दोलनको शत्रु मात्र पहिचान गरेन बरु एकचोटि एउटा शत्रुविरुद्ध मात्र जाइलाग्नुपर्छ भन्ने खोटो विचारको खण्डन गर्‍यो । विश्व राजनीतिको इतिहास केलाउँदै उहाँले एकपटकमा एउटा मात्र होइन जनताका शत्रुहरूसँगै एकै पटकमा सङ्घर्ष गर्न सकिने मार्ग बताउनुभयो । राजा, भारतीय विस्तारवादका दलाल र हस्तक्षेपकारी विदेशी शक्तिहरूसँग समानान्तर लड्न सकिने तथ्य बताउनुभयो । जसरी चीनमा सामन्तवादी व्यवस्थाविरुद्ध लड्दा लड्दै जापानी उपनिवेशविरुद्ध मुक्ति सङ्घर्ष चलेको थियो, जसरी भियतनाममा राष्ट्रिय शत्रुसँग लड्दालड्दै अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्षको ज्वारभाटा उठेको थियो त्यसरी नै नेपालको सन्दर्भमा सामन्तवादी व्यवस्थाविरुद्धको सङ्घर्षसँगै वैदेशिक हस्तक्षेपबाट मुक्तिको सङ्घर्ष सम्भव छ भन्ने मार्ग प्रस्ट पार्नुभएको थियो । यो विचार आज पनि सान्दर्भिक छ ।

कम्युनिस्टहरूले राष्ट्रिय मुद्दामात्र उठाउनुपर्छ भन्ने खोटो विचारविरुद्ध लड्दै अन्तर्राष्ट्रिय राजनीतिक इतिहास, सङ्घर्षबाट सिक्दै राष्ट्रिय राजनीतिलाई मार्गदर्शन गर्नुपर्छ भन्ने ठम्याइ उहाँले राख्नुभयो । नेमकिपा अन्तर्राष्ट्रिय कुरा मात्र गर्छ भन्दै वैदेशिक हस्तक्षेपविरुद्ध चूँ पनि नबोल्नेहरूको आज पनि कमी छैन ।

कम्युनिस्टहरू पुँजीवादी चुनावलाई जनताको चेतनास्तर उकास्ने अवसर या विश्वविद्यालयको रूपमा उपयोग गर्छन् । तर, विडम्बना नेपालमा आफूलाई कम्युनिस्ट भन्नेहरू हिजो “चुनावमा भाग नलिने” खोटा विचार राख्थे भने आज चुनाव जसरी पनि जित्ने र सत्तामा पुग्ने, बहुमत प्राप्त भएन भने सत्ताको भागबन्डा गर्ने व्यवहार देखाउँछन् । आज कम्युनिस्ट आन्दोलन दक्षिणपन्थी अवसरवादको भड्खालोमा पुगेको छ । संशोधनवाद कम्युनिस्ट आन्दोलनमा महारोग हो भन्ने का.रोहितको भनाइ आजको राजनीतिक परिदृश्यले पनि पुष्टि गर्छ । चुनाव या संसद्बाट समाजवाद आउँछ, सशस्त्र क्रान्ति आवश्यक छैन भन्ने विचार आज पनि उत्तिकै खोटो छ ।

नेता नारायणमान बिजुक्छेँले पुष्पलाल नेतृत्वको नेकपामा प्रस्तुत गर्नुभएको अर्को राजनीतिक दस्तावेज- “रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन” हो । सोभियत कम्युनिस्ट पार्टीको धोखेबाज नेतृत्व गुटले एक समाजवादी देशलाई विस्तारै कसरी एक सामाजिक साम्राज्यवादी देशमा पतन गरायो भन्ने इतिहासको शब्दचित्र पुस्तकमा छ । रुसमा कम्युनिस्ट आन्दोलनभित्रकै बर्नस्टिन, त्राट्स्की, खुश्चेभ र ब्रेझ्नेभहरू संशोधनवादी विचार राख्थे । त्यही संशोधनवादी विचारका कारण पछि साम्राज्यवादी सामु घुँडा टेक्न पऱ्यो, देश १५/१६ टुक्रामा विभाजन भएको देख्न पऱ्यो । तिनले लेनिन र स्तालिन नेतृत्वको अक्टोबर समाजवादी क्रान्तिमाथि मात्र धोखा दिएनन् बरु सम्पूर्ण सर्वहारा जनता र सोभियत रुसबाट प्रेरणा लिइरहेका विश्वका समाजवादी आन्दोलनहरू माथि पनि घात गरे । रुसी कम्युनिस्ट पार्टी र तिनले सर्वहारा क्रान्तिको ठाउँमा ‘शान्तिपूर्ण सङ्क्रमण’ को सिद्धान्त अगाडि सारे । सर्वहारा वर्गको हुकुमलाई अस्वीकार गरी “सारा जनताको पार्टी र सारा जनताको राज्य” को सिद्धान्तको वकालत गरे । मार्क्सवाद र लेनिनवादविरोधी उक्त सिद्धान्तले दबिएका र लुकेका पुँजीवादी तत्त्वहरूलाई रुसको भूमिमा उठ्न र फेरि सत्तामा आउने मौका दिए र सँगै रुसी मजदुर वर्ग र संसारका सबै कामदार वर्गलाई धोखा दिन २० वर्षभित्र साम्यवाद निर्माण गर्ने खोटो विचार अघि सारे । नेपालमा पनि आफूलाई कम्युनिस्ट भन्नेहरूले सोभियत रुसको इतिहासबाट सिकेनन् बरु बर्नस्टिनदेखि ब्रेझ्नेभसम्म बन्ने होडबाजी चलिरह्यो ।

सशस्त्र क्रान्तिबाट सर्वहारावर्गले राज्यसत्तालाई कब्जा गर्नु र सर्वहारावर्गको हुकुम चलाएर पुँजीवादी वर्गलाई दबाएर समाजवादको निर्माण गर्नु नै मार्क्सवादको सार हो, पुस्तकले यही भन्छ । तर संशोधनवाद भन्छ- “पुँजीवादी व्यवस्थालाई ध्वस्त पार्नु पर्दैन बरु बढी विकास गर्नुपर्छ” । पेरिस कम्युनले सिकाएको छ –“पुँजीवादी व्यवस्थाले ठिक्क पारेको राज्यसत्तामा पुगेर मात्र क्रान्ति हुँदैन त्यसलाई बदल्न जरुरी छ नत्र समाजवादी क्रान्तिपछि पनि पुँजीवादको पुनर्स्थापना हुन सक्छ ।” नेपाली कम्युनिस्ट आन्दोलनले पेरिस कम्युनमार्फत मार्क्सले देखाएको बाटो पनि हिँड्न नमानेपछि नेता का.रोहित सत्य र कम्युनिस्ट सिद्धान्तको पक्षमा एक्लै हिँड्नुभयो । एक्लो पर्दा धेरैले एक्लो बृहस्पति झूटा भन्दै खिसितिउरी गर्न हतार पनि गरे तर राजनैतिक विकासक्रमका हरेक चरणमा राजनैतिक र कम्युनिस्ट आन्दोलनले नेमकिपा खोज्यो, नेता नारायणमान बिजुक्छेँको विचार र अभिभावकत्व खोज्यो । उहाँले ५१ वर्षअघि भन्नुभएका र बोल्नुभएका विषयवस्तुहरू आज पनि उत्तिकै सामयिक छन् । कम्युनिस्ट आन्दोलन दूषित र कमजोर नबनोस् भनेर लिनुभएको अडानले नै आज पनि राजनीतिक डबलीमा मार्गदर्शन गरिरहेको छ । “चुनाव, जुलुस र यसै प्रकारको दबाबले पनि पुँजीवादी व्यवस्थामा सुधार गर्न सकिन्छ । बल प्रयोग, रगत बगाएर सत्ता हातमा लिने र हुकुमको कुनै आवश्यकता छैन” भन्ने विचार सोभियतकालीन रुसमा पनि खोटो थियो, यहाँ आजको सन्दर्भमा पनि खोटो छ ।

रुसी संशोधनवादका कारण छोटो समयमा निर्माण भएको सोभियत रुसको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपले समृद्ध घर तासको घरझैँ ढल्न समय लागेन । जनमुखी, सेवामुखी व्यवस्थाबाट शोषणयुक्त बन्दोबस्तमा फेरिन समय लागेन । मुट्ठिभर समुदाय रातारात लखपति, करोडपति बन्दा बहुसङ्ख्यक जनतालाई छाक टार्न मुस्किल समय पनि आयो । त्यतिमात्र होइन शासकहरूले अन्य देशहरूमा बजार स्थापनाको नाममा हस्तक्षेप बढाए । रुमानिया, पोल्याण्ड, बुल्गेरिया, चेकोस्लाभिया, मङ्गोलिया, हङ्गेरीजस्ता देशहरूलाई सस्तो कच्चा पदार्थ आयात गर्ने र अन्तर्राष्ट्रिय मूल्यमा किन्दा महँगोमा निर्यात गर्ने र आफ्नै मात्र मालसामानको प्रभुत्व कायम गर्ने अभद्र अभ्यासहरू गर्न थाले । पूर्वी युरोप, अफ्रिका, एसियाली मुलुकहरू र तेस्रो मुलुकहरूको अर्थतन्त्रलाई रुसको अर्थतन्त्र वरपर नचाउन थाले । अर्थतन्त्रमा ग्लास्नोस्ट र पेरेस्ट्रोइकाको नीति आफै संशोधनवादी नीति थियो भन्ने पछि प्रमाणित भयो ।

अन्तर्राष्ट्रिय सहायता, अन्धराष्ट्रवाद र भाइचारा सहकारिताको नाममा आर्थिक शोषण र थिचोमिचोमात्र बढाएन प्यालेस्टाइनमा राजनीतिक, सैनिक दबाबसमेत दिन थाल्यो । सन् १९६८ मा त चेकोस्लोभाकियामाथि नाङ्गो हस्तक्षेप नै गरे । सन् १९६९ मा चीनको चेन्पाउ टापुमाथि जबरजस्ती हमला गरे । जापानका कुरिल टापुहरू कब्जा गरे । १९७० मा भारतीय विस्तारवादलाई धाप दिएर पाकिस्तानमाथि आक्रमण गर्न दिए र पाकिस्तानलाई अङ्गभङ्ग गराउन मद्दत गरे । सन् १९७४ मा भारतलाई सिक्किममा आक्रमण गर्न र कब्जा गर्न सघाए । जारहरूले असमान सन्धि थोपरेर खाएको चीनको १५ लाख वर्ग किमि भूमिमाथि कब्जा गरे । यसरी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन भइरहँदा पनि नेपालको कम्युनिस्ट आन्दोलन अन्धो बन्नु खोटपूर्ण थियो र त्यो नेता रोहितलाई मञ्जुर भएन । त्यसकारण, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेको संशोधनवाद, अवसरवाद जस्तो खोटा विचारबारे सङ्केत गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउनुभयो ।

अर्को पुस्तक “नेपाल-भारत सम्बन्ध र भारत” पार्टी स्थापनाको अर्को राजनीतिक दस्तावेज हो । जसले पार्टीको सङ्घर्षलाई अगाडि बढाउन सदैब ऊर्जा प्रदान गर्‍यो । नेपाल र भारत देशबिचको सम्बन्ध इतिहासभन्दा पुरानो हो । नेपाली जनताले भारतीय जनताप्रति कहिल्यै द्वेष राखेनन् । तर, भारतीय विस्तारवाद र एकाधिकार पुँजीले थोपेको दमन र अत्याचारको इतिहास या वर्तमान नेपाली जनतालाई कहिल्यै मञ्जुर भएन । भारतमाथिको आर्थिक निर्भरता र राजनीतिक निर्भरता नेपाली जनता र नेपाली राजनीतिको निम्ति अभिशाप सिद्ध भयो । आज पनि भारतीय विस्तारवाद र एकाधिकार पुँजीलाई प्रमुख दुश्मन मान्न नेपालका

*बाँकी पृष्ठ १० मा*

# महान्यायाधिवक्ता भण्डारीको निर्णय फिर्ता लिन माग

# निर्णयविरुद्ध सर्वोच्चमा ३ वटा रिट दायर, रविको राम्रो छैन छवि



रामप्रसाद प्रजापति

भ्रष्टाचारको विरोधी आन्दोलनले मात्रै आमूल परिवर्तन सम्भव छैन। भ्रष्टाचार विरोधी आन्दोलन सँगसँग व्यापक जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित बनाई व्यवस्था र सत्ता परिवर्तन गर्नु आवश्यक छ। आउँदो फागुन २१ को निर्वाचनलाई व्यापक कामगरि खाने वर्गका जनताले सोहीबमोजिम आफ्नो अभिमत जाहेर गर्नु जरुरी छ।

**महान्यायाधिवक्ताको एकपछि अर्को विवादित निर्णय**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा "अदालतमा एकपटक दायर भइसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दाबी संशोधन गर्नुपर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकिलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ।

अहिले महान्यायाधिवक्ता सबिता भण्डारीले सोही दफा ३६ को प्रयोग गरी रवि लामिछानेविरुद्ध विभिन्न पाँच वटा जिल्ला अदालतहरूमा विचाराधीन मुद्दाको अभियोग माग दाबी संशोधन गर्ने निर्णय गरेर विवादमा परेकी छिन्। उनले केही दिन २०८२ पुस ३० गते रवि लामिछानेसमेत विरुद्ध विभिन्न जिल्ला अदालतहरूमा विचारधीन सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधसम्बन्धी अभियोगपत्र संशोधन हुने गरी स्वीकृति दिने निर्णय गर्दै आवश्यक कारबाही अगाडि बढाउन सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिएकी थिइन्।

जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं, रूपन्देही, कास्कीसमेतबाट निकासार्थ पेश हुन आएको मुद्दामा सहन्यायाधिवक्ता तथा नायव महान्यायाधिवक्ताबाट निकासाका लागि टिप्पणी पेश भएपछि महान्यायाधिवक्ता भण्डारीले पुस ३० गते निर्णय गरेकी थिइन्।

निर्णय गर्न सहकारीको रकम अपचलन तथा हिनामिना गरेको सम्बन्धमा विभिन्न अदालतमा सहकारी संस्थाका सञ्चालकहरूसमेतको हकमा चलिरहेका मुद्दाहरूमध्ये विचाराधीन मुद्दाको सम्बन्धमा प्रतिवादी रवि लामिछानेले यस कार्यालय समक्ष मिति २०८२/०८/२३, २०८१/०९/१६ र २०८२/०९/२७ मा निजविरुद्ध राजनीतिक प्रतिशोध साँध्ने नियत रहेको भनी राखी सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अभियोग पत्र दायर गरिएको भन्ने निवेदन परेको आधारमा टिप्पणी उठाई मलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुने गरी स्वीकृति दिने निर्णय भएको हो।

उक्त निर्णय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन गरिएको भनिएतापनि दफा ३६ को प्रयोग गरेर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ बमोजिम मुद्दा फिर्ता लिएसरह भएको भन्दै महान्यायाधिवक्ताको निर्णय विवादित बनेको छ।

दफा ११६ मा अनुसूची १ वा अनुसूची २ अन्तर्गतका कसूरमा अदालतमा एक पटक दायर भइसकेको मुद्दा फिर्ता लिन सकिने छैन।" भन्ने कानुनी व्यवस्था छ।

यस अर्थमा सरकारले अदालतमा मुद्दा दायर गरी सकेपछि मुद्दा फिर्ता लिन मिल्दैन। फिर्ता लिई हाले पनि कि त सरकारको मुद्दा दायर गरेको मिलेन वा गलत भयो भन्ने अर्थ लाग्ने भयो कि त मुद्दा फिर्ता लिनु गलत हुने भयो। यसरी मुद्दा दायर गर्नु वा फिर्ता लिनु गलत हुँदै गर्दा सरकारी पक्षलाई कारबाही र सजाय हुने कि नहुने भन्ने सवाल पनि उठ्नु स्वाभाविक हुन्छ।



त्यस्तै दफा ११६ (क) ले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दालाई फिर्ता लिन नहुने सूचीमा राखेको छ।

साथै सोही दफाको (ग) अनुसार मुद्दा फिर्ता लिँदा कुनै व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा त्यस हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दा फिर्ता लिन नपाइने उल्लेख छ।

दफा ३६ को व्यवस्था मुद्दा फिर्ता गराउने नभई थप अभियोग दाबीका लागि भएको हुँदा कानुनको व्याख्या आफू अनुकूल गर्न नमिल्ने पूर्वमहान्यायाधिवक्ता राघवलाल वैद्यले बताउनुभएको छ।

महान्यायाधिवक्ताको कार्यालयले यसअघि डिम्ब बिक्रीसम्बन्धी प्रकरणमा महान्यायाधिवक्ता कार्यालयले मुद्दा नचल्ने निर्णय गरेको थियो।

**महान्यायाधिवक्ताको जिकिर**

महान्यायाधिवक्ता सविता भण्डारीले रवि लामिछानेविरुद्ध अदालतमा विचाराधीन मुद्दाहरूको अभियोग संशोधन गरी सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा हटाउन दिने निर्णय गर्दा लिएका जिकिरहरू निम्नबमोजिमको रहेको देखिन्छ।

क) संसदीय समितिको प्रतिवेदनमा रवि प्रत्यक्ष संलग्न नरहेको र रकम गोर्खा मिडियामा आइसकेपछि सोको सञ्चालन खर्च प्रक्रियामा मात्र रविको सहभागिता देखिएको जिकिर गरिएको छ।

ख) सहकारी ऐन, २०७४ को दफा १३१ (क) अनुसार सहकारी ठगीमा मिलापत्र हुन सक्ने प्रावधान रहेको तर सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग लागेमा मिलापत्र गर्न नमिल्ने भन्दै सहकारी पीडितहरूले मिलापत्रको माध्यमबाट आफ्नो रकम फिर्ता पाउने ढोका खोल्न लागि मुख्य दुई अभियोग हटाउनुपर्ने जिकिर गरिएको छ।

ग) सुप्रिम सहकारीका जाहेरवाला नारायणबहादुर पहराइले रवि लामिछोनेविरुद्ध आफूले किटानी जाहेरी नदिएको र प्रहरीले नक्कली कागज तयार गरेको भनी दिएको स्वघोषणालाई गम्भीर आधार मानी फरक स्थिति सिर्जना गरेको जिकिर छ।

**रविको राम्रो छैन छवि**

रवि लामिछानेलाई आफ्नो देशको माया थियो भने नागरिकता त्यागेर विदेशी नागरिकता लिएर विदेश बस्दैनथ्यो। विदेश बस्दा चलेका दर्जनौं मुद्दाका कारण पनि उनको छबि राम्रो छैन।

नेपालमा आएर आफ्नो नेपाली नागरिकता सक्रिय नगर्दै टेलिभिजन प्रस्तोताका रूपमा गरिएका स्टण्टबाजीका कारण पनि उनको छबि राम्रो मानिएको छैन।

निर्वाचनमा मतदातालाई सरकारमा पटक पटक पुगेका काङ्ग्रेस, एमाले, माओवादी भ्रष्टाचारी हुन्, उनीहरूलाई कुनै हालतमा सरकार चलाउन दिन हुन्न भनेका लामिछाने निर्वाचन लगत्तै काङ्ग्रेस, एमालेको कार्यालय र तिनका नेताको घरघर चाहारेर ती नै भ्रष्टहरूसँग घाँटी जोडी उनीहरूसँग गठबन्धन गर्दै उनी गृहमन्त्री बनेका थिए।

अदालतले उनको नागरिकतासम्बन्धी विवादको मुद्दामा फैसला गर्दै उनको गृहमन्त्रीको पद र सांसद पदसमेत खोसेका थिए।

त्यसकारणले पनि उनको छबि राम्रो थिएन। त्यसपछि पाँच वटा जिल्लाहरूमा उनीविरुद्ध सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा चल्यो। उनले सर्वोच्च अदालतसम्म अनुनय विनय गरे तर उनलाई अदालतले छोडेन। उनी थुनामै रहन बाध्य भए।

उनले आफूविरुद्ध चलेको सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा साविति अर्थात् कसुर स्वीकार गरेर कसुरबमोजिम तिर्नपर्ने देखिएको रकम जम्मा गरेर तारेखमा छुटेका हुन्।

उनलाई धरौती तारेखमा छोडेको होइन। कसुरबमोजिम सजाय हुन सक्ने हदसम्मको बिगो जम्मा गर्न लगाएर तारेखमा छोडेका अभियुक्त हुन्। त्यसकारणले पनि उनको छबि राम्रो हुन सक्ने भएन।

भाद्र २३ र २४ को प्रदर्शनका क्रममा २४ गते उनी नख्खु जेल तोडेर भागेका व्यक्तिहरूमध्येका एक हुन्। उनीविरुद्ध कारागार ऐनअनुसार मुद्दा चलाएर सजाय गर्न सक्ने अवस्था विद्यमान छ तर उनी अहिलेको सरकारको प्रिय बनेर हो कि कारागार ऐनबमोजिमको कसुरमा मुद्दा चल्नुको साटो देशका विभिन्न पाँच जिल्ला अदालतमा चलेका मुद्दाहरूलाई कमजोर बनाउन अभियोग संशोधन गर्ने प्रक्रिया अगाडि बढाएको छ।

विवाद र दबाब पर्ने थालेपछि महान्यायाधिवक्ताको कार्यालयले रवि लामिछाने, छविलाल जोशी र जीबी राईसहित ५० जना उस्तै कसुरदारहरूलाई कसुरबाट उन्मुक्ति दिने प्रक्रिया सुरु गरेको छ। जुन प्रक्रियालाई न्यायिक प्रक्रियाको अवहेलनाको रूपमा समेत हेरिएको छ।

स्मरणीय छ, प्रधानमन्त्री पुष्पकमल दाहाल, प्रचण्डको पालामा पनि सरकारले रवि लामिछानेविरुद्धको नागरिकतासम्बन्धी मुद्दा फिर्ता लिने निर्णय महान्यायाधिवक्ताको कार्यालयमार्फत गराएको थियो।

यसरी विभिन्न जिल्ला अदालतमा विचाराधीन मुद्दालाई प्रत्यक्ष असर पर्ने गरी व्यक्तिगत साख र आवश्यकताका आधारमा अभियोग संशोधन गर्दै जाँदा न्यायिक अराजकता बढ्न सक्ने खतरा रहेको विज्ञहरू बताउँछन्।

यसरी सरकारले एक पटक मुद्दा दायर गरी सकेपछि महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा संशोधन गराउनु पक्कै राम्रो अभ्यास होइन र यस्तो अभ्यासले सबै सरकारी वकिल कार्यालय र अदालतको न्यायिक प्रक्रियामा समेत प्रत्यक्ष प्रभाव पार्ने निश्चित छ।

**कारबाहीमा परेका थिए सरकारी वकिल**

लामिछानेविरुद्ध चितवन जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा दायर गदौ अभियोगपत्रमा सङ्गठित अपराध हटाएर अभियोजन तयार पारेको भन्दै तत्कालीन सरकारी वकिल शान्तिप्रसाद लुइँटेललाई सरुवा गरी उनीमाथि छानबिन समेत थालेको थियो।

उनले सङ्गठित अपराध हटाएर ठगीको कसुर मात्रै लगाएको भन्दै महान्यायाधिवक्ताको कार्यालयले लुइँटेललाई सरुवा गरेको थियो। उनीमाथि कारबाहीका लागि छानबिन गरेको महान्यायाधिवक्ताको कार्यालयले अहिले ती नै रवि लामिछानेविरुद्ध विभिन्न जिल्ला अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता गर्न अर्थात् अभियोग संशोधन गर्न तत् तत् सरकारी वकिलको कार्यालयलाई निर्देशन दिएको छ।

**निर्णय फिर्ता लिन बारको माग, ३ रिट दायर**

महान्यायाधिवक्ता भण्डारीले पुस ३० र माघ २ गते गरेको निर्णयप्रति नेपाल बार एशोसिएसनको ध्यानकार्षण भएको भन्दै "फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता राख्दै आएको, मुद्दा फिर्तासम्बन्धी महान्यायाधिवक्ताको निर्णय प्रचलित कानुनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्दा फिर्तासम्बन्धी प्रतिपादिन गरेका सिद्धान्तविपरीत छ। यस प्रकारको छनौटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतलाई आघात पुगी स्वतन्त्र न्यायपालिकाको अवधारणामा नै असर पुऱ्याउँदछ। यस विषयले फौजदारी न्याय प्रणालीमा नै गम्भिर विचलन ल्याई कानुनको शासनको उल्लङ्घन भई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ। अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरणले दण्डहीनतालाई प्रश्रय दिई फौजदारी न्यायको आत्मा मार्ने भएकोले कानुनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दैछौं" भन्दै महान्यायाधिवक्ताको उक्त निर्णय तत्काल फिर्ता लिन माग गरेको छ।

साथै महान्यायाधिवक्ता भण्डारीको निर्णयविरुद्ध सर्वोच्च अदालतमा छुट्टाछुट्टै ३ वटा रिट निवेदन दायर गरेको छ।

**रविसहित ५० जनालाई उन्मुक्ति दिने !**

कुनै व्यक्तिमाथि प्रतिशोध नै साँधिएर अभियोगपत्र दर्ता भएको भए त्यो अवस्था विद्यमान छ छैन भन्ने कुरा हेर्ने निकाय अदालत हो, महान्यायाधिवक्ता होइन।

रवि लामिछानेविरुद्धको मुद्दा उनले भनेझैं निजविरुद्ध राजनीतिक प्रतिशोध साँध्ने नियत रहेको भए मुद्दा दायर गर्ने तत्कालीन सरकारी वकिलहरूलाई कारबाही र सजाय हुनुपर्ने हुन्छ। तत्कालीन सरकारी वकिलहरूको कुनै बदनियत छैन, होइन मुद्दा दायर हुनु ठिक हो भने अहिले मुद्दा फिर्ता लिन टिप्पणी उठाउने सरकारी वकिलहरू र महान्यायाधिवक्ता दोषी हुने हुँदा कारबाही र सजाय भोग्न तयार हुनुपर्ने होइन र ? प्रश्न उठ्नु स्वाभाविक हो।

महान्यायाधिवक्ताको कार्यालयले कसुरभन्दा व्यक्ति केन्द्रित भएर लामिछानेविरुद्धका मुद्दा फिर्ता वा अभियोग संशोधनको प्रक्रिया अगाडि बढाउन लगाउनुले देशका विभिन्न अदालतमा विचाराधीन यस्तै प्रकृतिका अन्य मुद्दाहरूसमेत प्रभावित हुने कानुनविदहरू बताउँछन्।

यसरी व्यक्तिकेन्द्रित भएर लामिछानेविरुद्धका मुद्दा फिर्ता लिनु गलत अभ्यास हुने र यसले देशभरका अदालतमा रहेका सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरणसम्बन्धी सबै मुद्दा प्रभावित हुनेछन्।

त्यस्तै संसारका जुनसुकै मुलुकमा फौजदारी मुद्दा कसुरकेन्द्रित हुने भएकाले अदालतबाटै स्वतन्त्र ढङ्गले निरुपण हुनुपर्दछ। अदालतमा विचाराधीन मुद्दामा अदालतबाटै निरूपण हुनुपर्नेमा कानुनी छिद्र खोजेर छुट दिन सकिँदैन।

साथै फैसलाका क्रममा जानुपर्ने मुद्दाको अभियोगपत्रमा संशोधनको सवाल आउनु आपत्तिजनक भएको, रवि लामिछाने निर्दोष हुन भने अदालतबाटै फैसला हुने हुँदा सरकारले न्यायिक प्रक्रियामा हस्तक्षेप गर्न नमिल्ने प्रश्न उठेको छ।

विवाद बढ्दै गएपछि उनले रवि लामिछानेसमेत विरुद्धका मुद्दाहरूमा लामिछानेलाई मात्रै उन्मुक्ति दिने निर्णय गरेकोमा दुई दिनपछि शुक्रबार आफ्नै निर्णय संशोधन गर्दै चारवटा सहकारी ठगी प्रकरणका सबै प्रतिवादीहरूको अभियोगपत्र संशोधन गर्ने निर्णय गरेका छन्। उनको शुक्रबारको निर्णयले रवि लामिछाने, छविलाल जोशी, जीबी राई (फरार) समेत ५० जना अभियुक्तहरूले उन्मुक्ति पाउने अवस्था देखिएको छ। जुन सरासर गलत छ।

**पुँजीवादी व्यवस्थाको दोष नै व्यक्ति केन्द्रीत हुने, जनता गौण**

कानुन कामगरी खाने व्यापक जनताको हित र देशको सार्वभौमसत्ताको रक्षाका लागि हुनुपर्ने हो। तर, पुँजीवादी व्यवस्थामा सर्वसाधारणको भन्दा केही मुट्ठीभरका शोसक सामन्त पुँजीपतिहरूले आफ्नो सञ्चालक समितिको रूपमा गठन गरेको सरकारलाई आफूले चाहेको कुरा गराउन यस्ता खालका निर्णय गराउने गरेको हुन्छ।

महान्यायाधिवक्ताको कार्यालयले हालै गरेको रवि लामिछानेविरुद्धको मुद्दाको अभियोग संशोधन गरी सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको अभियोग हटाउने निर्णय त्यस्तै सरकारले आफ्ना मालिकलाई रिझाउन गरिने कामहरूमध्येका एउटा उदाहरण मात्रै हुन्।

त्यसैले पुँजीवादी व्यवस्थाले व्यापक जनताको हित गर्ने सक्दैन। किनकि पुँजीवादी व्यवस्थामा जनतालाई केन्द्रमा राखेर सरकारले काम गर्ने गरिन्न। सरकारले आफ्ना मालिक (पुँजीपति, शोषक, सामान्त) को सञ्चालक समितिको रूपमा रहेर तिनकै इशारामा जनतालाई गौण र व्यक्ति विशेषलाई केन्द्रमा राखेर काम गर्ने गर्दछ।

विदेशीको नाङ्गो हस्तक्षेपको विरोध गर्न सक्दैन। विदेशीको इशारामा सरकार चलाउँदै जाँदा देशको सार्वभौमसत्ताको रक्षाका लागि काम गर्न सक्दैन।

त्यसैले भ्रष्टाचारको विरोधी आन्दोलनले मात्रै आमूल परिवर्तन सम्भव छैन। भ्रष्टाचार विरोधी आन्दोलन सँगसँग व्यापक जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित बनाई व्यवस्था र सत्ता परिवर्तन गर्नु आवश्यक छ। आउँदो फागुन २१ को निर्वाचनलाई व्यापक कामगरि खाने वर्गका जनताले सोहीबमोजिम आफ्नो अभिमत जाहेर गर्नु जरुरी छ।

*२०८२ माघ ३*

# इरानको स्थिति बुझ्न मद्दत गर्ने एक पृष्ठभूमि

● विजयप्रसाद

इरान अहिले अस्तव्यस्त छ। देशैभरि सानाठुला विरोधप्रदर्शन भइरहेका छन्। प्रदर्शनकारी तथा प्रहरी दुवै बिस्तारै हिंसात्मक हुँदै छन्। धेरै जना अस्पतालमा भर्ना भइरहेको अवस्था छ। काम बन्द भएपछि र महँगी बढेपछि देशैभरि विरोधमा आन्दोलन सुरु भयो। जनअसन्तोषका अन्य कारणहरू पनि थिए। जीवन सुनिश्चित नहुँदा व्यवस्थाप्रति युवा तथा महिलाहरू रुष्ट थिए। इरान लामो समयदेखि आर्थिक नाकाबन्दीमा छ। धेरै अघिदेखि इजरायल र संरा अमेरिकाले इरानमाथि प्रत्यक्ष हमला गर्दै आएका छन्। इरानको सरहदभित्र मात्रै नभई पश्चिम एसियाभरि नै इरानमाथि हमला हुँदै छ। (जस्तो सिरियाको कूटनीतिक नियोगमै समेत हमला भयो।) संरा अमेरिकाले चलाएको यो आर्थिक युद्धकै कारण इरानमा पछिल्लो तनाव पैदा भएको हो। तर, यो उथलपुथल वासिङ्टनप्रति नभई तेहरानको सरकारविरुद्ध लक्षित छ।

यी विरोध प्रदर्शनहरूमा इजरायली गुप्तचर निकायले भूमिका खेलिरहेको विभिन्न समाचार आएका छन्। जस्तो, इजरायलको प्रमुख पत्रिका 'हारेत्ज' ले सन् २०२५ अक्टोबरमा समाचार लेख्यो, "इरानमा रेजा पहलवीलाई राजाको रूपमा स्थापित गर्न (इजरायलले) प्रचारप्रसार अभियान चलाउँदै छ।" संरा अमेरिकाले त खुलेरै प्रदर्शनकारीहरूलाई सम्बोधन गरेको छ। सरकारले हिंसा बढाउँदै लगे आफूले तेहरानमा बमबारी गर्ने अमेरिकाले घोषणा गऱ्यो। गत वर्ष बाह्रवटा 'दक्षिणी पार्स' तेल प्रशोधन केन्द्रमा विरोध प्रदर्शन भएको थियो। ५ हजार करार मजदुरहरू सपरिवार प्रदर्शनमा उत्रेका थिए। ती मजदुर बुशेहर ग्यास प्रशोधन मजदुर युनियनका सदस्य थिए। डिसेम्बर ९ मा आसालुये नगरमा भएको सो प्रदर्शनमा ज्याला बढाउनुपर्ने र कार्यस्थलमा सुधार गर्नुपर्ने माग राखिएको थियो। मजदुरहरूले आफ्नो सङ्घर्षलाई तेहरानस्थित संसद् भवनसम्म पुऱ्याए। उनीहरूले करार प्रणाली अन्त्य गर्नुपर्ने माग राखे। यी विरोध प्रदर्शन इमानपूर्वक गरिएको थियो। तर, इजरायल र संरा अमेरिकाले त्यसबाट फाइदा लुट्न खोजे। उनीहरूले एउटा कानुनी सङ्घर्षलाई इरानमा सत्तापलट गराउने आफ्नो कुटिल कारबाहीसँग जोड्न खोजे।

इरानमा अहिले जे भइरहेको छ त्यसलाई बुझ्न ऐतिहासिक महत्त्वका ६ वटा कुरा बुझ्नुपर्छ। सन् १९७९ यता इरानले अरब तथा मुस्लिम जगतका राजतन्त्रहरूको दाँजोमा निकै महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। इरान प्यालेस्टिनी सङ्घर्षको एक बलियो पहरेदार पनि रहिआएको छ। विदेशी हस्तक्षेपका हिसाबले इरान अछुतो रहेन। सन् १९०१ देखि नै इरानको तेलमाथि बेलायतको नियन्त्रण थियो। सन् १९०७ मा बेलायत र रुसबिच एउटा सम्झौता भयो। त्यसले इरानमाथिको प्रभावलाई आपसमा बाँड्यो। सन् १९२१ को सत्ताविद्रोहबाट रेजा खान गद्दीनसिन भए। सन् १९५३ को सत्ताविद्रोहपछि उनैका छोरा मोहम्मद रेजा शाह पहलवी गद्दीनसिन भए। सन् १९७९ मा आयोतोल्लाह खामेनीको नेतृत्वमा इरानमा क्रान्ति भयो। त्यही वर्षदेखि सो क्रान्तिविरुद्ध पश्चिमाहरूले बहुपक्षीय हाइब्रिड युद्ध चलाउँदै आएका छन्। तल यसबारे सविस्तार चर्चा गरौँ :

१. सन् १९७८-७९ मा इरानी क्रान्ति भयो। त्यो क्रान्तिले इरानका बादशाह रेजा पहलवीलाई सत्ताच्यूत गऱ्यो। धार्मिक मठाधीशहरूको शक्तिशाली हैसियत र राजनीतिक संरचनाले गर्दा सन् १९७९ अप्रिलमा इस्लामी गणतन्त्रको स्थापना भयो। सन् १९७९ डिसेम्बरमा इस्लामी गणतन्त्रको संविधान जारी भयो। कम्युनिस्ट र उदारवादीहरू जस्ता अन्य क्रान्तिकारी धार किनार लाग्दै गए। कतिपय स्थानमा उनीहरूमाथि दमन पनि भयो। सरकारले महिला अधिकार कुण्ठित गर्दै लग्यो। खासगरी महिलाले हिजाब लगाउनैपर्ने नीति ल्यायो। यसको विरोधमा सन् १९७९ को मार्च महिनामा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन तेहरानमा आन्दोलन उठ्यो। यसले गर्दा सरकार थोरै गल्न बाध्य भयो। तर, महिलाहरूको त्यो जीत धेरै टिकेन। सन् १९८३ मा अनिवार्य हिजाब ऐन पारित भयो।

२. सन् १९७७ मा पाकिस्तानमा जिया उल-हकविरुद्ध सैन्य विद्रोह भयो। सन् १९७८ अगस्टमा अफगानिस्तानमा सौर क्रान्ति भयो। सन् १९७८ अक्टोबरमा स्थापित यमनी समाजवादी पार्टीले प्रजातान्त्रिक जनगणतन्त्र यमनको स्थापना गरेर देशलाई सोभियत प्रभावमा लग्यो। यसले गर्दा सन् १९७९ फेब्रुअरी-मार्चमा यमनका उत्तरी र दक्षिणी भेगबिच युद्ध भयो। सन् १९७९ को जुलाइमा इराकमा सद्दाम हुसेनले सत्ता कब्जा गरे? यी नै क्रान्तिको पृष्ठभूमिमा इरानी क्रान्ति भएको थियो। तिनताका समग्र दक्षिण-पश्चिम र मध्यएसियामा राजनीतिक कायापलट हुँदै थियो। यीमध्ये केही देशका परिवर्तन (पाकिस्तान र इराक) बाट संरा अमेरिकालाई लाभ भयो। अन्य केही देशका परिवर्तन (अफगानिस्तान, इरान, यमन) बाट अमेरिकी स्वार्थमा धक्का पुग्यो। छिट्टै संरा अमेरिकाले आफ्नो स्वार्थपूर्ति गर्न जोडबल लगाउन थाल्यो। उसले इरानको इस्लामी गणतन्त्र, प्रजातान्त्रिक जनगणतन्त्र यमन र प्रजातान्त्रिक जनगणतन्त्र अफगानिस्तानमा सत्ताविद्रोह गराउन खोज्यो।

३. अमेरिकाको जोडबलले गर्दा ती तीनवटै देशमा युद्धकै जस्तो माहोल बन्यो। संरा अमेरिका र खाडीमा रहेका उसका साझेदारहरूले इराकलाई इरानमाथि आक्रमण गर्न भने। सन् १९८० को सेप्टेम्बरमा इराकले इरानमाथि आक्रमण गऱ्यो। त्यो युद्ध सन् १९८८ सम्म चालु रह्यो। खाडीका अमेरिकी साझेदारहरूले उत्तर यमनलाई दक्षिण यमन कब्जा गर्न भने। यी दुई यमनलाई एकताबद्ध गर्ने कार्यमा मध्यस्थता गरिरहेका माओवादी नेता सलिम रुबाया खलीको हत्यापछि उत्तरी यमनले दक्षिणमाथि धावा बोल्यो। यसपछि अफगानिस्तानमा संरा अमेरिकाले मुसलमान कट्टरपन्थी मुजाहिद्दीनलाई पैसा पेल्न थाल्यो। अमेरिकाको दानापानी खाएर मुजाहिद्दीनहरूले आफगानिस्तानका वामपन्थी कार्यकर्ताहरूको हत्या अभियान नै सुरु गरे। विदेशी आक्रमणका कारण इरान, अफगानिस्तान र यमनमा चलिरहेको सामाजिक परिवर्तनको सिलसिला सेलाउँदै गयो। प्रजग अफगानिस्तान १८ वर्ष टिक्यो तर बाह्य हस्तक्षेपका ४० वर्षमा अफगानिस्तान भयावह हिंसा र युद्धको चपेटामा पऱ्यो। दक्षिणी यमनको मार्क्सवादी सरकार सन् १९९० सम्म अस्तित्वमा रह्यो। यस बेलासम्ममा ऊ आफ्ना आकाङ्क्षाहरूको धुमिल छायाँ मात्र बनेको थियो। अमेरिकाले आँखा गाडेका तीन देशमध्ये इरानको इस्लामी गणतन्त्र मात्र टिकिरहेको अवस्था छ। इराकी युद्ध (सन् १९८८) पछि अमेरिकाले इरानमाथि कडा आर्थिक प्रतिबन्ध लगाउने नीति लियो। तैपनि, इरान टिकिरहेको छ।

४. इस्लामी गणतन्त्र इरानले पालैपालो अनेक चुनौती र सास्ती ब्यहोर्दै आएको छ :

सबैभन्दा ठुलो चुनौती अमेरिकी साम्राज्यवाद रह्यो। उसले इरानमाथि इराकलाई युद्धमा होम्यो। उसले पुनः सत्तामा फर्किन पुराना शासकहरूले गरिरहेको प्रयासमा अमेरिकाले पूरा साथ दियो। साथै, इरानलाई निस्तेज पार्न इजरायलले गर्ने चलखेलमा अमेरिकाले सहयोग गऱ्यो। (इरानविरुद्ध इजरायलले प्रत्यक्ष आक्रमण, तोडफोड अपरेसन, सैन्य एवम् वैज्ञानिक क्षेत्रका हस्तीहरूको हत्यालगायत क्रियाकलाप गर्दै आएको छ।) इरानको क्षेत्रीय शक्ति कमजोर पार्न संरा अमेरिका र इजरायलले मिलेर व्यवस्थित रूपमै साँठगाँठ गर्दै आएका छन्। जस्तो, सन् २०२० मा उनीहरूले इरानका जनरल कासिम सुलेमानीको हत्या गरे। इजरायलले गाजामा जातिसंहार चलाइरहँदा लेबनानको हेजबुल्लाह समूहविरुद्ध पनि कठोर आक्रमण भयो। त्यस्तै, उनीहरूले सन् २०२४ मा सैयद हसन नासराल्लाहको हत्या गरे। सन् २०२४ को डिसेम्बरमा सिरिया सरकारलाई सत्ताच्यूत गरेर आतंकवादी समूह अल-कायदाका पूर्व प्रमुखलाई सिरियाको राष्ट्रपति बनाए।

इरानका पुराना शासकहरूको नेतृत्व पूर्वराजा शाहले गरिरहे। सन् १९८० मा उनको निधन भयो। त्यसपछि उनका छोरा र तथाकथित युवराज रेजा पहलवीले तिनीहरूको नेतृत्व गर्दै आएका छन्। इरानको राजगद्दी फर्काउन उनलाई युरोपेली र अमेरिकीहरूले सहयोग गर्दै आएका छन्। भन्नलाई त सन् १९४१ देखि नै इरानका शाहले राजमुकुट लगाइरहेका थिए। तर, सन् १९५१-५३ बिच उनी प्रजातान्त्रिक सरकारलाई स्वीकार्न बाध्य भए। त्यो प्रजातान्त्रिक सरकारलाई सत्ताच्यूत गर्न पश्चिमा गुप्तचर निकायहरू निकै सक्रिय भए। सन् १९५३ पछि ती गुप्तचर संस्थाले राजालाई निरङ्कुश शासन लाद्न उक्साए। राजाको स्वेच्छाचारी शासनकै विरुद्ध सन् १९७८-७९ मा क्रान्ति भयो। त्यसपछि राजावादी गुटले लगातार इरानी सत्तामा फर्किने प्रयास गरिरहेको छ। जस्तो, सन् २००९ मा इरानमा हरित आन्दोलन भयो। त्यसमा थोरै राजावादी तत्त्वहरू पनि थिए। तर, त्यसको नेतृत्व इरानको पछिल्लो शासक वर्गले गरेको थियो। उनीहरू साधारण वर्गबाट राष्ट्रपति बनेका महमुद अहमदिनेजादलाई हटाएर राजनीतिक सुधार गर्न चाहन्थे। तर, संरा अमेरिकाले पूर्वराजाका छोरा रेजा पहलवीलाई पछिल्लो आन्दोलनको नेताको रूपमा 'छनोट गर्नु' बाट धेरै कुरा खुल्छ। हाल रेजा पहल्वी अमेरिकाको लस एन्जलस सहरमा बस्छन्।

इस्लामी गणतन्त्र इरानले बोकेको रूपान्तरणकारी सामाजिक मुद्दाका केही सीमा थिए। इरानले पुराना शासकहरूको एक तप्कालाई स्वीकार गऱ्यो। तिनीहरूलाई तिनको सम्पत्ति कायम राख्न दियो। यसरी, पुरानो वर्गविभाजन कायमै रह्यो। यसले गर्दा ती कुलीनहरू पुस्तैनी सम्पत्तिबाट लाभान्वित भइरहे। त्यसबाट लाभान्वित हुने मध्यम वर्गको पनि उदय भयो। सन् १९८९ जूनमा क्रान्तिका नेता आयोतल्लाह रुहोल्लाह खामेनीको निधन भयो। इरान-इराक युद्ध टुङ्गियो। यसपछि इरान सरकारले अन्तर्राष्ट्रिय मुद्राकोषको संरचनात्मक समायोजन नीति अङ्गीकार गर्दै गयो। दशकौँसम्म इरानले ती नीतिहरू लागु गरिरह्यो। (यो नीतिको नेतृत्व मोहसिन नुरबक्शले गरेका थिए। उनी सन् १९८९-९४ बिच इरानका वित्तमन्त्री थिए र सन् १९९४-२००३ बिच केन्द्रीय बैङ्कका प्रमुख थिए।) सन् १९७९ को क्रान्तिपछि इरानी अर्थतन्त्रलाई समाजवादी शैलीमा व्यवस्थित गरिएन। तर, युद्धको आवश्यकता र समाज कल्याणप्रतिको इस्लामी प्रतिबद्धताका कारण अर्थतन्त्रमा राज्यको पकड र केन्द्रको योजना निर्माणलाई बलियो पारियो। नुरबक्शले राज्यको भूमिकालाई पूर्णतः हटाउन सकेनन्। तर, उनले मौद्रिक र बैङ्क प्रणालीमा सुधार गरे। साथै, उनले सावधानीपूर्वक इरानलाई विश्व अर्थतन्त्रसँग जोडे। अमेरिका-युरोपले लगाएको आर्थिक प्रतिबन्ध र अमेरिका-इजरायलको सैन्य धम्कीका कारण बहुसङ्ख्यक इरानी जनताको जीवन झन्झन् कष्टकर बन्दै गयो; उनीहरू वर्गविमुख बन्दै गए। उनीहरूको कष्ट चर्काउने तेस्रो कारक बन्यो अली तायबनिया (सन् २०१३-१७) र अली मदानिज्देह (२०२५) जस्ता नवदारवादी वित्तमन्त्रीहरूले अपनाउँदै लगेको नवउदारवादी नीति। (अमेरिका-इजरायलको सैन्य खतराका कारण इरानले सेनामा ठुलो खर्च गर्नुपर्छ। इरान आफ्नो 'जिडिपी' को २.५ प्रतिशत सेनामा खर्च गर्न बाध्य छ। राजाको पालामा इरानले 'जिडिपी' को १२ प्रतिशत सेनामा खर्च गर्थ्यो।) इस्लामी गणतन्त्र आफैले कोरेको सीमाका कारण त्यहाँ आर्थिक विषयलाई लिएर घुमाइफिराइ आन्दोलन हुँदै आएका छन्। जस्तो, सन् २०१७-१८ मा महँगी र अनुदान कटौतीको विरोधमा आन्दोलन भएको थियो; २०१९ मा इन्धनको मूल्यवृद्धिका कारण आन्दोलन भएको थियो; सन् २०२५ मा रोटी उत्पादकको आन्दोलन भयो; सन् २०२५-२६ मा बढ्दो महँगी र इरानी मुद्रा रियालको अवमूल्यनका कारण विरोध भइरहेको छ।

५. पछिल्लो विरोध प्रदर्शनका कारक मूलतः रियाल-डलर सटही दरमा भएको तीव्र वृद्धि र खाद्यान्नमा भएको ६० प्रतिशत महँगी हुन्। दक्षिणी पार्सको मजदुर हडताल अब सहरी हिंसामा फेरिएको छ। तर, यो पछिल्लो हिंसा अति योजनाबद्ध देखिन्छ। यसबाट बाह्य हस्तक्षेपको गहिराइ अवगत हुन्छ। प्रशासनले आयात-निर्यात क्षेत्रको एउटा तप्कालाई प्राथमिकता दिएको छ। आर्थिक नाकाबन्दीको पृष्ठभूमिमा यो तप्काले काम गर्छ। यसले वस्तु निर्यात गर्नेहरूलाई टेवा पुग्छ तर आयात गर्नेहरू मारमा पर्छन्। यो

बाँकी पृष्ठ ७ मा



# भेनेजुयला सुरुआत हो, ट्रम्पका ध्वंसहरू बाँकी छन्

✍ ओवेन जोन्स

अमेरिकी बमवर्षाले भेनेजुयलाको क्षितिज धपक्क बलिरहँदा हामी एउटा पतनोन्मुख साम्राज्यका रुग्ण लक्षणसँग साक्षात्कार गरिरहेका थियौँ । पङ्क्तिकारको यो कथन अनौठो र असङ्गत प्रतीत हुन सक्छ । किनभने, अमेरिकाले भेनेजुयलाका नेतालाई अपहरण गरेको छ र डोनाल्ड ट्रम्पले 'अब भेनेजुयला म चलाउँछु' भन्ने घोषणा गरेका छन् । नि:सन्देह यो पतन कम, उन्माद बेसी लाग्छ । आफ्नै शक्तिको मादकतामा चुर महाशक्तिको उन्माद !

गुण भन्न मिल्ने हो भने ट्रम्पको एउटा मज्जाको गुण छ । त्यो हो, स्पष्टवादिता । पहिलेका अमेरिकी राष्ट्रपतिहरू नाङ्गो स्वार्थको लाज ढाक्न 'लोकतन्त्र' र 'मानवअधिकार' को भाषा प्रयोग गर्थे । ट्रम्पलाई भने यस्तो ढाक्ने/छोप्ने लँगौटी धारण गर्नु छैन । सन् २०२३ मा उनले भनेका थिए, "मैले ह्वाइटहाउस छोड्दा भेनेजुयला ढल्न ठिक्क परेको थियो । हामी त्यो देश कब्जा गर्न सक्थ्यौँ, त्यहाँको भएभरको तेल कब्जा गर्न सक्थ्यौँ । आफ्नै घरको वल्लातिर यी सारा कुरा गर्न सकिन्थ्यो ।" यो तात्तातो टिप्पणी थिएन । तेल हत्याउने तर्कका अतिरिक्त अन्य धेरै विषय ट्रम्पको ताजा प्रकाशित राष्ट्रिय सुरक्षा रणनीतिमा प्रस्टत: व्यक्त छन् ।

राष्ट्रिय सुरक्षा रणनीतिसम्बन्धी दस्ताबेजले वासिङटनमा लामो समयदेखि अस्वीकार गरिँदै आएको एउटा कुरा स्वीकार्छ - अमेरिकी वैश्विक वर्चस्व एकादेशको कथा भइसक्यो । 'शीतयुद्धको अन्त्यपछि अमेरिकी विदेश नीतिका हर्ताकर्ताहरूले सम्पूर्ण संसारमाथि स्थायी अमेरिकी वर्चस्व हाम्रो देशको सर्वोच्च हितमा छ भनेर स्वयम्लाई विश्वस्त तुल्याए,' दस्ताबेजले खुलमखुला भर्त्सना गर्दै भनेको छ, 'सम्पूर्ण विश्व व्यवस्थालाई भीमकाय एटलासले झैँ काँध थाप्ने अमेरिकाको दिन गइसक्यो ।' यस घोषणामार्फत राष्ट्रिय सुरक्षा रणनीतिले अमेरिकी महाशक्ति हैसियतको अप्रत्याशित अन्त्येष्टि-अनुष्ठान सम्पन्न गरेको छ ।

महाशक्तिको ठाउँ अहिले प्रतिद्वन्द्वी साम्राज्यहरूले लिएका छन् । प्रत्येक साम्राज्य आफ्नो प्रभाव क्षेत्र बलियो बनाउन खोजिरहेको छ । संयुक्त राज्य अमेरिकाको लागि त्यो क्षेत्र भनेको उत्तर, मध्य र दक्षिण अमेरिका हो । 'वर्षौंसम्म मुनरो सिद्धान्तलाई उपेक्षा गरियो,' ट्रम्पको सुरक्षा रणनीतिको निर्क्योल छ । यसले 'पश्चिमी गोलार्द्धमा अमेरिकी श्रेष्ठता पुन:स्थापित गर्न अमेरिकाले मुनरो सिद्धान्त पुन: दृढतापूर्वक लागू गर्ने' घोषणा गरेको छ । सन् १८२३ मा प्रतिपादित मुनरो सिद्धान्तको दाबी थियो, यसले युरोपेली उपनिवेशवादको बाटो छेक्ने छ । तर, व्यवहारत: यसले ल्याटिन अमेरिकी छिमेकमा अमेरिकी वर्चस्वको जग हाल्ने काम गर्‍यो ।

ल्याटिन अमेरिकामा वासिङटन-सहजीकृत हिंसा कुनै नौलो कुरो होइन । पङ्क्तिकारका आमाबुबा चिलीको दक्षिणपन्थी तानाशाहीबाट उम्किन शरणार्थी बन्न बाध्य भएका थिए । सन् १९७३ मा सीआईए-समर्थित 'कू' मार्फत समाजवादी राष्ट्रपति साल्भाडोर आएन्देको तख्ता पल्टाएपछि त्यहाँ अमेरिकाले तानाशाही रोप्यो । 'कुनै देश त्यहाँका जनताको गैरजिम्मेवारी र निकम्मापनका कारण कम्युनिस्ट बनेको तमासा हामीले किन हेर्नुपर्ने हो, म बुझ्दिनँ,' तत्कालीन विदेशमन्त्री हेनरी किसिन्जरले हाकाहाकी भनेका थिए । यही तर्कको सहारामा अमेरिकाले ब्राजिल, अर्जेन्टिना, उरुग्वे, पाराग्वे र बोलिभियाजस्ता देशका साथै मध्य अमेरिका र क्यारेबियन क्षेत्रका हत्यारा र रक्तपिपासु शासनलाई समर्थन गरिरह्यो ।

तर, विगत तीन दशकमा त्यो अमेरिकी वर्चस्वले चुनौती खेपिरहेको छ । उदाहरणार्थ, तथाकथित 'गुलाबी ज्वार' लाई लिऊँ । ब्राजिली राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले नेतृत्व गरेको 'गुलाबी ज्वार' ल्याटिन अमेरिकाका प्रगतिशील तथा वामपन्थ-झुकावी सरकारहरूको अभियान थियो, जसले बृहत्तर क्षेत्रीय स्वतन्त्रतामा जोड दिन्थ्यो । अमेरिकी प्रभुत्वलाई अर्को कडा चुनौती चीनले दियो, जो अमेरिकाको प्रमुख प्रतिद्वन्द्वी हो । दक्षिण अमेरिकाभरि उसले आफ्नो शक्ति र प्रभाव विस्तार गरिरहेको छ । चीन र ल्याटिन अमेरिकाबिचको दुईतर्फी वस्तु व्यापार सन् १९९० मा जति थियो, सन् २०२३ मा त्यसको २ सय ५९ गुणा ठुलो थियो । हाल चीन दक्षिण अमेरिका महादेशको दोस्रो ठुलो व्यापार साझेदार हो । ऊ अमेरिकाभन्दा एक कदम मात्र पछाडि छ । शीतयुद्धको अन्त्यताका दक्षिण अमेरिकासँग बृहत् व्यापार गर्ने शीर्ष १० देशको सूचीमा पनि चीन पर्दैनथ्यो । भेनेजुयलामाथि ट्रम्पको आक्रमण यो समग्र प्रक्रिया उल्ट्याउने खेलको सुरुआती चाल मात्र हो ।

ट्रम्पको पहिलो कार्यकालको अनुभवले धेरैलाई कुन निष्कर्षमा पुर्‍यायो भने ह्वाइटहाउसको पहलमान् त धम्की दिनलाई मात्रै पहलमान् रहेछन् । तत्पश्चात्, ट्रम्पले परम्परागत रिपब्लिकन सम्भ्रान्तहरूसँग एउटा सहमति गरे । त्यो अलिखित सम्झौता स्पष्ट थियो - ट्रम्पले कर कटौती र विनियमन लागू गर्ने र उनीहरूले ट्रम्पको हाइहाइ गर्ने । त्यसपछि उनी सामाजिक सञ्जालमा अविराम बकबास गर्न स्वतन्त्र थिए ।



ट्रम्पको दोस्रो कार्यकाल सम्पूर्णत: चरम दक्षिणपन्थी राज हो ।

जब उनी कोलम्बिया र मेक्सिकोका लोकतान्त्रिक तवरले निर्वाचित राष्ट्रपतिहरूलाई खुलेआम धम्काउँछन्, विश्वास गर्नुहोस्, उनले यत्तिकै धम्काएका होइनन् । जब उनी मुख मिठ्याउँदै घोषणा गर्छन्, 'क्युवा ढल्न ठिक्क परेको छ,' उनलाई विश्वास गर्नुहोस् । जब उनी भन्छन्, 'हामीलाई हर हालतमा ग्रिनल्यान्ड चाहिएको छ,' उनलाई विश्वास गर्नुहोस् । उनी साँच्चै नै २० लाख वर्ग किलोमिटरभन्दा बेसी युरोपेली भूभाग अमेरिकामा गाभ्न उद्यत छन् ।

ट्रम्पेली साम्राज्यले ग्रिनल्यान्ड निल्यो भने के हुन्छ ? भेनेजुयलामाथिको निर्लज्ज अवैध आक्रमणप्रति युरोपेलीहरूको टिठलाग्दो कमजोर प्रतिक्रियालाई उनले मनन गरेकै होलान् । डेनिस सार्वभौम भूभागमाथि अमेरिकाले कब्जा जमायो भने त्यो सामूहिक प्रतिरक्षा सिद्धान्तअन्तर्गत स्थापित नाटोको अन्त्यको जनाउ हुनेछ । रुसले युक्रेन खाएजत्तिकै सरमहीन तवरले डेनमार्कको भूमि लुटिनेछ । लन्डन, पेरिस वा बर्लिनबाट जेजति मौन स्वरहरू सतहमा आऊन्, पश्चिमी गठबन्धन मृत हुनेछ ।

सोभियत सङ्घको पतनपछि अमेरिकी कुलीनवर्गले दुइटा मान्यतामा आफूलाई विश्वस्त तुल्यायो । एक, अमेरिका सैन्यशक्तिका हिसाबले अपराजय छ र दुई, उसको आर्थिक मोडलले मानव विकासको अन्तिम चरण अङ्कित गरेको छ । यही अहम्त्याइँले अमेरिकालाई इराक, अफगानिस्तान र लिबियामा घोर विफलता मात्र दिलाएन, सन् २००८ को वित्तीय सङ्कटमा पनि पुर्‍यायो । अमेरिकी सम्भ्रान्तहरूले जनतालाई आदर्शलोकीय सपना बाँड्दै एकपछि अर्को विपत्तिमा घिसारिरहे । स्वयम् ट्रम्पवाद आम मोहभङ्गता र निराशाबाट जन्मिएको थियो । ट्रम्पको 'अमेरिका प्रथम' वा 'अमेरिकाको हित सर्वोपरि' नीति थियो, अमेरिकी पतनप्रतिको प्रतिक्रिया । पश्चिमी गोलार्द्धीय साम्राज्यको पक्षमा वैश्विक प्रभुत्व त्यागनु त्यो प्रतिक्रिया थियो ।

पश्चिमी गोलार्द्धमा साम्राज्य फैलाउने नीतिले अन्तत: अमेरिकालाई कहाँ पुर्‍याउँछ ? उन्नाइसौँ शताब्दीको अन्त्यतिर अमेरिकाले स्पेनलाई पराजित गरेर फिलिपिन्स कब्जा गरेपछि त्यस समयका विख्यात अमेरिकीहरू (लेखक मार्क ट्वेनलगायत) ले अमेरिकी साम्राज्यवादविरोधी सङ्घ स्थापना गरेका थिए । 'हाम्रो धारणा छ, साम्राज्यवाद नामक नीति स्वतन्त्रताको वैरी हो र यो सैन्यवादतर्फ उन्मुख हुन्छ,' उनीहरूको घोषणा थियो, 'यस्तो दुष्टताबाट मुक्त हुनु हाम्रो गौरव रहिआएको छ ।'

सन् १९०० को राष्ट्रपतीय निर्वाचनमा डेमोक्र्याटिक पार्टीले घोषणा गरेको थियो, "कुनै पनि राष्ट्र आधा गणतन्त्र र आधा साम्राज्य भएर दीर्घजीवी हुन सक्दैन । हामी अमेरिकी जनतालाई सजग गराउन चाहन्छौँ, अन्यत्र फैलाइएको साम्राज्यवादले देशलाई द्रुतगतिमा र अनिवार्यत: तानाशाही र निरङ्कुशतातर्फ धकेल्छ ।" अन्तत: प्रत्यक्ष उपनिवेशवादको स्थान अनौपचारिक साम्राज्यले लियो र सर्वदा गम्भीर रूपले त्रुटिपूर्ण अमेरिकी लोकतन्त्र टिकिरह्यो ।

सवा शताब्दीअघि डेमोक्र्याटिक पार्टीले दिएको चेतावनीलाई आज कसले अतिरञ्जना ठानेर खारेज गर्ला ? देशबाहिर जे हुन्छ, देशभित्र पनि त्यही हुने हो । यसलाई मार्टिनिकन लेखक एमे सिजेअरले पौने शताब्दीअघि नै 'साम्राज्यवादी बुमर्‍याङ' भनेका थिए । उनले युरोपेली उपनिवेशवाद कसरी फासीवादका रूपमा युरोप महादेशमै फर्किएको थियो भन्ने विश्लेषण गरेका थिए । हामीले 'आतङ्कवादविरोधी युद्ध' मा यस्तो बुमर्‍याङ अर्थात् प्रत्यावर्तन देखिसकेका छौँ । यसको भाषा र तर्कलाई घरेलु दमनको निम्ति पुनर्अङ्गीकार गरियो । गत गृष्ममा ट्रम्पका डेपुटी चिफ अफ स्टाफ स्टिफेन मिलरले भनेका थिए, 'डेमोक्र्याटिक पार्टी राजनीतिक पार्टी नै होइन । यो त घरेलु चरमपन्थी सङ्गठन हो ।' डेमोक्र्याटिक पार्टी सत्तासीन भएका सहरहरूमा राष्ट्रिय सुरक्षा फौज खटाइन्छ । यसले कुनै बेला अफगानिस्तान र इराकमा कब्जा गर्न सेनाको उपस्थिति वृद्धि गरेको झल्को दिन्छ ।

यस दृष्टिकोणले युक्रेनमा रुसी महत्त्वाकाङ्क्षाप्रति ट्रम्पको नरम भाव र उदारतामा कुनै रहस्य छैन । सुनिएअनुसार सन् २०१९ मा रुसले अमेरिकासमक्ष एउटा प्रस्ताव राखेको थियो । युक्रेनबाट पछि हट्ने हो भने अमेरिकाले भेनेजुयलामा प्रभाव विस्तार गर्दा रुसलाई आपत्ति हुने छैन । के थाहा, यी दुईबिच यस्तो सम्झौता भएकै थियो कि ? सत्य के हो भने नयाँ विश्व व्यवस्थाको जन्म हुँदै छ । त्यस्तो विश्व व्यवस्था; जहाँ उत्तरोत्तर अधिनायकवादी शक्तिले छिमेकी देशलाई अधीनस्थ राख्न र उसको संसाधन हडप्न नृशंस बल प्रयोग गर्छ । उहिले जो दु:खदायी कल्पनाजस्तो लाग्थ्यो, अहिले त्यसैको खुलेआम विन्यास गरिँदै छ । प्रश्न यत्ति हो, यसविरुद्ध लड्नका लागि हामीसँग साधन, सामर्थ्य र तत्परता छ त ?

*(ब्रिटिस पत्रकार तथा लेखक जोन्सका 'चाभास : द डिमोनाइजेसन अफ द वर्किङ क्लास', 'दी अल्टरनेटिभ : एन्ड हाउ वी बिल्ड इट' लगायत किताब प्रकाशित छन् ।)*

***- 'द गार्डियन' बाट***

---

**इरानको...**

समस्या सल्टाउन सजिलो छैन । एकाएक ३०-४० प्रतिशत मुद्रा अवमूल्यन हुनु विदेशी वित्तीय चलखेलबिना सम्भव छैन । तसर्थ, सुरुमा केन्द्रीय बैङ्कविरुद्ध व्यावसायीहरूको विरोधले लगत्तै राज्य संरचनाविरुद्ध हिंसात्मक र आक्रामक रूप लियो । 'विरोध प्रदर्शन' शान्तिपूर्ण भेलाबाट रातारात सहरी तोडफोड र हुलदङ्गामा परिणत भयो । झन्डै १०० जना सुरक्षाकर्मी मारिए । केही सरकारी कर्मचारीलाई जिउँदै जलाइयो । एक सुरक्षाकर्मीको टाउको काटियो र एक क्लिनिकमा आगजनी हुँदा एक नर्सको मृत्यु भयो ।

सर्वसाधारणमाथि नजिकैबाट साना हतियार प्रयोग गरिएको छ । यसबाट घरेलु तनाव चर्काउन र विदेशी हस्तक्षेपको ढोका खोल्न टेवा पुगेको छ । यो भाँडभैलोपछाडि भूराजनीतिक खेललाई अस्वीकार गर्न मिल्दैन । किनभने, अमेरिकी विदेश मन्त्रालय र इजरायली गुप्तचर निकाय मोस्सादले हिंसा भड्किरहेकै बेला खुलेआम वाहवाही गरिरहेको स्थिति छ । प्रशासकहरूले इन्टरनेट सेवा बन्द गरेपछि प्रदर्शनकारीहरूको तागत घटेको छ । यसबाट आन्दोलन स्वत:स्फूर्त थियो भन्ने दाबी कमजोर बनेको छ । बरु अन्तर्राष्ट्रिय परिस्थिति भद्रगोल भइरहेको बेला इरानमा अस्थिरता ल्याउने षड्यन्त्र भएको निष्कर्षमा बल पुगेको छ ।

६. विपक्षीहरू सडकमा आएका छन् । तर, आफूसँग सत्ता हत्याउने शक्ति नभएको उनीहरूलाई थाहा छ । अमेरिका र इजरायलले घुसपैठ गरेको खबर आइरहेको छ । यत्तिकैमा पूर्वराजाका छोराले विरोध प्रदर्शनको श्रेय लिँदै प्रदर्शनको लाभ आफूले पाउनुपर्ने बताउँदै छन् । यसले गर्दा प्रदर्शनकारीहरू अक्करमा परेका छन् । अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उग्रसाम्राज्यवादको कमान सम्हाल्दै छन् भने इजरायलले आफूले एकपछि अर्को विजय हात पारिरहेको महसुस गर्दै छ । यस्तो स्थितिमा यो खतरनाक गिरोहले अब के गर्छ भनी पत्ता लगाउन सम्भव छैन । आन्दोलन मत्थर हुँदै जाने सङ्केत देखिन्छ । यस्तो बेला अमेरिका र इजरायलले मौकाको फाइदा उठाउँदै तेहरानलगायत सहरमाथि हमला गर्न सक्छन् । त्यो स्थितिमा उनीहरूले सन् २०२५ जूनको भन्दा जोडदार आक्रमण गर्नेछन् । यो इरानका जनताको लागि मात्र चिन्ताको विषय होइन । (यसै पनि बहुमत इरानीहरू आफ्नो देशमाथि बाह्य आक्रमण भएको हेर्न चाहँदैनन् ।) इरानमाथिको आक्रमण दक्षिणी गोलार्द्धका जनताका लागि पनि चिन्ताको विषय हो । भेनेजुयला र इरानलाई खाने बाघले आफूलाई पनि खान सक्ने चिन्ता दक्षिणी गोलार्द्धका जनताको छ ।

इरानी जनता वास्तविक समस्याबाट आजित छन् । तर, अमेरिका-इजरायल जस्ता उग्र साम्राज्यवादीहरूले आकाशबाट बम खसाल्दैमा उनीहरूको समस्या समाधान हुनेछैन । आफ्नो समस्याको समाधान इरानीहरू आफैले निकाल्नुपर्नेछ । आर्थिक प्रतिबन्ध र हिंसाको सन्त्रासले उनीहरूलाई त्यसो गर्न दिँदैन । पश्चिमा देशहरूमा 'इरानीहरूप्रति हाम्रो ऐक्यबद्धता छ' भन्न त सजिलो छ । ( पश्चिममा अहिले प्यालेस्टिनीहरूप्रति समर्थन जनाउँदा र आप्रवासनविरोधी नीतिहरूप्रति आक्रोश व्यक्त गर्दा प्रदर्शनकारीहरू कुटिनु र मारिनुपर्ने स्थिति छ ।) तर, 'इरानविरुद्ध आर्थिक प्रतिबन्ध हटाऊ' र 'इरानी जनतालाई आफ्नै भविष्यमा सास फेर्न देऊ' भन्न पश्चिमा देशहरूमा अहिले निकै गाह्रो छ ।

*(विजय प्रसाद भारतका इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी लेफ्टवर्ड बुक्सका सम्पादक हुन् भने सामाजिक अनुसन्धान संस्थान ट्राइकन्टिनेन्टलका निर्देशक हुन् । उनका करिब दुई दर्जन पुस्तक प्रकाशित छन् ।*
*स्रोत : एमआर अनलाइन । सम्यक)*

# खरबौं ऋण बोकाएर विकासको ध्वाङ फुक्नु गलत




भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ २ वडा समिति, भक्तपुरको आयोजनामा प्रवीणता प्रमाणपत्र तह, दस जोड दुई, स्नातक तह, स्नातकोत्तर तह, एम फिल तथा पीएचडी उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रम माघ ३ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले युवा-विद्यार्थीहरूले देश र बाँकी संसारलाई बुझ्न जरुरी छ भन्नुभयो ।

उहाँले सरकारमा गएका दलका प्रधानमन्त्री र मन्त्रीहरूले देशलाई २८ खर्बभन्दा बढी ऋण बोकाएर विकासको ध्वाङ फुक्नु सत्य होइन भन्नुभयो ।

उहाँले नेमकिपाको घोषणापत्रअनुसार भनपाले स्थापना गरेका ख्वप कलेजहरूबाट देशभरका विद्यार्थीहरूलाई पढाएर सेवा गर्दै छ भन्नुभयो ।

उहाँले समाजलाई जाँड, रक्सी, धूमपानबाट बचाएर सुस्वास्थ्य बनाउनु जरुरी छ भन्नुभयो ।

उहाँले कृषिमन्त्रीहरू भ्रष्टाचारको चलखेलमा परेर कृषि मल कारखाना नेपालमा स्थापना नगरेको उल्लेख गर्दै नेताहरूले नेपालको नदीनाला भारतलाई सुम्पेर देशघात गर्दा नेमकिपाले विरोध गरेको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने सोचले कलेजहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले कलेजले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि गोलमेडल हासिल गरिसकेको उल्लेख गर्दै कलेज स्थापनाताका अग्रजहरूको सपनाअनुरुप कार्य भइरहेको बताउनुभयो ।

उहाँले विश्वविद्यालय अनुदान आयोगले १०० भन्दा कम विद्यार्थी भएकालाई बन्द गरिसकेको स्थितिमा ख्वप इन्जिनियरिङ कलेजले बढी क्षमताका साथ पढाउँदै आएको बताउनुभयो ।

विद्यार्थीले गरेका अनुसन्धानलाई विश्वका सबैले हेर्न पढ्न मिल्ने गरी व्यवस्था गरेको चर्चा गर्दै उहाँले कलेजले विद्यार्थीहरूलाई आफ्नै खुट्टामा उभिन सफल बनाउने कार्य गरिरहेको बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले नेमकिपा सिद्धान्तमा चलिरहेको पार्टी हो; भक्तपुर नगरपालिकाले गर्दै आएको विकास निर्माण एवं शैक्षिक ऋणबारे प्रकाश पार्नुभयो ।

वडा सदस्य श्यामसुन्दर मातांले देश बेचुवाहरू देशका लागि खतरा भएको उल्लेख गर्दै रास्वपाले नेपाललाई भारतको छातामुनि राख्न खोज्नु गलत हो भन्नुभयो ।

कार्यक्रममा स्थानीय गणेशप्रसाद सुवालले नेमकिपा मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराअनुरूप अगाडि बढिरहेको उल्लेख गर्दै ठुला पार्टीका नेताहरूले व्यक्तिगत स्वार्थका लागि मात्र राजनीति गरिरहेको बताउनुभयो ।

नेक्राविसङ्घका प्रज्ज्वल खत्रीले विद्यार्थीले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा ज्ञान दिने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

उमा मातांको सभापतित्वमा भएको सो कार्यक्रममा श्रद्धा कोजु, दीपशीखा बासुकला, कृष्णप्रसाद सुवाल र सुजिना ब्याञ्जुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा पुरस्कार वितरणको साथै सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

# पुँजीवादी व्यवस्थामा आर्थिक समस्या आइरहने

भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं स्थापना दिवस नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा पुस २९ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले पुँजीवादी व्यवस्थामा हरेक १० वर्षको एक पटक आर्थिक सङ्कट आउने बताउँदै हाल देशमा आइरहेका आर्थिक समस्याहरू पुँजीवादी व्यवस्थाको कारणले भएको बताउनुभयो ।

उहाँले पुरस्कारका लागि नभई सेवाका निम्ति कार्य गर्नुपर्ने भन्दै व्यक्तिगत स्वार्थभन्दा सामाजिक विकासको भावनामा जोड दिनुपर्ने बताउनुभयो । सरकारी निकायबाट दिइएको सम्मानभन्दा पनि जनताले दिइएको सम्मान ठुलो हुने कुरामा जोड दिँदै उहाँले सहकारी संस्था सिद्धान्तको पालना गरी इमानदारीका साथ पारदर्शी भई न्यून आय भएका वर्गको विकास गर्ने उद्देश्यका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले त्रिभुवन शिक्षण अस्पतालले स्वास्थ्य बीमा सुविधा बन्द गर्ने घोषण गरेको जानकारी दिँदै सरकारबाट उपलब्ध स्वास्थ्य बीमा सेवा बन्द गर्दा ठुलो समस्या आउन सक्ने सम्भावना रहेको बताउनुभयो । भक्तपुर नगरपालिकामा सरकारले सेवा बन्द गरे पनि स्थानीय जनता तथा सहकारीहरूबाट उठाइएको सामुदायिक विकास कोषको रकमले सो सेवालाई निरन्तरता दिन सकिने उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सिद्धि गणेश साकोसले समुदायको विकासको निम्ति कार्य गर्दै आएको बताउनुभयो । उहाँले आफ्नो लक्ष्य पूर्तिको क्रममा विभिन्न समस्याहरू आइरहने तर ती समस्याको सामना गरी अघि बढे लक्ष्य पूरा हुने बताउनुभयो ।

उहाँले संस्थाको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमले सदस्यहरूलाई सचेत गर्ने बताउँदै ती कार्यक्रमलाई निरन्तरता दिनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिका नगर सहकारी संयोजक हरिप्रसाद बासुकलाले विगतमा राम्रा कार्यहरू गरेको कारण सिद्धि गणेश साकोसको चर्चा जिल्लाभर हुने गरेको स्मरण गर्दै सिद्धि गणेश साकोसलाई निरन्तर नयाँ र राम्रा कार्य गर्दै जान सुझाव दिनुभयो । उहाँले सहकारी संस्थाहरू आर्थिक कारोबारमा मात्र सीमित नरही उत्पादन क्षेत्रमा पनि क्रियाकलाप गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष हरि बल्लले संस्थाको लक्ष्य प्राप्तिको लागि रणनीति र कार्यविधि बनाई कार्य गरे नगरेको स्थिति अनुगमन गर्दा सिद्धि गणेश साकोस नीति नियम पालना गरी सञ्चालन भएको एक प्रारम्भिक सहकारी रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सामाजिक विकासमा योगदान गर्ने उद्देश्यका साथ स्थापित यस संस्था सहकारी मूल्य मान्यता र सिद्धान्तको पालना गरी सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँले अतिथिहरूको सुझाव स्वीकार्दै असल सहकारी अभ्यास गर्दै आएको कारण ३२ वर्ष पुग्दा पनि संस्थामा कुनै समस्या नआएको र निरन्तर सञ्चालनमा रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरुले हाल जारी निर्देशनले सहकारी संस्थाहरूलाई एक वित्तीय संस्थाको रूपमा व्याख्या गरेको उल्लेख गर्दै सहकारी संस्थाले आर्थिक कारोबार मात्र गर्दा बैङ्क र सहकारीबिच कुनै भिन्नता नरहने बताउनुभयो । उपाध्यक्ष दुमरुले संस्थाका सदस्यहरूले सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्नुपर्ने आवश्यकता औँल्याउँदै सदस्यहरूले अद्यावधिक गरेको सदस्य पहिचान फारममा उल्लेख गरेको आय रकम वास्तविक हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले मङ्सिर मसान्तसम्ममा संस्थामा शेयर पुँजी २५ करोड ७१ लाख २१ हजार, कूल बचत २ अर्ब ७२ करोड ८९ लाख ९२ हजार, जगेडा कोष २७ करोड ५८ लाख ८५ हजार, कूल ऋण लगानी १ अर्ब ८८ करोड ५९ लाख ८५ हजार र कूल सम्पत्ति ३ अर्ब ३८ करोड ९६ लाख, ५२ हजार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले सहकारी संस्थाको उद्देश्य न्यून आय भएका सदस्यहरूको आर्थिक विकास गर्ने हुनुपर्नेमा हाल सहकारी संस्थाहरूले बैङ्कले जस्तै आर्थिक कारोबार मात्र गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष एवं सञ्चालक सदस्य राजन लाखाजुले न्यून आय भएका सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यका साथ संस्थाको स्थापना भएको बताउनुभयो । संस्थाका सचिव विष्णुप्रसाद दुमरु र संस्थाका व्यवस्थापक शिला गोसाईंले पनि बोल्नुभएको थियो ।

# साम्राज्यवाद अन्त्य नभएसम्म संसारका जनता सुरक्षित नहुने

संयुक्त राज्य अमेरिकी राष्ट्रपति ट्रम्पको शक्तिको उन्माद र अहङ्कारले सीमा नाघिसक्यो । अमेरिकी सेनाले पछिल्लो १२ महिनाभित्र सात देशमा हस्तक्षेप गरिसकेको छ । दोस्रो राष्ट्रपतीय कार्यकालमा अमेरिकी सेनाले इराक, इरान, सोमालिया, यमन, सिरिया, नाइजेरिया र भेनेजुयलामा हस्तक्षेप गऱ्यो । अमेरिकी राष्ट्रपति ट्रम्पले हाल कोलम्बिया, क्युवा, ग्रिनल्यान्डमा आक्रमण गर्ने चेतावनी दिए । उनले लाजै नमानी भेनेजुयलाको कार्यबाहक राष्ट्रपति भएको घोषणा गरेको पनि सञ्चारमाध्यममा आयो । ट्रम्पले अरू देशमा भएको आन्तरिक आन्दोलनलाई उचाल्न प्रोत्साहन गरिरहेका छन् । ट्रम्पले इरानमा भइरहेको आन्दोलनलाई इरान सरकारले दबाएमा इरानले ठुलो मूल्य चुकाउनुपर्ने धम्की दिए । अमेरिकी सरकारले इरानसँग व्यापार गर्ने देशमाथि देशको उत्पादनमा २५ प्रतिशत भन्सार शुल्क लिने निर्णयसमेत गऱ्यो । इरानसँग व्यापार गर्ने कुनै पनि देशले अमेरिकासँग गरिने सबै व्यापारमा २५ प्रतिशत शुल्क तिर्नुपर्ने बाध्यता अमेरिकी प्रशासनले गऱ्यो । चीन, इराक, यूएई (संयुक्त अरब इमिरेट्स), टर्की, भारत र पाकिस्तान आदि इरानका प्रमुख व्यापारिक साझेदार हुन् ।

साम्राज्यवादी देश अमेरिकाले विशेषत: समाजवादी, वामपन्थी, देशभक्त तथा साम्राज्यवादविरोधी देशहरूमाथि आक्रमण गरेको छ, सैनिक हस्तक्षेप गरेको छ । यो आक्रमण र हस्तक्षेपलाई कोलम्बिया र ब्राजिल सरकारले बन्दुकधारी कूटनीतिमा फर्कने बताएका छन् । अमेरिकी सरकार विश्वका विभिन्न मुलुकमा आक्रमण गरी विभिन्न संरचना ध्वस्त पार्दै त्यहाँको प्राकृतिक स्रोत र साधन कब्जा गरे पनि संयुक्त राष्ट्र सङ्घ किन मौन भन्ने प्रश्न विश्वका न्यायप्रेमी सरकार प्रमुख र जनताले गर्न थालेका छन् । अमेरिकी सरकार र राष्ट्रपति ट्रम्पको विश्वव्यापी विरोध भएको छ । संसारका स्वाधीन र सार्वभौम मुलुकको विरोध बढ्दै गएसँगै ट्रम्पले विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रबाट हात झिक्दै छन् । विश्व स्वास्थ्य सङ्गठनबाट त अमेरिका पहिले नै अलग भइसकेको छ ।

अमेरिकी प्रशासनको आक्रमण, हस्तक्षेप, नाकाबन्दी, दमन, करवृद्धि अति भइसकेको छ ।

> शक्तिको प्रतिकार शक्तिले नगरेसम्म अमेरिकी राष्ट्रपति ट्रम्पको अहङ्कारमा कमी आउने छैन; आक्रमण गर्न पछि हट्ने छैन । साम्राज्यवादी नीति अन्त्य नै आजको आवश्यकता भएको छ । साम्राज्यवाद अन्त्य नभएसम्म संसारका जनता सुरक्षित हुने छैनन्; शान्तपूर्वक जोहो गर्न पाउने छैनन् ।

अमेरिकाले अरू स्वाधीन र सार्वभौम मुलुकलाई आफ्नो कठपुतली बनाउने, आफ्नो निर्देशन या उठबसमा सरकार चलाउनेजस्ता अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन गरेको छ । अमेरिकी सरकार एक्लिँदै गएसँगै त्यति नै अहङ्कारी र शक्ति उन्मादमा टेकेर आतङ्क सिर्जना गर्दै छ । अरू देशको प्रजातन्त्र, शान्ति, स्वतन्त्रता, मानव अधिकार सबै आफ्नो मुठीमा राखेर शासन चलाउने कुत्सित प्रयास गर्दै छ । स्वाधीन देशमा आफ्नो नियन्त्रणमा राख्ने, राष्ट्रपतिसमेतलाई आफ्नो देशमा थुन्ने, मुद्दा चलाउने, स्रोत र साधन कब्जा गर्ने अमेरिकी प्रशासनको विश्वले निन्दा गर्दै छ । अमेरिकी प्रशासनविरुद्ध विश्वका देश र जनता एक ठाउँमा उभ्याउने वातावरण अमेरिका आफैले तयार गर्दै छ । अमेरिकी प्रशासनको अत्याचार देख्दा त अब विरोध प्रदर्शनमात्र होइन अमेरिकालाई एक्लो पार्नुपर्छ; नाकाबन्दी गर्नुपर्छ; ऊविरुद्ध प्रतिकार गर्नुपर्ने बेला आएको अनुभव विश्वका जनताले गर्न थालेका छन् । अरु देशका राष्ट्रप्रमुखलाई मुद्दा लगाएर, मारेर देशको स्रोत र साधन लुट्न थालेपछि चुप लागेर बस्ने बेला पनि होइन । साम्राज्यवादी नीतिविरुद्ध अघि नबढे, विश्व एकजुट नभए अमेरिकी प्रशासनले एक एक पाइला गरेर अरु देशलाई सिध्याउनेछ, देशको अर्थतन्त्र ध्वस्त पारेर आफूलाई समृद्धि बनाउनेछ । अरुको सम्पत्ति नष्ट गरेर, नरसंहार गरेर, सम्पत्ति कब्जामा लिएर आफू धनी बन्ने अमेरिकी प्रशासनको सपनालाई चकनाचुर पार्नुपर्छ भन्ने मत पनि छ । विश्वका न्यायप्रेमी राष्ट्रनायक र जनता चुप लागेर बसे अमेरिकी राष्ट्रपति ट्रम्पमा हुङ्कार बढ्नेछ । त्यो शक्तिको उन्मादले अरु देशहरूमा फेरि आक्रमण गर्ने काममा निरन्तरता दिनेछ ।

विश्वलाई आतङ्कित पार्ने, असुरक्षित बनाउने, संरचना ध्वस्त बनाउने काम कुनै पनि देशका राष्ट्रप्रमुख र जनतालाई सह्य हुनेछैन । यस्तो बेला संसारका कुनै पनि मुलुक चुप लागेर बस्नु हुँदैन । अमेरिकाले अरू मुलुकलाई आक्रमण गर्न मिल्ने, सत्ताच्युत गर्न मिल्ने, नाकाबन्दी गर्न मिल्ने, आफूखुसी कर बढाउन मिल्ने अनि उसलाई कुनै पनि गर्न नमिल्ने यो संसारको कस्तो नियम ! कस्तो कानुन ! अमेरिकी प्रशासनको यो ज्यादतीको निन्दा; विरोधमात्र होइन सबै मिलेर प्रतिकार गर्नुपर्ने स्थिति छ । शक्तिको प्रतिकार शक्तिले नगरेसम्म अमेरिकी राष्ट्रपति ट्रम्पको अहङ्कारमा कमी आउने छैन; आक्रमण गर्न पछि हट्ने छैन । साम्राज्यवादी नीति अन्त्य नै आजको आवश्यकता भएको छ । साम्राज्यवाद अन्त्य नभएसम्म संसारका जनता सुरक्षित हुने छैनन्; शान्तपूर्वक जोहो गर्न पाउने छैनन् ।

# ललितपुरमा कार्यकर्ता भेला

ललितपुर । नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा माघ ३ गते कार्यकर्ता भेला भयो ।

नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा आयोजित भेलामा बोल्दै पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेपाली कामदारवर्गको पक्षमा नेमकिपाले पाँच दशकभन्दा लामो समयदेखि सङ्घर्ष जारी राखेको चर्चा गर्दै विचार, सिद्धान्त र नैतिकताको आधारमा इमानदारीपूर्वक जनपक्षीय राजनीतिमा लागिरहेको प्रस्ट पार्नुभयो ।

नेमकिपाले सुस्ता बचाऊ आन्दोलनदेखि, सीमा अतिक्रमण, महाकाली सन्धिलगायतका असमान सन्धि-सम्झौताविरुद्ध सद र सडकमा सङ्घर्ष चालू राखेको उल्लेख गर्दै उहाँले भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीको विरोधविना देशभक्तिपूर्ण आन्दोलन अधुरो हुने विचार व्यक्त गर्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले अन्तर्राष्ट्रवादी धर्म हरेक कम्युनिस्टले निर्वाह गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्दै विगतमा भएका भियतनाम युद्ध, कोरिया यद्धदेखि अमेरिकी साम्राज्यवादले इराक, सिरिया, अफगानिस्तान, प्यालेस्टिन र पछिल्लो समय भेनेजुयलामा गरेका हमलाहरूको विरोध गर्दै छ भन्नुभयो ।

संसारमा भएका अन्यायपूर्ण युद्धको विरोध नगरी विश्वशान्ति स्थापना होस् भन्ने आशा गर्नु उपयुक्त नहुने बताउनुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलको अध्यक्षतामा भएको भेलामा महन्त महर्जन, रमेश वैद्य, सुनकेस्रा शाहीलगायतले पनि नेमकिपाको सङ्घर्षबारे चर्चा गर्नुभयो ।

# कार्यकर्ताहरू पार्टी उद्देश्य पूरा गर्न लाग्नुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नगरस्तरीय कार्यकर्ता भेला माघ २ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपाको मुख्य उद्देश्य देश र जनताको निःस्वार्थ सेवा भएकोले पार्टीका सबै कार्यकर्ताहरू यही उद्देश्य पूरा गर्न अघि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कार्यकर्ताहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा जानकारी राख्नु जरुरी छ; यसको लागि पार्टी प्रकाशनको अध्ययन र अन्तक्रिया चालु राख्नुपर्छ ।"

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले पार्टीको केन्द्रीय परिषद्‌बाट पारित प्रस्ताव र निर्णयहरू हरेक तल्लो तहदेखि पालना गर्नु जरुरी रहेको चर्चा गर्दै पार्टी अनुशासनको महत्त्वबारे उल्लेख गर्नुभयो ।

युवा पुस्तालाई समेटिने गतिविधि गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले वडा र टोल टोलसम्म नियमितरूपमा पार्टी गतिविधिलाई अगाडि बढाउनुपर्छ भन्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले भन्नुभयो, "इतिहासबाट पाठ सिकेर अगाडि बढ्नु जरुरी छ । भदौ २३ र २४ गतेको घटनामा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको हात रहेको प्रमाणित हुँदै आएको छ ।"

पार्टीका अर्का केन्द्रीय सदस्य सृजना सैंजूले नेमकिपाले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरुद्ध स्थापनाकालदेखि नै सङ्घर्ष गर्दै जनतालाई राजनीतिकरूपमा सचेत पार्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी साम्राज्यवादले भेनेजुयलामा गरेको आक्रमण र मादुरो दम्पतीको अपहरण संयुक्त राष्ट्र सङ्घको बडापत्रविपरीत छ । विश्वका न्यायप्रेमी जनताले अमेरिकी साम्राज्यवादी यो कुकृत्यलाई सधैँ भर्त्सना गरिरहने छ ।"

आयोजक समितिका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाको सभापतित्वमा भएको उक्त भेलामा समितिका सदस्यद्वय गङ्गाराम ज्याख्व र कृष्णगोविन्द लाखाले पार्टीको स्थापना दिवसको महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

# कलेज सञ्चालनमा बाधा दिने सरकार जनताको नहुने




भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको २२ औँ वार्षिकोत्सव समारोह पुस ३० गते एक विशेष समारोहबिच सम्पन्न भयो ।

नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले समारोहको उद्‌घाटन गर्दै ख्वप बहुप्राविधिक अध्ययन संस्थान स्थापना गर्नुअघि भएका प्रयास र गतिविधिबारे प्रकाश पार्नुभयो ।

सरकार आफैले अस्पताल खोलेर जनताको सेवा गर्नुपर्नेमा भनपाले नर्सिङ कलेज स्थापना गर्न माग गर्दा स्वीकृति नदिएर दुःख दिएको उल्लेख गर्दै उहाँले सङ्घर्षपछि मात्रै बल्ल ख्वप बहुप्राविधिक अध्ययन संस्थानले स्वीकृति पाएको औँल्याउनुभयो ।

संसारभरि नै नर्सिङ सेवाको माग बढिरहेको बेला सरकारले नर्सिङ कलेज सञ्चालनमा बाधा दिने सरकार कसरी जनताको सरकार हुन्छ भनी प्रश्न गर्दै उहाँले पुँजीवादी सरकारले बहुसङ्ख्यक कामदारवर्गका जनताको सेवा नगर्ने बताउनुभयो ।

जुनसुकै अस्पताल र देशमा गए पनि नर्सहरूले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने सुझाव दिँदै अध्यक्ष बिजुक्छेँले राम्रो काम गरेर देखाएपछि बाहिरका मान्छेहरू पनि यहाँ आएर सिकेर जाने वातावरण तयार हुनेछ भन्नुभयो ।

क्यानडाका डा. नर्मन बेथुनले विभिन्न देशमा गएर गरेको स्वास्थ्य सेवाबाट प्रेरणा लिनुपर्ने विचार व्यक्त गर्दै अध्यक्ष बिजुक्छेँले नर्सको गुणस्तरीय सेवाले ठुलठुलो रोग लागेका बिरामीलाई पनि बचाउन सकिन्छ भन्नुभयो ।

उहाँले नर्सले साधारण नागरिकदेखि राष्ट्रपतिसम्मको स्वास्थ्य उपचार गरेको अनुभव बताउनुभयो ।

आफ्नो नियमित कार्यका अतिरिक्त देश र जनताको पक्षमा हुने आन्दोलनको बेला नर्सहरूले खटेर सहयोग गर्नु जरुरी छ, उहाँले भन्नुभयो ।

सेवाको क्रममा आइपर्ने दुःख कष्ट र हन्डर खाएर पनि आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने र राजनीतिक सचेतता पनि त्यतिकै आवश्यक हुने अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति सुनिल प्रजापतिले प्राविधिक अध्ययन संस्थानमा नयाँ नयाँ विषय अध्ययन गराउनेतर्फ प्रयास भइरहेको उल्लेख गर्दै नयाँ नयाँ ज्ञान र सीप हासिल गरी विशेषज्ञ बनेर देश र जनताको सेवामा लाग्नुपर्ने बताउनुभयो ।

जनताका आधारभूत स्वास्थ्य सेवाको जिम्मेवारी सरकारले लिनुपर्नेमा उल्टै स्वास्थ्य सेवा बीमा बन्द गरेर सर्वसाधारण जनताको स्वास्थ्य सेवामा असर पर्ने काम गरेको उल्लेख गर्दै उहाँले भनपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा विशेष प्राथमिकता दिई काम गरिरहेको छ भन्नुभयो ।

बाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले नेमकिपाका अग्रजहरूको योगदानकै कारण ख्वप कलेजहरू स्थापना भएको र गुणस्तरीय शिक्षाको केन्द्रको रूपमा भक्तपुर विकास भइरहेको छ भन्नुभयो ।

देशमा जनशक्तिको अभावमा स्वास्थ्य क्षेत्र नाजुक भएको स्थितिमा नर्स र डाक्टरहरूको विदेश पलायन भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले क्युवाली सरकारको निर्देशनअनुसार त्यहाँका चिकित्सकहरूले विभिन्न देशमा पुगी स्वास्थ्य सेवा दिइरहेको बताउनुभयो ।

स्वास्थ्योपचारको निम्ति संसारका विभिन्न देशमा घुम्ने मेडिकलको टोलीमा क्युवामा ६० प्रतिशत महिला रहेको उल्लेख गर्दै उहाँले आक्रामक देश अमेरिकाको कारण देश र जनता सुरक्षित नभएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नपाले हरेक क्षेत्रमा सेवा प्रवाह गरिरहेको औँल्याउँदै 'सय वर्षपछिको भक्तपुर' लाई आधार मानेर मौलिकतालाई जोड दिएर यहाँका सम्पदा संरक्षण गर्दै आइरहेको बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय सञ्चालनको निमित प्रयास भइरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले आ-आफ्नो पेसाको मर्यादा कायम राखेर स्वदेशमै आफ्नो श्रम, सेवा र अनुभव खर्चिनुपर्नेमा जोड दिनुभयो ।

पैसाको प्रलोभनमा परेर विदेशमा दासी र कष्टकर जीवन बिताउन बाध्य भएको उल्लेख गर्दै उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन सबैको सहयोग र साथ आवश्यक छ भन्नुभयो ।

ख्वप अस्पतालका निमित मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले अग्रजहरूको एक घर एक स्नातक करिब पूरा भएको उल्लेख गर्दै गलत सिद्धान्त र विचारले देश बदल्ने छैन भन्नुभयो ।

स्वाभिमानी नेपालीले लडेर बचाएको गुण नयाँ पुस्ताले बिर्सन नहुनेमा जोड दिँदै उहाँले स्वदेशमै रहेर सेवा गर्नुपर्छ भन्नुभयो ।

ख्वप बहु प्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले गुणस्तरीय शिक्षा दिएर जनशक्ति उत्पादनमा लागिरहेको स्पष्ट पार्दै सबैको सहयोग र मेहनतकै कारण संस्थानले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताउनुभयो ।

भनपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले देशको आवश्यकताअनुसार जनशक्ति तयार गर्नुपर्नेमा जोड दिँदै शैक्षिक पूर्वाधार तयार गरी सक्षम नागरिक तयार गर्नुपर्ने बताउनुभयो ।

विदेशमा गएर बढीभन्दा बढी तलब पाउने प्रतिस्पर्धाले देश कसरी बन्छ ? उहाँले प्रश्न गर्नुभयो ।

नर्सिङ विभाग प्रमुख ईश्वरी डङ्गोलले नर्सहरू जहाँ गए पनि सीपको सम्मान गर्दै जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

समारोहमा १९ औँ व्याचका श्रीया न्हेम्हाफुकीले अध्ययनको अनुभवबारे बताउनुभयो ।

उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा मायाको चिनो प्रदान गरिएको सो समारोहमा विद्यार्थी मञ्जु साहले कविता वाचन गर्नुभयो भने कृष्णा कासुलाले देशभक्ति गीत गाउनुभयो ।

समारोहमा मुना लवजु र रविना सुवालले कार्यक्रमको आवश्यकताबारे प्रकाश पार्नुभयो ।

# सामाजिक विसङ्गतिविरुद्ध साहित्यकारले कलम चलाउनुपर्ने

काभ्रे । नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समितिद्वारा प्रकाशित 'स्रष्टा र सिर्जना' साहित्यिक रचना सङ्‌कलन पुस्तक विमोचन एक समारोहबिच पुस ३० गते बनेपामा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले साहित्य निष्क्रिय ऐनामात्र होइन, ऐनामा हेर्दा देखिएको दाग हटाउने काम साहित्यकारहरूले गर्नुपर्छ भन्नुभयो । साहित्यकारहरूले समाजमा देखिएको विसङ्गतिप्रति औँला ठड्याउनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस्तो उस्तो भनेर मात्र आफ्नो दायित्व पूरा हुँदैन, नराम्रा कुरालाई बदल्न के गर्ने भन्ने उद्देश्य देखाउनु आवश्यक छ । हामीले चाहेको समाज व्यवस्थाको परिकल्पना स्पष्ट पार्नुपर्छ । आफूले पढेका बुझेका विषयवस्तुलाई अभिव्यक्त गर्नुपर्छ । साहित्यकारले नजानिँदो तवरले बहुमत जनतालाई शिक्षित बनाउने गर्दछ । चिकित्सा शास्त्र पढेका चिनियाँ साहित्यकार लुसुनले जापानी हस्तक्षेप र अपमानविरुद्ध साहित्यको माध्यमले चिनियाँ जनतालाई उत्साहित बनाउन साहित्यबाट सेवा पुऱ्याए । त्यस्तै रुसी साहित्यकार म्याक्सिम गोर्कीले हजारौँ लाखौँ रुसी जनतालाई शिक्षित बनाएर मुक्तिको लागि उत्साहित गरेका थिए ।"

"व्यक्ति फेरिँदैमा देश र जनताको समस्या समाधान हुँदैन, नवउदारवादको विरोध नगर्ने, एमसीसीका हिमायतीहरूले देशमा परिवर्तन ल्याउँदैन । साहित्यकारहरूले यस विषयमा प्रश्न उठाउनु आवश्यक छ । चिकित्सकले रोगको निदान गरेझैँ साहित्यकारहरूले समाजमा देखिएका विकृति र विसङ्गतिको सूक्ष्म निदान गरेर साहित्य कोर्नुपर्छ उहाँले भन्नुभयो ।

साहित्यकार शमशेरबहादुर न्हुच्छेप्रधानले पुस्तकमा प्रकाशित साहित्यकारहरूको रचनाबारे टिप्पणी गर्दै आ-आफ्ना सिर्जनामा भएका कमीकमजोरीलाई सच्याउँदै लानुपर्ने बताउनुभयो ।

कार्यक्रममा साहित्यकार सिद्धिबहादुर कर्माचार्य, नवराज दाहाल 'उत्साही', कृष्णकुमार वैद्य, सत्यनारायण श्रेष्ठ र राजु तामाङले साहित्य वाचन गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे जिल्ला समितिका अध्यक्ष ओमप्रसाद मानन्धर र निवर्तमान अध्यक्ष ज्ञानेन्द्र डंगोलले बोल्नुभएको थियो ।

# भेनेजुयलामाथि अमेरिकी आक्रमणको विरोधमा दैलेखमा जुलुस तथा सभा




दैलेख । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखको आयोजनामा भेनेजुयलामा अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा जुलुस तथा सभा पुस २९ गते सम्पन्न भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले एक स्वतन्त्र तथा सार्वभौम देशमाथि हमला गर्नु संरा अमेरिकाको दादागिरी तथा आतङ्ककारी हर्कत हो भन्नुभयो ।

साम्राज्यवादविरुद्ध भेनेजुयलाली जनता, विश्वका सार्वभौम तथा स्वतन्त्र देशहरूले साम्राज्यवादी ट्रम्पविरुद्ध सङ्घर्ष गरिरहेका छन् भन्नुभयो । पार्टीका केन्द्रीय सदस्य बखत थापाले भेनेजुयाली जनताको सार्वभौमिकतामाथि मध्यरात हमला गरी राष्ट्रपति मादुरो र उसकी पत्नीलाई बलजफ्ती अपहरण गरी आफ्नो देशमा लगेर झूटा मुद्दा चलाउनु अन्यायपूर्ण छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नर्मा गुरुङले हाम्रो विरोध स्वतन्त्र तथा सार्वभौम देश भेनेजुयलामा अमेरिकी साम्राज्यवादको आक्रमणको विरुद्ध हो भन्नुभयो । कर्णाली प्रदेश सदस्य उदयजङग शाहीले भनेजुयलामाथिको आक्रमण अर्का देशको सार्वभौमिकता नस्वीकारिने अमेरिकाको साम्राज्यवादी नीति हो; एमसीसी सम्झौता पास गराएर देश ध्वस्त बनाउने नीतिअनुसार अगाडि बढाइरहेको छ भन्नुभयो ।

नेमकिपा दैलेखका अध्यक्ष जगत वलीले स्वतन्त्र देश भेनेजुयलामाथिको कायरतापूर्ण सैनिक हमला गरी राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई बलजफ्ती अपहरण गरेकोमा निन्दा गर्दै उहाँहरूको सकुशल फिर्ताको माग गर्नुभयो ।

उहाँले ट्रम्प प्रशासनले विश्वमा साम्राज्यवादी हैकम चलाउँदै छ भन्नुभयो ।

सो कार्यक्रममा लक्ष्मीकुमार विक र तेजरत्न श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## सन्दर्भ : बङ्गलादेशको जुलाई विद्रोह

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन – १५

● रामरतन चौधरी

**नेपालमा पनि साम्प्रदायिक दङ्गा फैलाउन साम्राज्यवादी र विस्तारवादी शक्ति प्रयत्नशील छन्। नेपालमा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको छ। साम्राज्यवादी अमेरिकाले आफ्ना कठपुतलीहरूलाई सङ्गठित पारेर चुनाव जिताउने प्रयास गर्नेछ। आफूले भनेजस्तो नभए बङ्गलादेशको जस्तो अवस्था नेपालमा पनि दोहोऱ्याउन सिआईएलाई क्रियाशील पार्नेछ। साम्राज्यवादी तथा विस्तारवादीहरूले आफ्नै कठपुतलीहरूलाई बलिको बोका बनाएर नेपालमा भाँडभैलो मच्चाउने सम्भावना प्रबल भएको हुँदा नेपाली जनता सचेत हुनु जरुरी छ।**

बङ्गलादेशमा जेन-जीको नाममा भएको नयाँ पुस्ताको आन्दोलनले सेख हसिना वाजेद नेतृत्वको सरकार ढल्यो। उनी देश छोडेर भारत भाग्नु पऱ्यो। अहिले बङ्गलादेशमा अमेरिकी कठपुतली मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकार छ। सरकार परिवर्तन भएपछि बङ्गलादेश झन् झन् अस्थिर बन्दै गयो। बङ्गलादेशमा साम्प्रदायिक द्वन्द्व तथा हिंसात्मक गतिविधि पनि बढ्दो छ। साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ को कारण बङ्गलादेशमा हत्या र हिंसाका घटनाहरू पनि बढ्दै छन्।

**विद्यार्थी नेता ओस्मान हादीको हत्या**

२०२५ डिसेम्बर १२ को दिन बङ्गलादेश ढाका युनिभर्सिटीका विद्यार्थी नेता सरिफ ओस्मान हादीको हत्या भयो। उनलाई मुखमा मास्क लगाएका मोटरसाइकलमा सवार व्यक्तिहरूले बङ्गलादेशको राजधानी ढाकामा नजिकबाट टाउकामा गोली हाने। गोली लागेपछि उपचारको निम्ति ढाका मेडिकल कलेज र पछि एभर केयर अस्पतालमा लगियो। बङ्गलादेशमा उनको उपचार हुन सकेन। त्यसपछि सघन उपचारको निम्ति उनलाई १५ डिसेम्बरमा सिंगापुर पुऱ्याइयो। तर, गोली लागेको ६ दिनपछि १८ डिसेम्बरमा सिङ्गापुरमा उनको मृत्युको घोषणा भयो। हादीको मृत्युपछि बङ्गलादेशले आधा झन्डा झुकाएर सम्मान व्यक्त गऱ्यो। १९ डिसेम्बरको दिन राष्ट्रिय शोकको घोषणा पनि भयो। युनुस सरकारले उनलाई बङ्गलादेशको शहीद घोषणा गऱ्यो।

**को थिए हादी ?**

हादी २०२४ मा जेन-जीको नाममा भएको ‘जुलाई विद्रोह’ का प्रमुख नेता थिए। उनी बङ्गलादेशी राजनीतिक तथा सांस्कृतिक कार्यकर्ता, लेखक र शिक्षक थिए। उनी इस्लामी सङ्गठन इन्कलाब मोन्चो (Inqilab Moncho) का संस्थापक तथा प्रवक्ता थिए। उक्त संस्था बङ्गलादेशको जुलाई विद्रोहबाट प्रेरित क्रान्तिकारी सांस्कृतिक प्लेटफर्मको रूपमा २०२४ अगस्ट १३ मा स्थापना भएको थियो। बङ्गलादेशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्नु, तानाशाहीको विरोध गर्नु र न्यायमा आधारित राज्य प्रणालीको स्थापना गर्नु उक्त संस्थाको उद्देश्य रहेको भनिन्छ। हादीको हत्यापछि यो संस्थालाई हिंसात्मक झडप र तोडफोडमा उत्रिएर सांस्कृतिक संस्थाहरूमा आक्रमण गरेको पनि आरोप छ। २०२५ मे २४ मा इन्कलाब मोन्चोले ढाका विश्वविद्यालयमा एक पत्रकार सम्मेलन गरी हसिना नेतृत्वको अवामी लिग विरोधी सबै शक्तिहरूलाई राष्ट्रिय सरकारको लागि आह्वान गरेको थियो। हादीको मृत्युपछि इन्कलाब मोन्चोले आफ्नो फेसबुक पेजमा लेख्यो, “भारतीय प्रभुत्वविरुद्धको सङ्घर्षमा अल्लाहले महान क्रान्तिकारी ओस्मान हादीलाई शहीदको रूपमा स्वीकार गर्नुभयो।”

हादीले २०२६ फेब्रअरी २६ मा हुने भनिएको चुनावमा आफूलाई ढाकाबाट स्वतन्त्र उम्मेदवारको घोषणा गरेका थिए। उनी बङ्गलादेशमा भारतीय प्रभुत्व अस्वीकार गर्ने व्यक्ति तथा भारतका कट्टर विरोधी थिए। उनी हसिना नेतृत्वको राजनीतिक दल अवामी लिगलाई बङ्गलादेशमा प्रतिबन्ध लगाउनुपर्छ भन्थे। उनले बङ्गलादेशको शाहबागमा सम्पन्न शहीद सभामा राजनीतिक दलहरूको आफ्नो चुनावी घोषणापत्रमा अवामी लिगलाई प्रतिबन्ध लगाउने विषय समावेश गर्न आग्रह गरेका थिए। यदि १०० दिनभित्र त्यसो नगरे बङ्गलादेशको सचिवालयतर्फ ‘बङ्गलादेशको लागि मार्च गर्ने’ योजनासमेत घोषणा गरेका थिए।

**हादीको ग्रेटर बङ्गलादेश**

हादीले पूर्वोत्तर भारतको हिस्सा समेटेर ग्रेटर बङ्गलादेश बनाउने सपना देखेका थिए। मारिनुभन्दा केही अघि उनले आफ्नो फेसबुक पेजमा एउटा विवादास्पद नक्सा पोष्ट गरेका थिए। जसमा भारतको पञ्जाव, लद्दाख र जम्मु कश्मीरलाई पाकिस्तानको हिस्सा देखाएका थिए भने भारतको पश्चिम बङ्गाल, बिहारको अधिकांश भाग, सम्पूर्ण झारखण्ड, उत्तरपूर्वी राज्यहरू र म्यानमारको राखिन राज्यको तटीय क्षेत्रलाई समेत ग्रेटर बङ्गलादेशको नक्सामा देखाएका थिए। (National Herald 19 Dec 2025)

बङ्गलादेशका अर्का विद्यार्थी नेता हसनत अब्दुल्लाले पनि हादीकै भाषा बोले। उनले पनि भारतको पूर्वोत्तर भाग समेटेर ग्रेटर बङ्गलादेश बनाउनुपर्ने, पञ्जाव र कश्मिर पाकिस्तानलाई दिनुपर्ने र करिब २२ किलोमिटर लम्बाइ रहेको भारतको चिकेन नेकलाई अलग्ग गराइदिने भाषण दिए। यस्ता भड्काउपूर्ण भाषणले बङ्गलादेशमा अराजक गतिविधि बढ्न थाल्यो। यस विषयमा भारत सशङ्कित हुनु स्वाभाविक हो।

**बङ्गलादेशमा जातिय तथा धार्मिक हिंसा र हत्याका घटना**

हादीको हत्यापछि बङ्गलादेशमा जातीय तथा धार्मिक द्वन्द्व पनि चर्किन थाल्यो। बङ्गलादेशमा रहेका अल्पसङ्ख्यक एक हिन्दु नागरिक दिपु चन्द्रा दासलाई १८ डिसेम्बर २०२५ को दिन भिडले पैगम्बर हजरत मोहम्मदको निन्दा गरेको आरोपमा बर्बरतापूर्वक कुटी कुटी माऱ्यो। तर, अनुसन्धानले उनीमाथि लगाइएको आरोप पुष्टि हुने कुनै प्रमाण फेला पारेन। मरिसकेपछि नग्न अवस्थामा रुखमा झुन्डाएर आगो लगाइयो। अहिले बङ्गलादेशमा अल्पसङ्ख्यक समुदाय त्रसित छन्।

डिसेम्बर २२ मा अर्का राजनीतिक व्यक्तित्व राष्ट्रिय नागरिक पार्टी (एनसीपी) का खुल्ना डिभिजनल प्रमुख मोतालेब सिकदरलाई खुल्ना सहरमा गोली हानी हत्याको प्रयास गरियो तर उनी बाँच्न सफल भए। टाउकोमा गोली लागेका सिकदरलाई गम्भीर अवस्थामा खुल्ना मेडिकल कलेज अस्पतालमा उपचारको लागि लगियो।

बङ्गलादेश नेशनलिस्ट पार्टीका नेता अजिजुर रहमान मुसब्बिरको २०२६ जनवरी ७ (पुस २२ गते) मा राति करिब ८:३० बजे ढाकाको करवान बजारमा नजिकबाट गोली हानेर हत्या भयो।

**भारतविरोधी गतिविधि**

हादीको हत्यापछि बङ्गलादेशमा देशव्यापी रूपमा हिंसाका घटनाहरू देखा परे। सञ्चार क्षेत्र, राजनीतिक, सांस्कृतिक क्षेत्र र कूटनीतिक नियोगहरू आक्रमणको तारो बने। कयौँ ठाउँमा आगजनी पनि भए। हादीको मृत्युपछि बङ्गलादेशमा भारतविरोधी भावना तिब्र रूपमा भड्कियो। भारतको पक्षमा लेख्ने र हसिना नेतृत्वको अवामी लिगको पक्षमा लेख्ने छापाहरूमा आक्रमण भए। आन्दोलनकारीहरूले भारत समर्थक मानिने ‘डेली स्टार’ को परिसरमा घुसेर आगो लगाइदिए। बङ्गलादेशको चटगाउँमा रहेको भारतीय भिसा केन्द्रमा समेत हमला भयो।

बङ्गलादेशका इस्लामिक समूहहरूले हादीका हत्याराहरू भारत भागेको भन्दै भारतले हत्या गर्न लगाएको दाबी गरे। कतिपयले भारतीय गुप्तचर निकाय ‘रअ’ ले हत्या गर्न लगाएको आशङ्का व्यक्त गरे। त्यसपछि आन्दोलनकारीहरूले भारत विरोधी नारा लगाए। यी घटनाहरूले भारत र बङ्गलादेशबिचको सम्बन्ध चिसो भएको देखिन्छ।

**हादीको हत्यापछि बङ्गलादेशी अधिकारीहरूको प्रतिक्रिया**

प्रहरीले सीसीटीभी फुटेजको आधारमा हादीको हत्यामा संलग्न दुईजना संदिग्ध व्यक्तिहरूको तस्वीर सार्वजनिक गऱ्यो। प्रहरीले उनीहरूको गिरफ्तारीमा सहयोग गर्नेहरूलाई ५ लाख टाका पुरस्कार दिने घोषणासमेत गऱ्यो। हादीको मृत्युपछि बङ्गलादेशका अन्तरिम प्रधानमन्त्री मोहम्मद युनुसको प्रशासनले इन्डियाले हादीलाई गोली हान्ने सुटरलाई बङ्गलादेशमा हस्तान्तरण गरेर सहयोग गर्नुपर्ने बतायो। यो आरोपमा इन्डियाले आक्रमणकारीहरूसँग इन्डियाको कुनै सम्बन्ध नरहेको बतायो। (Times Of India, 19 dec 2025)

**हादीको भाइको आरोप**

ओस्मान हादीको मृत्युको केही दिनपछि उनका भाइ सरिफ ओमर हादीले मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारभित्रका केही समूहले फेब्रअरीमा हुने भनिएको राष्ट्रिय चुनावलाई पन्छाउन हादीको हत्या गराएको आरोप लगाए। युनुस नेतृत्वको सरकारलाई आरोप लगाउँदै ढाकाको शहवागमा आयोजित विरोधसभामा उनले भने, “तपाईंले ओस्मानको हत्या गराउनुभयो, अब तपाईं यसलाई मुद्दाको रूपमा प्रयोग गरेर चुनाव विफल पार्न खोज्दै हनुहुन्छ।” ओमारका अनुसार ओस्मान फेब्रअरीमा राष्ट्रिय चुनाव गराउन चाहन्थे। त्यसको लागि चुनावी वातावरणमा अवरोध नहुने सुनिश्चितता सरकारको तर्फबाट हुनुपर्ने उनको माग थियो। इन्कलाब मोन्चोका एक सदस्य सचिव अब्दुल्लाह अल जबेरले ओस्मानको हत्या देशभित्र सक्रिय अन्तर्राष्ट्रिय गुप्तचर एजेन्सीहरू र फासीवादी सहयोगीहरूले गराएको बताए। (You Had Osman Hadi Killed To Derail Polls': Big Charge Against Yunus Regime, 2025 Dec 24, NDTV) यसबाट बङ्गलादेशमा भइरहेको घटनामा साम्राज्यवादी स्वार्थ लुकेको प्रस्ट हुन्छ।

**बङ्गलादेशको जस्तो अवस्था नेपालमा पनि दोहोरिन सक्ने**

केही समयअगाडि नेपालको वीरगञ्जमा पनि हिन्दु मुस्लिमबिच तनाव सिर्जना भयो। दुई पक्षबिच ढुङ्गा हानाहान भयो। नेपालमा पनि साम्प्रदायिक दङ्गा फैलाउन साम्राज्यवादी र विस्तारवादी शक्ति प्रयत्नशील छन्। नेपालमा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको छ। साम्राज्यवादी अमेरिकाले आफ्ना कठपुतलीहरूलाई सङ्गठित पारेर चुनाव जिताउने प्रयास गर्नेछ। आफूले भनेजस्तो नभए बङ्गलादेशको जस्तो अवस्था नेपालमा पनि दोहोऱ्याउन सिआईएलाई क्रियाशील पार्नेछ। साम्राज्यवादी तथा विस्तारवादीहरूले आफ्नै कठपुतलीहरूलाई बलिको बोका बनाएर नेपालमा भाँडभैलो मच्चाउने सम्भावना प्रबल भएको हुँदा नेपाली जनता सचेत हुनु जरुरी छ।

*२०८२ माघ ३ गते*

# स्वास्थ्य बीमा शुल्क तिरेर सेवा नपाउनु विश्वासघात

नेपालको संविधानमा आधारभूत स्वास्थ्य सेवा नि:शुल्क हुने व्यवस्था छ। संवैधानिक व्यवस्थाअनुसार देशभर नै आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु पर्ने हो। नि:शुल्क औषधिको व्यवस्था गर्नुपर्ने हो। विपन्न वर्गको निम्ति स्वास्थ्य सेवा राहत पुऱ्याउन नै सरकारले स्वास्थ्य सेवा बीमा सुरु गरेको हो। अघिल्लो सरकारको स्वास्थ्य मन्त्रीले स्वास्थ्य बीमा सेवा देशव्यापी बढाउने प्रण गरेका थिए। देशका विभिन्न अस्पतालमा स्वास्थ्य बीमा सेवा सुरु भएको पनि हो। तर, स्वास्थ्य बीमा सेवा गरेबापतको रकम सरकारले व्यहोर्न सकेन। बीमा सेवा गरेबापतको रकम नदिएपछि विभिन्न अस्पतालले स्वास्थ्य सेवा बीमा बन्द गरे। केही दिनअघि मात्रै महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले माघ १ गतेदेखि स्वास्थ्य बीमा सेवा बन्द भएको सूचना जारी गऱ्यो। त्यसपछि अन्य कुन कुन अस्पतालले स्वास्थ्य बीमा सेवा बन्द गर्ने हो ? त्यो हेर्न बाँकी छ। स्वास्थ्य बीमा सेवा बन्द गरेपछि पहिलो भार विपन्न वर्गका जनताको निम्ति नै बढी पर्छ।

२०७४ सालदेखि सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम छोटो समयमै देशभर पुगेको थियो। स्वास्थ्य बीमाबाट बिरामीले धेरै राहत पनि पाएका छन्। यसरी छोटो समयमै देशभर फैलिएर बिरामीले राहत पाउँदै गरेको सो कार्यक्रम अहिले गम्भीर सङ्कटमा परेको छ। केही अस्पतालले पहिले नै स्वास्थ्य बीमा बन्द गरिसकेका छन् भने कतिले अहिले बन्द गर्दै छ। त्यो बन्द गर्ने कार्य सूची थप्नेबाहेक घट्ने स्थिति देखिँदैन। बीमा सेवाबापतको रकम समयमै भुक्तानी नगर्दा देशभरका अस्पतालहरू सङ्कटमा परेका हुन्। स्वास्थ्य बीमा अस्पतालले गरेको खर्च सरकारले पूर्ति गर्नुपर्ने हो। त्यो पूर्ति नहुँदा अस्पतालमा थप समस्या बढेको हो। अस्पतालले स्वास्थ्य बीमा सेवा नदिने निर्णय गरेपछि श्रमजीवी जनताको स्वास्थ्य सेवामा स्वाभाविक रूपमा असर पर्छ। सरकारले स्वास्थ्य बीमालाई राहतको रूपमा अगाडि बढाउन पर्ने हो; आस्था र विश्वास जगाउनुपर्ने हो। तर, त्यो बीमा कार्यक्रम विश्वासको सङ्कटमा परेको छ। विभिन्न सङ्ख्या बढेसँगै सेवा नपाउँदा, औषधि नपाउँदा, अस्पतालले भुक्तानी नपाउँदा, बिमितलाई बाहिरका औषधि किन्न बाध्य पार्ने जस्ता समस्या हरेक अस्पतालमा झैँ देखिएपछि राहतको रूपमा ल्याइएको स्वास्थ्य बीमा अहिले आहतझैँ भएको छ।

सरकारले अस्पताललाई दिनुपर्ने भुक्तानी नदिएपछि स्वास्थ्य बीमा सेवाले अस्पतालमा कसरी निरन्तरता पाउँछ ? प्राप्त जानकारीअनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई बीमाबापत सरकारले २३ करोड भुक्तानी गर्न बाँकी छ। शिक्षण अस्पतालको ४० करोड पुगेको बताइएको छ। यसरी भुक्तानी दिने रकम बढ्दै गएपछि या सरकारले बेलाबखत नदिएपछि अस्पताल कसरी सञ्चालन हुन्छ ? एकातिर सरकारले स्थास्थ्य बीमामा सदस्य बनेर स्वास्थ्य सेवा सुविधा लिन प्रचार गर्ने अर्कोतिर सो बापतको भुक्तानी नदिने सरकारको द्वैधचरित्रले उपभोक्ताहरू अन्योलमा परेका छन्। सरकारले अस्पताललाई भुक्तानी नदिने र बिरामीले औषधि नपाएपछि कति बिरामीहरू अस्पतालको विरोध गर्छन्। अस्पतालले स्वास्थ्य बीमाअन्तर्गत सस्तोमा स्वास्थ्य उपचार पाए पनि औषधि पाए पनि त्यही अस्पतालका बिरामीहरू विरोध गर्छन् या आक्रोश पोख्छन्। यसले अस्पताललाई मात्र होइन बिरामीलाई पनि आर्थिक भार बढेको छ।

स्वास्थ्य बीमा सफल नहुनु भनेको सरकारको नीति र प्रयास असफल हुनु हो। देशका लाखौँ नागरिक स्वास्थ्य बीमामा आबद्ध भइसकेका छन्। स्वास्थ्य सेवा पाउने आशाले सदस्य बनेका देशका नागरिकहरूले बीमामा राखेको रकम प्रयोग गर्न नपाएपछि बीमाका सदस्यहरूले सरकारको विरोध गर्नु अस्वाभाविक होइन। सरकारले बीमाबापतको रकम नदिएको कारण यसअघि नै तीन दर्जनभन्दा बढी अस्पतालले बीमा सेवा बन्द गरेको जानकारी प्रकाशमा आएको थियो। समाचार स्रोतअनुसार औषधि आपूर्तिकर्ताले पनि सामग्री दिन नसक्ने अवस्थामा पुगेको छ। नागरिकले नियमित रूपमा बीमा सेवा शुल्क तिरेका छन्। शुल्क तिरेर पनि स्वास्थ्य सेवा नपाउनु त्यो एक प्रकारको विश्वासघात हो। अत: वर्तमान सरकारले संवेधानिक व्यवस्थाअनुसार स्वास्थ्य बीमालाई निरन्तरता दिन अस्पतालहरूमा भुक्तानी गर्नुपर्छ। बीमा स्वास्थ्य सेवालाई निरन्तरता दिनुपर्छ। यो सरकारको दायित्व हो। आफ्नो दायित्वबाट सरकार पछि हट्नु हुँदैन। सरकारले जनता र अस्पताललाई विश्वासघात गर्नु हुँदैन; सरकारले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पालन गर्नुपर्छ। सरकारले अस्पताल र जनताको विश्वासमा लात मार्नु हुँदैन।

**नेमकिपा...**

शासक दल तयार छैनन्। २०७२ मै पनि नेपालको संविधान अस्विकार्य छ भन्दै भारतले नाकाबन्दी लगायो तर शासक दलहरूले चूँ पनि बोल्न सकेनन्। देशको सार्वभौमिकता दिन प्रतिदिन सङ्कटमा पुऱ्याइँदै छ। एकाधिकार पुँजीले सम्पूर्ण बजारमात्र होइन अर्थतन्त्र कब्जा गरिसकेको स्थिति छ। यो परिवेशमा का.रोहितको विचार अझ सान्दर्भिक लाग्छ।

वर्गीय समाजको वास्तविक स्थिति लुकाउन या देशमा भइरहेको वर्गसङ्घर्ष फुटाउन शासकहरू जातीय र साम्प्रदायिक मुद्दा उछाल्छन्। कुनै क्षेत्र या समुदायको कुरा पनि कामदारवर्ग उपेक्षित र अपहेलित हुन्छन्। राजनीतिमा क्षेत्रीय, जातीय मुद्दाले फासीवादको जन्म दिन्छ। कामदार जनताको भलो गर्न वर्गीय मुद्दा र सङ्घर्ष आवश्यक छ भन्ने विचार का.रोहितको हो।

नेपाल भारत सम्बन्धमा देखापरेका गलत समझदारीहरू र सही समाधानका उपाय पुस्तकले दिन्छ। भारत बेलायती साम्राज्यवादबाट स्वतन्त्र भएको सात दशक नाघिसक्दा पनि दक्षिण एसियामा भारतको औपनिवेशिक र विस्तारवादी मानसिकता उही छ। पुस्तक लेख्छ - “सुगौली सन्धी र गोर्खा भर्ती नै नेपाली राष्ट्रको मुटुको किला हो। तर, बेलायती साम्राज्यवाद भारतबाट गइसक्दा पनि ‘स्वतन्त्र भारत’ का शासक वर्गले आफ्नो छिमेकी देशहरूमाथि बेलायती उपनिवेशवादी नीतिलाई नै लागु गर्दै गयो।”

थुप्रै असमान सन्धि सम्झौता नेपाल र नेपाली जनताका निम्ति अभिशाप सिद्ध भएका छन्। भारतीय शासक वर्गको थिचोमिचो, उपनिवेशवादी मानसिकताविरुद्ध उठेका सङ्घर्षलाई जात विशेषको असन्तुष्टि ठान्नु सङ्कीर्णताको पराकाष्ठा नै हो। भारतका नेपालविद् श्रीमद नारायणको यस्तै सङ्कीर्ण विचारविरुद्ध पुस्तक लेख्छ - “नेपाली जनताको भारतीय एकाधिकार पुँजीविरोधी सङ्घर्ष जातिवादी होइन बरु उपनिवेशवाद विरोधी सङ्घर्षकै एक रूप हो जसको मूख्य कारण जाति विशेष होइन, आर्थिक र राजनीतिक हो।” पुस्तक थप लेख्छ –“नेपालमा कम्युनिस्ट पार्टी स्थापना हुनुमा चीनको भन्दा भारतीय कम्युनिस्ट पार्टीको बढी हात छ।” नेपालमा माओवादीहरूको गतिविधिलाई चीनको उक्साहट देख्नु गलतमात्र होइन ढोङ्गी पनि हो। भारत दक्षिण एसियामा साँढे गोरु जस्तै बसेको छ। एसिया कब्जा गर्ने उसको नियत साम्राज्यवादी नीति हो। अन्य कमजोर देशमाथि दमन गर्ने र साम्राज्यवादतर्फ लम्किरहेको भारत नेपाली र दक्षिण एसियाली जनताको शत्रु हो भन्नेमा अब कुनै सन्देह छैन।

# गुणस्तरीय स्वास्थ्य सेवा सहज बनाउन चिकित्सक र कर्मचारीहरू कर्तव्यनिष्ठ हुनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा बिहीबार एक विशेष समारोहबिच सीटी स्क्यानको शुभारम्भ गर्नुभयो ।




उक्त शुभारम्भ समारोहमा वरिष्ठ राजनीतिज्ञ बिजुक्छेँ (रोहित) ले ख्वप अस्पतालको सेवा सुविधाबारे विभिन्न कार्यक्रममार्फत टोल-टोलमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औँल्याउँदै अस्पतालमा प्राप्त स्रोत र साधनको आधारमा जति सक्छ बढी जनताको सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

अरू देशमा हुनसक्ने स्वास्थ्य सेवा हाम्रो देशमा हुन नसक्नुमा सरकारमा जाने पार्टीहरू नै दोषी रहेको धारणा व्यक्त गर्दै उहाँले बिरामीलाई राम्रो सेवा गर्न सके ख्वप अस्पतालबारे देशभरि राम्रो सन्देश जाने बताउनुभयो । अध्यक्ष बिजुक्छेँले गुणस्तरीय स्वास्थ्य सेवा सहज ढङ्गले उपलब्ध गराउन चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूले जिम्मेवारीपूर्वक कर्तव्य निर्वाह गर्नुपर्ने बताउनुभयो ।

शासक दलका नेताहरू भ्रष्टाचारी, ठग, ठेकेदारको वरिपरि घुमिरहेसम्म उनीहरूले सही राजनीति नगर्ने उल्लेख गर्दै उहाँले सङ्कट परेको बेला क्युवाली चिकित्सकहरू नेपालमा आएर स्वास्थ्य सेवा उपलब्ध गराएझैँ नेपालका चिकित्सक र नर्सहरू पनि अरू देशमा सङ्कट पर्दा सेवा गर्नको लागि तयार भएर बस्नुपर्ने बताउनुभयो ।

देशमा भइरहेको भ्रष्टाचारमात्र रोक्न सकेको भए देशको बजेटभन्दा बढी रकम जोगिने उल्लेख गर्दै अध्यक्ष रोहितले भक्तपुरको शैक्षिक स्तर गुणस्तरीय भएकै कारण अन्य जिल्लाका विद्यार्थीहरू यहाँ अध्ययन गर्न आएका हुन् भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् समारोहका सभापति सुनिल प्रजापतिले ख्वप अस्पतालले भक्तपुरवासीको मात्र होइन देशभरि (७० जिल्ला) का बिरामीलाई राष्ट्रिय स्तरको सेवा प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले आधारभूत सेवा निःशुल्क हुने संवैधानिक हुने व्यवस्थाविपरीत स्वास्थ्य बीमा सेवा बन्द गर्दा विपन्नवर्गका जनताको स्वास्थ्य सेवामा असर परिरहेको बताउनुभयो ।

पदमा रहे पनि नरहे पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा जनताको बढीभन्दा बढी सेवा दिने काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले गुणस्तरीय सेवा दिएर देशकै राम्रो अस्पतालको रूपमा ख्वप अस्पतालले विकास गर्नुपर्छ भन्नुभयो ।

नाफाकेन्द्रित अस्पतालले विपन्न या गरिबवर्गको निम्ति सस्तोमा सेवा नगर्ने हुँदा जनताको अस्पतालले जनताको विश्वास जित्ने उद्देश्यले काम गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले ख्वप अस्पतालले दिनानुदिन सेवा क्षेत्रमा प्रगति गरिरहने विश्वास व्यक्त गर्दै भूकम्प र कोभिडजस्तो कठिन परिस्थितिमा पनि बिरामीको सेवा गरेर ख्वप अस्पतालले जनताको विश्वास जित्न सफल भएको बताउनुभयो ।

निःस्वार्थ र इमानदारीपूर्वक जनताको सेवामा जहिले पनि खटिरहनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशमा एकातिर खराब, बेथितिजस्ता खबर सुनिरहेको बेला अर्कोतिर भक्तपुर नगर पालिकाको गतिविधिले आशाको सञ्चार गरिरहेको बताउनुभयो ।

ख्वप अस्पतालले उदाहरणीय सेवा गर्न सके देशकै निम्ति फाइदा हुने र जस्तोसुकै सङ्कटको बेलामा पनि स्वास्थ्य सेवा दिन सक्ने वातावरण तयार गरिराख्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नयाँ नयाँ उपकरणसहितको सेवा सुविधा पुऱ्याउने अवसर पनि ठुलो उपलब्धि भएको औँल्याउँदै समाजवादी व्यवस्थामा मात्रै सबै स्वास्थ्य सेवा सबै ठाउँमा पुग्ने बताउनुभयो ।

"सीटी स्क्यान स्वास्थ्य सेवा उपचारको अर्को भरपर्दो उपचार विधि हो; चीनको शाननान नगरमा समाजवादी सिद्धान्तको मान्यताअनुसार स्वास्थ्य सेवा उपचार भइरहेको छ," उहाँले भन्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा दिन सक्नुमा ख्वप अस्पताल, जनप्रतिनिधि, नगरवासी तथा अग्रज सबैको महत्त्वपूर्ण देन भएको बताउनुभयो ।

असल नियत राखी असल काम गरे जनताको विश्वास जित्न सजिलो हुने विचार व्यक्त गर्दै उहाँले सीटी स्क्यान नभएर अन्यत्र पठाइरहेकोमा अब पठाउन नपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले स्थानीय तहमा सबै प्रावधान पूरा गर्न अनेक कठिनाइ हुने चर्चा गर्दै हिजोआज ८० प्रतिशत स्वास्थ्य उपचार सेवा मेसिनबाट हुने बताउनुभयो ।

सरकारी अस्पतालमा सामान किन उपयोगमा नल्याई थन्क्याउने स्थिति भएकोमा चिन्ता व्यक्त गर्दै उहाँले गुणस्तरीय स्वास्थ्य सेवा दिन समय सापेक्षअनुसार सुधार हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ सेवा विस्तार गर्ने उद्देश्यअनुरूप सीटी स्क्यान मेसिनको व्यवस्था भएको उल्लेख गर्दै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ख्वप अस्पतालमा सबैका साथ र सहयोग निरन्तर आवश्यक छ भन्नुभयो ।



**देश...**

उहाँले विज्ञहरूको अध्ययन, अनुसन्धान र छलफलले, विपद्पछिको पुनःनिर्माणबारे देश-विदेशको अनुभव र अनुसन्धानले आगामी निर्माणमा दीगो हुने र यसले अपार जनधनको क्षति र जनतामा फैलिने आतङ्क र पीडालाई कम गर्दै लाने दृष्टिकोणले मानवीय भावनामा टेवा पुग्ने बताउनुभयो ।

हरेक देशको प्राचीन स्मारक र भवनहरूको निर्माण प्रविधिको अध्ययनबाट नयाँ युगको सेवा गर्ने कार्य सान्दर्भिक हुने बताउँदै अध्यक्ष बिजुक्छेँले प्राचीनता र नवीनता स्वयं नवःनिर्माणको रूपमा स्थापित हुने सम्भावना भएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले नेपालको हकमा मौलिक प्रविधिको गम्भीर अध्ययन आवश्यक भएको स्पष्ट पार्दै त्यसको दस्तावेजीकरण ढीलो गर्न नहुने र यसको निम्ति तीनै तहका सरकार र विश्वविद्यालयहरू मिलेर निरन्तर लाग्ने कार्यमा तदारुकता आवश्यक भएको बताउनुभयो ।

भूकम्प हाम्रो हातमा नहुने भएकोले भूकम्पपछि विपद्मा परेका पीडितहरूलाई तत्काल कसरी व्यवस्थापन गर्नेबारे अध्ययन र छलफल आवश्यक छ भन्दै उहाँले नयाँ नयाँ बस्ती निर्माण गर्दा खुला क्षेत्रको निर्माणबारे गम्भीर ध्यान पुऱ्याउन सकिएन भने भविष्यमा देशले ठुलो क्षति बेहोर्नु पर्नेछ भन्नुभयो ।

नेपालजस्तो भूकम्पकीय क्षेत्रमा भूकम्पबाट कम क्षति हुने उपायबारे छलफलको निचोड आएमा सम्मेलनको ठुलो उपलब्धि साबित हुने बताउँदै अध्यक्ष बिजुक्छेँले नयाँ नयाँ प्रविधि र निर्माणले नयाँ नयाँ राहत र कम क्षति हुने आशा गर्नसक्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भूकम्पीय दृष्टिले अत्यन्त जोखिममा रहेको नेपालमा भूकम्पपछिको पुनःनिर्माणका लागि नीति निर्माण गर्न यो सम्मेलनले महत्त्वपूर्ण योगदान गर्ने आशा व्यक्त गर्नुभयो ।

नेपालमा २०७२ सालको भूकम्पले विश्व सम्पदा क्षेत्रभित्र पर्ने भक्तपुर दरबार क्षेत्र र टौमढीमा अवस्थित ङातापोल्हँ मन्दिर, बत्सला मन्दिर, पशुपतिनाथको मन्दिर, सिलु महादेवको मन्दिरलगायत धेरै महत्त्वपूर्ण सम्पदाहरू भत्केको बताउँदै उहाँले भक्तपुर नपाले आफ्नै स्रोत, साधन र जनशक्ति प्रयोग गरी सम्पदा पुनःनिर्माणको कामलाई अगाडि बढाउने निधो गरी पुनःनिर्माणको काम अगाडि बढाएको स्मरण गर्नुभयो ।

भूकम्पपश्चात् नेपाल सरकार र जर्मनी सरकारबिच भक्तपुरका सम्पदाहरू पुनःनिर्माणको लागि १ करोड युरो (रु.१ अर्ब २० करोड) अनुदान सहयोग सम्झौता भएको तर भक्तपुरका अग्रज र जनप्रतिनिधिहरूबिच व्यापक छलफल गरी विदेशीहरूको सहयोगबिना नै भक्तपुरका सम्पदाहरू पुनःनिर्माणको नीति लिएको उहाँले स्पष्ट पार्नुभयो ।

भूकम्पबाट भएको धनजनको क्षति, चिन्ता र दुःखको त्यो अवधिलाई प्राचीन नगरको मौलिकता फर्काउने अवसरको रूपमा परिणत गरेको बताउँदै उहाँले सम्पदा संरक्षित सहरको पहिचानसहितको आजको भक्तपुर त्यसैको परिणाम हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाले मौलिकता जोगाइराख्न स्थानीय जनताको सहयोगमा २०७२ सालको भूकम्पबाट भत्किएका र अन्यसमेत गरी १७१ वटा सम्पदाको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको बताउँदै उहाँले निजी घरहरू पनि केही प्राविधिक समस्या भएकाबाहेक अधिकांश पुनःनिर्माण सम्पन्न भइसकेको जानकारी गराउनुभयो ।

वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईंले सम्मेलन पूर्ण सफलताको शुभकामना दिँदै सम्मेलन नेपालको सन्दर्भमा अति आवश्यक विषय भएको बताउनुभयो ।

उहाँले २०७२ सालको भूकम्पले धेरै धनजनको क्षति हुनुका साथै नेपाललाई आर्थिक रूपले पछाडि धकेलेको बताउँदै उहाँले यस किसिमको सम्मेलन आयोजनाले भविष्यमा हुने विपद् न्यूनीकरणमा टेवा पुऱ्याउने बताउनुभयो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूले नयाँ नयाँ विषयमा अध्ययन अनुसन्धानमा जोड दिँदै आएको उल्लेख गर्दै सय वर्षपछिको भक्तपुर आजको भक्तपुर निर्माणको मार्गदर्शन बनेको बताउनुभयो ।

उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ सङ्कायका डीन प्रा.डा. सुशीलबहादुर बज्राचार्यले सम्मेलनका विषयहरू भक्तपुरको लागि मात्र नभई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमै महत्त्वपूर्ण विषय भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इ. कलेजका प्राचार्य इ. सुजन माकले सम्मेलनको महत्त्व र आवश्यकताबारे प्रस्ट पार्नुभयो ।

इ. प्रमिला शिल्पकारले सम्मेलनको औचित्यबारे प्रकाश पार्नुभयो ।

**कमैया...**

हुनु पनि एक हो । यसबारे त्रिवि मानवशास्त्र केन्द्रीय विभागका प्रा.डा. सुरेश ढकाल लेख्छन्, "भक्तपुरमा नेमकिपाका कार्यकर्ताहरूले नापी आएको बेलामा त्यही बसेर मोहीको नाम लेखाए । मोहीको घरघरमा गएर सचेत पारे । भूमिमा मोहीको हक स्थापित गराए ।"

बाहिर हेर्दा कमैयाहरूलाई मुक्त घोषणा गरेको देखिए पनि त्यो कमैयाहरूलाई मोहियानी हक दिनबाट बञ्चित गरिएको षड्यन्त्र थियो । न कमैयाहरूले जग्गा पाए न रोजगारी । उनीहरू अहिलेसम्म बिचल्ली अवस्थामा छन् । पश्चिमका जिल्लाहरूमा मुक्त घोषणा गरिएका कमैयाहरू ३२ हजारभन्दा बढी रहेको तथ्याङ्क छ । सरकारले कमैयाहरूको लागि परिचयपत्र वितरण गरिए पनि हजारौँ मानिसहरू त्यसबाट वञ्चित रहेको उनीहरूको दाबी छ । कतिले सरकारले निर्धारण गरेबमोजिम जग्गा पाए पनि त्यो उपभोग गर्न योग्य नभएको खोला किनारा, जङ्गल, बगर रहेको भनी गुनासा गर्दै छन् ।

माघी थारुहरूको ठुलो पर्व हो । मुक्त कमैयाहरू स्वतन्त्र भएकोमा हरेक वर्षजस्तै यो वर्ष पनि माघ १ गते खुसियाली मनाए । उनीहरू राज्यले शिक्षा र रोजगारीमा ध्यान नदिएकोमा उतिकै दुःख व्यक्त गर्दै छन् । वास्तवमा कमैयाहरूलाई राज्यले मुक्त घोषणा गरेपछि उच्च शिक्षासम्म निःशुल्क अध्ययनको व्यवस्था, आवासको बन्दोबस्त र रोजगारीको सुनिश्चितता गर्नुपर्ने थियो । मुक्त घोषणाको अढाइ दशकसम्म पनि ती व्यवस्था नहुँदा कमैया मुक्ति कागजमै सीमित भएको अनुभव गरिँदै छ । वास्तवमा यो पुँजीवादी व्यवस्थामा कामदारवर्गको हित सम्भव छैन । गरिबहरूलाई विभिन्न रूपका शोषणका सिक्रीले बाँधिरहेका हुन्छन् । उनीहरू पूर्ण स्वतन्त्र भए मालिकको विरुद्ध सङ्घर्षमा उत्रिन्छन् भनेर मालिकवर्ग सधैँ सचेत हुन्छ । त्यसैले पुँजीवादी व्यवस्था रहेसम्म मजदुर र किसानहरूलाई राजनैतिक रूपमा सचेत पार्ने, शिक्षित बनाउने र एकताबद्ध हुने अवसर प्राप्त हुनेछैन ।

नेपालमा 'कम्युनिस्ट' दाबी गर्ने एमाले र माओवादीको नेतृत्वमा पटक-पटक सरकार गठन भयो । त्यतिबेला पनि कमैयाहरूको लागि उचित व्यवस्था गरिएन । हिजो जमिनदारका घरमा देखिने कमैयाहरू आज देशका विभिन्न ठाउँहरूमा इँटाभट्टा, कारखानालगायत अनेकौँ जोखिमपूर्ण काममा भेट्ने गरिन्छ । ती मुक्त कमैयाहरूको लागि हिजोका निरङ्कुश राजतन्त्र, संवैधानिक राजतन्त्र र गणतन्त्रमा के फरक भयो ? रूप जे जस्तो भए पनि सार त एउटै हो, गरिबहरूको असुरक्षित र कष्टपूर्ण जीवन ।

त्यसो त २०७० सालमा आएर सरकारले कमलरी प्रथाको पनि अन्त्य घोषणा गऱ्यो । केटीहरूलाई सानै उमेरदेखि धनीमानीहरूको घरमा काम गर्न राखिने कमलरी प्रथालाई दास प्रथाकै अवशेषको रूपमा लिन सकिन्छ । सरकारले मुक्त घोषणा गरे पनि गरिब परिवारका सन्तानहरू बाध्य भएर विभिन्न कठिन र अनैतिक कार्यहरूमा समेत लगाइने गरेको पाइन्छ । कैयौँ केटीहरूलाई दलालहरूले आफ्नो पन्जामा फसाएर बिक्री गर्ने, यौनजन्य क्रियाकलापमा लगाउने र कतिको हत्यासमेत गर्ने गरेको समाचारहरू बेलाबखत आउने गरेका छन् ।

नेपालको संविधानले शिक्षा, स्वास्थ्य उपचार र रोजगारीको सुनिश्चितता सबै नागरिकका लागि गरेको छ तर अहिलेसम्म सरकार स्वयम्ले मुक्त घोषणा गरिएका कमैया र कमलरीहरूले समेत त्यो हक उपभोग गर्न पाएका छैनन् । अहिले स्थानीय र प्रदेश सरकारहरू छन् । सङ्घ सरकारले कानुन बनाएर सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारहरूलाई सहयोगको लागि बाध्य पारेको खण्डमा केही सहज हुनसक्छ ।

पश्चिमका जिल्लाहरूमा मात्रै १२ हजारभन्दा बढी कमलरीहरू रहेको बताइन्छ । के ती सबैको उचित व्यवस्था गर्ने जिम्मेवारी सरकारको होइन ? नत्र कमलरी मुक्तिको अर्थ के हो ? बाहिर देखाउनको लागि घोषणा गरिने होइन, कमैया र कमलरीहरूको जीवनमा आमूल परिवर्तनको लागि हुनुपर्छ । उनीहरूलाई उचित शिक्षा दिएर राजनीति, प्रशासनिक हरेक क्षेत्रमा योग्य बनाउने जिम्मेवारी राज्यको हो । सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व प्रणाली त्यसैको लागि आवश्यक थियो ।

२०५७ सालदेखि हालसम्म धेरैपटक स्थानीय र केन्द्रका निर्वाचनहरू भए । २०७२ सालको संविधान घोषणापछि सङ्घ, प्रदेश र स्थानीय तहहरूको दुई दुई पटक निर्वाचन पनि सम्पन्न भइसकेका छन् । अब फेरि फागुन २१ गते सङ्घको निर्वाचन हुँदै छ । यो अवधिमा मुक्त घोषित कमैया र कमलरीहरू कतिजना सङ्घ, प्रदेश र स्थानीय तहमा मनोनीत वा निर्वाचित भए ? कति जनाले प्रशासनिक क्षेत्रमा अवसर पाए ? त्यस्ता कमजोर जाति वा क्षेत्रका मानिसहरू जो निर्वाचन लड्न सक्दैनन् । तिनीहरूकै लागि भनेर निर्वाचन प्रणालीमै समानुपातिकको व्यवस्था गरिएको हो ।

अहिलेसम्म समानुपातिक निर्वाचन प्रणालीमा नेताकी श्रीमती, बुहारी, भतिजी वा नातागोता आफन्तहरू मात्रै राख्दै आएका छन् । त्यसको जनस्तरबाटै चर्को आलोचना भएपछि नेकालगायत केही पार्टीहरूले पहिले समानुपातिकबाट निर्वाचित सांसदहरूलाई यो पटक नदोहोऱ्याउने नीति लिए । त्यसपछि केही सांसद भइसकेका जिम्मेवार पार्टी नेताहरू नै पार्टी छाडेर अर्को पार्टीमा गएको पनि देखिएको छ ।

मुख्य कुरा कसलाई सांसद, मन्त्री बनाउने भन्दा पनि हरेक व्यक्तिलाई योग्य बनाउने कोसिस गर्नुपर्छ । कमैया, कमलरी बसेकाहरूलाई पनि शासन सत्तामा बसेका एमाले, नेका र माओवादीलगायतका पार्टीहरूले पहिले योग्य बनाउने र त्यसपछि पार्टीको जिम्मेवारीका साथै राज्यका विभिन्न पदहरूमा पुऱ्याउने गरेमा मुक्त कमैया र कमलरीहरूले साँच्चैको मुक्तिको स्वास फेर्न पाउनेछन् र परिवर्तनको अनुभूति गर्न सक्नेछन् । के शासक दलहरू त्यसो गर्न तयार होलान् ?

भ.जि.का.द.नं. १–०५०/५१
भ.पु.जि.हु.का.द.नं.१–७४/७५



# कुनै पनि नेपाली विदेशीको इसारामा चल्न नहुने

भक्तपुर। नेपाल मजदुर किसान पार्टी भनपा ७, इनाचो - चोर्चा समिति भक्तपुरको आयोजनामा ठुली बह्मायणी मन्दिर परिसरमा शनिबार एक प्रशिक्षणात्मक कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "नेमकिपाको स्थापना देश र जनताको निःस्वार्थ सेवा गर्न भएको हो।"

उहाँले भक्तपुर किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षाको आन्दोलन, विस्तारवाद र साम्राज्यवादविरोधी आन्दोलनको थलो हो भन्नुभयो।

उहाँले यो यथार्थ पुरानो पुस्ताले नयाँ पुस्तालाई बताउन जरुरी छ भन्नुभयो।नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सांसद सृजना सैंजुले देशमा विदेशी चलखेल बढेको हुँदा नेपाली जनता जहिल्यै चनाखो भएर बस्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

ठुला दलका नेताहरूमा राजनीतिक अनुशासन नभएको हुँदा देशको राजनीतिक स्थिति भद्रगोल भएको उल्लेख गर्दै उहाँले सिंहदरबार, अदालत जल्नु भनेको इतिहास जल्नुसरि हो भन्नुभयो।

देशमा भएको विगतको किसान आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलनको इतिहास र हालको राजनीतिक परिस्थितिबारे नयाँ पुस्तालाई जानकारी दिनुपर्ने आवश्यकताबारे प्रकाश पार्दै उहाँले कुनै पनि नेपाली विदेशीको इसारामा चल्न नहुने बताउनुभयो।

समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको सभापतित्वमा भएको सो कार्यक्रममा विष्णुराम दुमरु र चन्द्रप्रसाद दुमरुले पनि बोल्नुभएको थियो।

**भेनेजुयलामाथिको...**

प्रकाश पार्दै सचिव सुवालले आचारसंहिता उल्लङ्घन गर्नेमाथि कडा कारबाही हुनुपर्ने विचार राख्नुभयो।

सचिव सुवालले नेपालका शासक दलहरूको नाममात्र फरक भएको तर बोली र व्यवहार उही हुँदै आएको प्रस्ट पार्दै एमसीसीजस्तो देशघाती सम्झौतामा सहमति गर्नेहरू सबै उदाङ्गिसकेको बताउनुभयो।

उहाँले अगाडि भन्नुभयो, "हाम्रा महिला तथा युवाहरूलाई राजनीतिक चेतना दिई निःस्वार्थपूर्वक जनताको सेवा गर्ने भावना दिनु पार्टी कार्यकर्ताहरूको जिम्मेवारी हो।"

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले अग्रज पुस्ता र नयाँ पुस्ताबिच छलफल तथा अन्तरक्रिया आवश्यक भएको धारणा राख्नुभयो।

अग्रज पुस्ताको योगदान, सङ्घर्ष, अनुभव र नयाँ पुस्ताको जाँगर, प्रविधि र विषयवस्तुको जानकारी एक-आपसमा बाँड्नुपर्ने विचार व्यक्त गर्दै उहाँले राजनीतिक सिद्धान्त नभएका युवा कम्पासबिनाका यात्री बन्ने बताउनुभयो।

उहाँले ६६ वर्षदेखि क्युवाली जनताले बहादुरीपूर्वक अमेरिकी साम्राज्यवादको नाकाबन्दी एवम् हमलाविरूद्ध नझुकी लडिरहेको उदाहरण दिँदै अमेरिकी साम्राज्यवादले धेरै ठाउँमा हार व्यहोरिसकेको छ भन्नुभयो।

उहाँले भन्नुभयो, "क्युवाविरूद्ध अमेरिकी नाकाबन्दीको अन्त्य जनताको साझा आवाज हो।"

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य सृजना सैंजुले भेनेजुयलामाथि अमेरिकी हमला विश्वमा आफ्नो एकल प्रभुत्व कायम गर्ने र विश्व बजार तथा प्राकृतिक सम्पदामाथि हालिमुहाली चलाइराख्ने अमेरिकी योजनाबमोजिम भएको प्रस्ट छ भन्नुभयो।

उहाँले संसारका युद्धविरोधी जनताले झैँ नेमकिपाले पनि सात दशकदेखि साम्राज्यवादविरोधी सङ्घर्ष निरन्तर चालू राखेको बताउनुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजूले पार्टी साहित्यको प्रचार-प्रसार तथा अध्ययन-अन्तरक्रियामा जोड दिनुपर्ने धारणा राख्नुभयो।

सोही भेलाले जिल्ला निर्वाचन परिचालन समिति, प्रचार-प्रसार उपसमिति गठन गर्‍यो। नेमकिपाको ५२ औं स्थापना दिवस भेला, साहित्य गोष्ठी, सांस्कृतिक कार्यक्रम, अध्ययन गोष्ठीहरू टोल-टोल र वडा-वडामा गरी मनाउने निर्णय गर्‍यो।

**सरकारी...**

गरेर, विदेशी सामान आयात गरेर देशको अर्थतन्त्र सुदृढ हुनेछैन।"

देश र जनताको निःस्वार्थ सेवा गर्नु नै पार्टीको मूल उद्देश्य रहेको उल्लेख गर्दै उहाँले जनताको सैद्धान्तिक, वैचारिक र सांस्कृतिक स्तर उठाई शिक्षित बनाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले मोहियानी हक आन्दोलन, भरपाई आन्दोलन; साँढे धपाउने आन्दोलनको स्मरण गराउनुभयो।

बेलायतको पुँजीवादी क्रान्ति, फ्रान्सेली क्रान्ति र अमेरिकी स्वतन्त्रता आन्दोलनबारे चर्चा गर्दै उहाँले देश र जनताको सेवा गर्ने भावना राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो।

साम्राज्यवादी देश संयुक्त राज्य अमेरिकाले ग्रिनल्यान्ड, इरान, कोलम्बिया, मेक्सिको, क्युवाजस्ता देशमा आक्रमण गर्ने धम्की र अमेरिकी नीति र कानुन पालना हुने एमसीसीको पनि नेमकिपाले विरोध गर्दै आएको उल्लेख गर्नुभयो।

विद्यार्थीले अध्ययन र अनुसन्धान गर्ने विश्वविद्यालयमा तालाबन्दी भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले शासकहरूले समयमै जनताको समस्या सम्बोधन नगरेको हुँदा जेन-जी आन्दोलन भएको बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले आफ्नो पेसा र व्यवसाय गर्नुको साथै समाज र देशको सेवा गर्नेतर्फ चासो राख्नुपर्ने बताउनुभयो।

पुरानो सीप र कलालाई निरन्तरता दिई प्रविधिको क्षेत्रमा पनि अघि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सरकार र दलालहरूको गलत नीति र कार्यले गर्दा सरकार भारतसामु झुक्नु परेको बताउनुभयो।

देशको राम्रो काठ सस्तोमा विदेशमा बेचेर महँगो विदेशी काठ निर्यात गर्न नहुनेमा जोड दिँदै उहाँले निजीकरण र उदारीकरणको नाउँमा नेपालमा विदेशी चलखेल बढेकोमा चिन्ता व्यक्त गर्नुभयो।

भारतीय एकाधिकार पुँजीविरुद्ध सङ्घर्ष जारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशको काठ सस्तोमा उपलब्ध भए नेपाल हस्तकला या काठसम्बन्धी काममा आत्मनिर्भर हुने बताउनुभयो।

विदेशी हस्तक्षेपले नेपालको स्वतन्त्रतामा बाधा पुगेको उल्लेख गर्दै उहाँले आर्थिक अपराधी र सहकारी ठगहरू राजनीतिको खोल ओढेर सरकार चलाउन लागिरहेकोतर्फ जनता सचेत हुनुपर्छ भन्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष उपेन्द्र सुवालले विदेशी सामान भित्रिएको कारण स्वदेशी सामान बिक्रीमा समस्या भएको उल्लेख गर्दै पेसागत सङ्गठनभित्र पसेर हक हितको निम्ति सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कर लिएपछि कर तिरेको आधारमा सरकारले सेवा सुविधा दिनुपर्ने उल्लेख गर्दै उहाँले स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

सही सिद्धान्त र दर्शनको आधारमा राजनीति गर्ने दलमा आबद्ध हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कामदार जनता सचेत र सङ्गठित नभइकन परिवर्तन सम्भव छैन भन्नुभयो।

नेपाल डकर्मी सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले सिकर्मी सङ्घले विगतमा गरेको योगदान भुल्न नहुने उल्लेख गर्दै आयातीत सामानले हाम्रो उत्पादित सामान विस्थापित भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

उहाँले पेसासँगै सङ्गठनमा पनि लाग्नुपर्ने र सङ्गठनमा नलागेका सन्तानहरू कुलतमा लागेको बताउनुभयो।

उद्योग तथा वाणिज्य सङ्घ भक्तपुरका अध्यक्ष रामप्रसाद कुस्माले सांस्कृतिक सहर भक्तपुरलाई विश्वमा चिनाउने काममा सिकर्मीहरूको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्दै पुरानो शैलीका सामान उत्पादन सँगै नयाँ प्रविधिको उपयोग गरेर प्रतिस्पर्धामा जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ भक्तपुरका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले अदक्षलाई दक्ष बनाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उत्पादन प्रवर्द्धन गर्नेतर्फ गो लोकल अभियान सञ्चालन गरेको बताउनुभयो।

भक्तपुर फर्निचर तथा फिनिसिङ सङ्घ भक्तपुरका अध्यक्ष राकेश श्रेष्ठले सिकर्मीहरूको समस्या समाधान गर्न सङ्घलाई बलियो बनाउनुपर्ने र सङ्घमा कोष बढाएर आइपर्ने सङ्कट समाधान गर्न समर्थ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

भक्तपुर सिकर्मी सङ्घका सल्लाहकार विष्णुभक्त कुसीले प्रगतिशील कर लगाउनुपर्ने आवश्यकता औँल्याउँदै करको दायरा बढाउने तर कर तिरेबापत कुनै सेवा सुविधा नदिने सरकारको कार्यशैली ठीक नभएको बताउनुभयो।

आ-आफ्नो पेसागत समस्या समाधान गर्न एकताबिना सम्भव नहुने उल्लेख गर्दै उहाँले पेसाको हकहितसँगै देश र जनताको निःस्वार्थ सेवा गर्नुपर्छ भन्ने भावना पनि हुनुपर्छ भन्नुभयो।

सिकर्मी सङ्घका अध्यक्ष एवं कार्यक्रमका सभापति विक्रम ढुकुछुले फर्निचर र उद्योगको वर्गीकरण नगरी भ्याट र कर लगाउँदा फर्निचर सञ्चालनमा समस्या भएको उल्लेख गर्दै कर तिर्ने वातावरणमा सहज बनाउनुपर्छ भन्नुभयो।

उत्पादित सामानको सही बजार नहुँदा काम गर्न सहज वातावरण नभएकोमा चिन्ता व्यक्त गर्दै उहाँले अस्वस्थ प्रतिस्पर्धाभन्दा गुणस्तरीय सामान उत्पादनमा लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सङ्घका सचिव पुण्यराम न्हुछेले सङ्घको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कोषाध्यक्ष सुनिल राजचलले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवालले स्वागत मन्तव्य राख्दै समस्याको जड खोजेर समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पार्टीको सिद्धान्त र नीति पालना गर्नु जरुरी

भक्तपुर, ५ माघ। नेमकिपा भ.न.पा.४ बोलाछेँ एकाइ समितिको आयोजनामा सोमबार स्थानीय कार्यकर्ताहरूबिच समसामयिक विषयबारे छलफल तथा भेला सम्पन्न भयो।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नबिराउनु नडराउनु भनेझैँ पार्टीले लिएको सिद्धान्त र नीतिको पालनाले मात्रै देशमा आमूल परिवर्तन सम्भव हुने बताउँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यअनुरूप पार्टीले शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्दै आएको बताउनुभयो। चुनावको उपयोग गर्दै व्यापक जनतालाई सचेत गर्ने कर्तव्य पूरा गर्नु समयको आवश्यकता भएको उल्लेख गर्दै उहाँले देश र जनताको पक्षमा निःस्वार्थ राजनीति गर्दै आएको नेमकिपाको भविष्य उज्ज्वल भएको बताउनुभयो।

सभापतिको आसनबाट नेमकिपा बोलाछेँ एकाइ समितिका अध्यक्ष एच.एस.सुवालले आसन्न निर्वाचनमा जनताका सच्चा उम्मेदवारलाई जिताउनका लागि प्रचार प्रसारमा ध्यान दिनुपर्ने र राजनीतिक दल सङ्ख्याले नभई विचारले निर्देशित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। उक्त भेलामा सहसचिव पञ्चरत्न सैंजू, नेक्राशिसङ्घ बोलाछेँ एकाइ समिति अध्यक्ष सुभद्रा दुवाललगायतले शैक्षिक, सामाजिक विकासमा पार्टीको योगदानबारे बोल्नुभयो।

**एकक्षण** — प्रधान

# केही अनुत्तरित प्रश्नहरू

वर्गीयरूपले कर्मचारीहरू पनि दुई वर्गमा विभाजित छन्। करोडौँ-अर्बौं रूपैयाँ राजस्व उठाउने ठाउँका कार्यालयका हाकिमहरू शोषकवर्गमा पर्छन् भने काठमाडौँमै बसे पनि तल्लो स्तरका कर्मचारीहरू प्राथमिक विद्यालयका शिक्षकहरूजस्तै कामदार वर्गमा पर्छन्। सिंहदरबार र त्यसै स्तरका कार्यालयका आधाभन्दा बढी कर्मचारीहरू आफूलाई शासक ठान्छन्। परिवार, भाषा र जातले पनि कताकता वर्ग निर्धारण गर्छ। कतै कतै आफू गरिब, किसान र ज्यामी वा तल्लो कर्मचारी भए पनि जात, धर्म, भाषा र नातागोताको सम्बन्धले आफूलाई पुँजीवादी ठान्छन्। समाजवाद र पुँजीवादबारे राम्रो जानकारी पाएका वैज्ञानिक, बुद्धिजीवी र डाक्टरहरू व्यक्तिगत हितभन्दा सारा जनताको हितलाई सम्झेर तुलनात्मकरूपले समाजवादलाई राम्रो मान्छन्। लेखक, कवि, कलाकार, वकिल, प्राध्यापक र इन्जिनियरहरू आ-आफ्नो बौद्धिकस्तरअनुसार पक्ष र विपक्षमा हात उठाउँछन्। कतैकतै अस्पतालमा हुने आम्दानीको ६० प्रतिशत भाग डाक्टरहरू माग्छन् भने ४० प्रतिशत भाग नर्स, स्वास्थ्यकर्मी, कर्मचारी र अस्पतालको खर्च चलाउनुपर्ने अडान लिन्छन्। भक्तपुर क्यान्सर अस्पतालजस्तो सार्वजनिक अस्पताललाई निजीकरण गर्न खोजिएको थियो जसलाई सरकारले आफ्नो मातहतमा लिइसके पछि पनि निजीजस्तै आम्दानीको ६० र ४० प्रतिशत गरी भागबन्डा गर्न खोज्दा रोगी र जनता आश्चर्यमा परे। यसबारे जाँचबुझबाट पत्ता लाग्यो, स्वास्थ्यमन्त्री काङ्ग्रेस र केही डाक्टरहरू पनि काङ्ग्रेसका कार्यकर्ता/समर्थक थिए। सुन्नमा आएअनुसार इन्जिनियरिङ समाजको निर्वाचनको बेला देशलाई गरिबीमा धकेल्न खोज्ने निर्माण ठेकेदारहरूको काङ्ग्रेसी इन्जिनियरहरूको वर्ग चरित्र जनताको अगाडि प्रस्ट हुँदै गयो। तर, 'नयाँ पुस्ता' का इन्जिनियरहरूले पुराना पुस्तासँग सहमति नराखेको जानकारी पनि आएको छ। काठमाडौँ र जिल्ला जिल्लाका सदरमुकामका कार्यालयका कर्मचारीहरू भदौ २३-२४ को उपद्रवमा मूकदर्शक देखिए। तब जनताले बुझे, कर्मचारी न जनताका पक्षमा देखिए न सरकार र देशको पक्षमा नै। उक्त घटनामा उपद्रवीहरूले सरकारी कार्यालयमा आगो लगाउन खोज्दा केही कर्मचारीहरूले 'ए भाइ यो जनताको सम्पत्ति हो, देशकै सम्पत्ति हो, त्यसो नगर्नुस्' भन्दा ती कार्यालयहरू जोगिए।

देश साँचो अर्थमा परनिर्भर छ। देश आर्थिक शङ्कटमा छ। सरकारले कर्मचारीहरू विदेश भ्रमणमा नजान नीति पारित गर्‍यो। तर, उपसचिव स्तरका कर्मचारीले पनि कसैसँग नसोधी विदेश भ्रमण गरी भ्रमण भत्ताको नाममा लाखौँ-करोडौँ डलर स्वाहा पार्दै आए। तिनीहरू साँच्चै इमानदार कर्मचारी भएका भए देश र जनताको अहित हुने काममा विदेश जाने थिएन। सरकारको नीति र आदेश नमानेको हो भने तिनीहरूलाई कारबाही किन गरिएन ? त्यस्तै आफ्ना कार्यालयमा आगो लगाउन खोज्दा सहयोग गर्ने, तमासे भएर हेरिरहने कर्मचारी कसरी देशभक्त र सरकारप्रति बफादार हुन्छ ?

मन्त्री र शासक दलका नेताहरूले भ्रष्टाचार गरेका छन्। तिनीहरूको विरोधमा सङ्घर्ष गर्ने हो भने कार्यालय जलाउनेहरूको भन्दा मन्त्रीलाई कालोमोसो दल्नेहरूको तर्क बलियो हुनेछ। हो, कानुन हातमा लिन पाइँदैन भन्ला, आगो लगाउनेहंरूलाई अपराधी भन्लान्। त्यस्तै भन्ने हो भने सरकारको नीति र आदेशविपरीत विदेशमा गई अर्बौं डलर खर्च गरेर आउने कर्मचारीलाई जनताले के गर्ने ? त्यस्ता कर्मचारीलाई सरकारले कारबाही नगरे जनताले कारबाही गर्ने कि नगर्ने ? यस्ता विषयमा युवा-विद्यार्थी वा 'नयाँ पुस्ता'ले बजार र गाउँमा कोणसभा गरेर जनताको चासो र राजनीतिक चेतना बढाउने काम किन गरेनन् भनी चर्चा पनि भएको यत्रतत्र सुनिन्छ।

नयाँ निर्वाचनबाट देश र जनताको हित हुनेमा बुद्धिजीवीहरू आशावादी देखिन्नन्। किन ? संसदीय निर्वाचनको प्रक्रिया सुरू भइसकेको छ तर राजनीतिक दलहरूको प्रतिबद्धताको रूपमा निर्वाचन घोषणापत्रहरू आइसकेका छैनन्। यसको उल्टो केही अदालत पुग्दै छन् र कोही आन्तरिक मेलमिलापमा लाग्दै छन्। फेरि पनि पार्टी नेता वा 'सभापति र महासचिव' को बढी चर्चा छ। 'कुन पार्टी सरकारमा गए देशलाई आत्मनिर्भरतामा लानेछ वा कुन पार्टी आएमा युवाहरूको पलायन र देशको बरबादी रोक्नेछ' भन्नेबारे कुनै चर्चा भएन भन्ने गुनासो सर्वत्र छ। तर, एउटा गम्भीर प्रश्नको उत्तर वर्तमान सरकारले पनि दिइरहेको छैन - त्यो हो - विदेश जाने व्यक्तिहरूको आवतजावतको लागि बोलाउने कम्पनीले टिकट दिन्छ। यद्यपि, घर-खेत बेच्न लगाएर लाखौँ-लाख ऋण लिन लगाई गरिब जनतालाई ठग्ने म्यानपावर कम्पनीहरूलाई कहिले र कसको सरकारले कारबाही गर्ने हो ?

**शिक्षालाई...**

विदेशी सम्बन्धन प्राप्त निजी कलेजहरू तत्काल बन्द गर्नुपर्ने उल्लेख गर्दै केन्द्रीय सदस्य गोसाईले डोनर नियन्त्रित अनुसन्धान तथा शैक्षिक गतिविधि बन्द नगरेर शासकीय प्रणालीमा सुधार नहुने स्पष्ट पार्नुभयो।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा भएको कार्यक्रममा डा. दीपककुमार खड्काले विषय प्रवेश गर्नुभएको थियो। संवादमा विश्वविद्यालय अनुदान आयोग, विभिन्न विश्वविद्यालयका पूर्व तथा वर्तमान पदाधिकारी, पार्टी प्रतिनिधिहरूको सहभागिता थियो।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३